# ७

## पवित्र आत्माको फल
# अशल स्वभावलाई अंगालेर अरुको हित चाहनु हो

<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u> भजन ५१:१०,११, युहन्ना १४:९, रोमी ३:१२-२०, रोमी ७:७-१२, तितस २:१४, हिब्रू १:२,३।

<u>स्मरण गर्नुपर्ने पद</u>: "परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो। येशूमा रहनको निम्ति उहाँले हामीलाई सृष्टि गर्नुभएको थियो। उहाँमा रहेकोले अब हामी असल कामहरू गर्नसक्दछौं। धेरै समय अघि परमेश्वरले यहि हितकारी तथा कल्याणकारी काम हाम्रो निम्ति तयार पार्नुभएको थियो। " एफिसी २:१०।

बाइबलमा असल हुनुभनेको अर्थ उचित आचरण ग्रहण गर्नु हो भनेर देखाइएको छ। यसको अर्थ खराब वा दुष्टबाट पन्छिएर बस्नु हो। सबैको हित खोज्नु, सबैको भलाइको निम्ति तत्पर रहनु भनेको पवित्रतालाई क्रियाशील बनाउनु हो। हामीले गर्ने नै अरूको हित गर्नु हो। सबैको कल्याण गर्नु नै हाम्रो धर्म हो। यदि हामीले जे गर्दा अरूप्रति अहित हुन्छ भने त्यो असल कहिलै पनि हुनसक्दैनन्।

गलाती ५:२२मा उल्लेखित "भलाइ" भन्ने शव्द ग्रीक वा युनानी शव्द *agathosune*बाट आएको हो। यसको अर्थ नै सक्रिय भलोपन हो। असल चरित्र हुनुमात्र होइन। यो गुणले सम्पन्न भएको व्यक्तिले अरूको निम्ति सक्रिय भलो खोजेर आफ्नो स्वभाव वा चरित्र देखाउँछ।

"उसको हृदय एकदम असल छ वा दिलदार मानिस हो" वा ऊ "असल आत्मा भएको परोपकारी मानिस हो" भनेर कत्तिले टिप्पणी गरेको हामी सुन्छौं। बाइबलको सन्दर्भमा असल हुनु भनेको के हो भनेर वाख्या गर्न सजिलो नहोला। हामी बसैजना पापी छौं (यर्मिया १७:९)। यथार्थ जीवन के हो भनेर पनि वाख्या गर्न हामीलाई मुश्किल छ। त्यसकारण असल हृदय भएको मानिस वा असल आत्माले

अभिप्रेरित भएको व्यक्ति भनेर कसैलाई औंल्याउँछ भने त्यसको अर्थहिन पनि हुनसक्दछ। तर असल कामद्वारा कसैले देखाउँछ वा अरूको हित खोज्छ भने त्यो मानिस असल हृदय भएको मानिस भनेर हामी चिन्छौं। असल बिचारहरू, सहि तर्कहरू गर्नु ठिक्कै नभएको त होइन। तर अरूको भलाइ खोज्नु भनेको केवल कतै गुफामा बसेर हित चिताउनु होइन तर त्यसलाई कार्यान्वन गर्न सक्षम् हुनु हो। हितको काम केहि नगर्ने केवल अरूको हितको ध्यानमात्र गर्दा हामी आफूले आफैलाई धोका दिइरहेका हुन्छौं।

## १. परमेश्वर असल अर्थात् कृपालु हुनुहुन्छ (प्रस्थान ३३:१९)

बाइबलमा असल वा सक्रिय कृपाशीलको श्रोत नै परमेश्वरमात्र हुनुहुन्छ। असल हुनु भनेको के हो भनेर गहिरो अर्थ खोज्नुपरेमा परमेश्वरतिर नै औंल्याउनुको विकल्प छैन। असल, राम्रो वा कृपालु भन्ने शव्दलाई धेरै उदाहरणहरूद्वारा प्रस्तुत गरिएका छन्। असल र खराब मानिस हुन्छ भनेर औंल्याइएका छन् (मत्ती ५:४५)। येशूभक्तहरूले असल काम गर्न सम्भव हुन्छ (एफिसी २:१०)। परमेश्वरले सृष्टि गर्नु भएको सबै थोक एकदम असल थियो (उत्पत्ति १:३१)। तर यथार्थमा, परमेश्वरमात्र असल हुन् भनेर येशूले स्पष्ट पार्नुभएको छ (मर्कूस १०:१८)। परमेश्वरको असल वा भलोमात्र सिद्ध वा पूर्ण छ।

परमेश्वरको भलाई वा अरूप्रति उत्तम हितचिताउने चरित्र हाम्रो जीवनमा झल्काउन सक्छौं भनेर देहायका पदहरूले कसरी देखाउँदछन्?: प्रस्थान ३३:१९, गन्ती ६:२४-२७, भजन २५:८, भजन ८६:५, भजन १०७:२१, नेहूम १:७ र रोमी ८:२८।

आफू असल हुनुहुन्छ भनेर मात्र परमेश्वरले भन्नु हुन्न। तर उहाँ हामीप्रति कस्तो असल हुनुहुन्छ भनेर धेरै तरिकाहरूद्वारा देखाउनुभएको छ।

परमेश्वरको कत्ति असल र प्रेमिलो हुनुहुन्छ भन्ने कुरो उहाँको सृष्टिमा (प्रकृति) हामीले भेट्टाउन सक्छौं। संसार पापै पापले भरिएको छ। प्रकृतिलाई बिमार, रोगव्याधी र धेरै खराब कुराहरूले पेलेको पाउँछौं। यद्यपि, यस्तो अन्धकारमय संसारमा पनि परमेश्वरको भलाई वा असल सुर्यको किरण जस्तै झल्केको पाउँछौं।

मानिसहरूको एक आपसको सम्वन्धको बारेमा सोच्नुहोस्। यस संसारमा असल, प्रेमिलो, मायालु, हितकारी वा परोपकारी मानिसहरूको कम छैन। अरू मानिसहरूलाई असल भएर देखाउन नै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको थियो। उहाँकै छत्रछायाँमा हामी अनेक परोपकारी, असल र अचम्मको कामहरू गरेर देखाउन सक्छौं। परमेश्वर असल भएकै कारण हामी पनि असल हुनसक्छौं। हाम्रो खराबीबाट होइन तर असलबाट परमेश्वरको महिमा हुन्छ।

तर कतिपय असल कुराहरू जुन परमेश्वरले दिनुभयो, मानिसहरूले त्यसलाई दुरुपयोग गरेर विकराल रूप दिएको पनि हामी पाउँछौं। परमेश्वरले दिनुभएको धेरै बरदानहरूलाई सदुपयोग वा दुरुपयोग गर्नेमा सम्भोग पनि एक हुन्। दाम्पत्य जीवनमा सम्भोग आशिषमय हुन्छ जब यसले परमेश्वरलाई सम्मान गर्दछ।सम्भोगद्वारा स्त्री पुरुषको बिचमा हुने सुमधुर सम्वन्धले परमेश्वरको हित देखाउँछ। यसले परमेश्वरको प्रेम सारा मानव जातिलाई ( पुरुष स्त्री वा बालबालिकाहरू) देखाउँदछ।

सँसारप्रति परमेश्वर कत्तिको असल हुनुहुन्छ भनेर अतुलनीय उदाहरण निम्नपदहरूले कसरी देखाउँदछ? युहन्ना १४:९ र हिब्रू १:२,३।

परमेश्वर असल हुनुहुन्छ, तपाईंले कत्तिको बुझ्नुभएको छ? यसबारे तपाईंलाई भएको आत्मज्ञानको शूची बनाउनुहोस्। हुनसक्छ तपाईले आफ्नो जीवनमा धेरै दुःख कष्टहरू भोग्नुभयो होला। तर यस्तो अन्धकारमय समयमा पनि के तपाईंले परमेश्वरको दया अर्थात भलोलाई चिन्न सक्नुभएको छ? तपाईंकै जीवनबाट परमेश्वर असल

हुनुहुन्छ भनेर कसरी देखाउने? बिश्वासीहरू बिच यस बिषयमा छलफल गर्नुहोस्।

## २, सबैले पाप गरेका छन् (रोमी ३:१२-२०)

हाम्रा वरिपरि भएका संसारलाई हेर्दा पावलले सत्य रूपमा व्यक्त गरेका संसारको चित्रणप्रति हामी कत्तिको सहमत हुन्छौं? तपाईंकै जीवनमा पनि पापलाई कसरी देखाएको छ?

बाहिर हेर्दा असल देखेपनि भित्र बिकाराल चरित्र हुने मानिसहरूको कम छैन भन्ने तथ्यता दुःखपूर्ण छ। नकावधारी वा मुकुण्डो लगाएर असल देखाउने मानिसहरूका बिगबिगिले गर्दा यस संसार तहसनहस भइरहेको छ। यिनीहरूमा अत्यन्त प्रतिभाशाली मानिसहरू हुन सक्छ भने अत्यन्त सुन्दर र सकारात्मक व्यक्तित्वभएकाहरू पनि पर्दछन्। यत्तिमात्र होइन महान् शीप भएका, शिक्षा र बुद्धिले उनेका र साथै आत्मज्ञानमाले सम्पन्न भएका मानिसहरू पनि यस्ता नकावधारीमा पर्दछन्। यो किन भयो भने तिनीहरू सबै भित्रीरूपमा कुहियका छन्। असल भन्ने सव्द प्रेम जस्तै अत्यन्त साधारणरूपमा लिन सकिन्छ जसले गर्दा यसको असली अर्थ हामी गुमाउँछौं। जब हामीले परमेश्वरको असल गुणलाई सधैं मध्य नजर राखीराख्न सक्यौं भने मानिसको असल गुणलाई पनि हामी बुझ्न सहज हुनसक्छ।

कतिपय गैर-इसाईहरूले भन्दछन्, "तपाईंहरूले मानिस खराब छन् भनेर निकालेको निष्कर्षलाई हामीले बुझ्नैसक्दैनौं। " सबै पापी छन् भन्ने सत्यप्रति तिनीहरू छक्क पर्दछन्। अरूप्रति बिनाशर्त असल, दया, परोपकारी, हित, माया प्रेम, स्नेह, निश्वार्थता आदि देखाउने मानिसहरू छैन र? कतिपय यस्ता करुणाभएका मानिसहरूलाई के हामीले चिनेका छैनौं र? यस्तो परिवेशमा गैर-इसाईहरूको जिज्ञासालाई तपाईंले कसरी जवाफ दिने?

धेरै वर्ष पहिले रुसमा कम्युनिष्टहरूको शासनकालमा फियोदोर डोटोभस्की भन्ने एक जना नामी लेखकलाई साइबेरियाको झ्यालखानामा थुनेका थिए। त्यहाँ उनले आफ्नो अनुभवहरूलाई लिएर एक पुस्तक लेखेका थिए। ती झ्यालखानामा भएका कतिपय मानिसहरूले रुसमा भयङ्कर अपराधहरू गरेका थिए। यस्तो समयमा पनि ती मानिसहरूले समय समयमा कसरी अत्यन्त दयालु भएर देखाए र कसरी भद्र भए भनेर देखाए भनेर आफ्नो पुस्तकमा वर्णन गरेका थिए। यसको अर्थ एकदम खराब मानिसले पनि असल काम गर्न सक्छ भनेर देखाउँछन्। फेरि त्यसै समयमा एकदम असल मानिसहरू पनि अत्यन्त खराब काम गर्न सक्दछ।

तपाईंको बारेमा आफैले के भन्नुहुन्छ? के तपाईंले कुनै दयालु र मायालु काम गर्न सक्नुहुन्छ? के तपाईंले समय समयमा निष्ठुर र पापी काम गर्न सक्नुभएको छ? यस जिज्ञासाले तपाईंको बारेमा के भन्छ र तपाईं येशूको आवश्यकतालाई कसरी लिनुहुन्छ?

**३. परमेश्वरको व्यवस्था र हाम्रो भलाइ (रोमी ७:७-१२)**

परमेश्वरका दश आज्ञा वा व्यवस्थाको बारेमा पावलले रोमी ७:७-१२मा के औंल्याएरहेका छन्? परमेश्वरको व्यवस्था असल छ भनेर पावलले किन भनिहरुका छन्?

मुक्तिको योजनामा परमेश्वरको व्यवस्था वा दश आज्ञाको अपरिहार्यतालाई कत्तिको मानिसहरूले बुझ्न कठिन भएको हामी पाउँछौं। जब हामी बिरामी भएको बेलामा डाक्टरकहाँ जान्छौं, प्रथमतः उसले बिरामी भएको कारण पत्ता लगाउनुपर्दछ। अनि मात्र डाक्टरले उपचार गर्छ र औषधी दिन्छ। रोग पत्ता लगाउने प्रक्रिया र औषधी उपचारगर्ने प्रक्रियामा अन्यौलता भयो भने त्यहाँ समस्या खडा हुनसक्दछ। परमेश्वरको आज्ञा वा व्यवस्था दुवै हाम्रो आदर्श तथा मापदण्ड र हाम्रो रोग पत्ता लगाउनेको लागि प्रयोग हुन्छ। हामीलाई मुक्ति किन चाहियो भनेर उहाँका दस आज्ञाहरूले देखाउँछन्। परमेश्वरको यस विधि वा व्यवस्थाबिना पाप भनेको के हो भनेर थाहा

थिएन भनेर पावलले भन्दछ। हामी सबै पापी हौं भनेर परमेश्वरका आज्ञाहरूले औंल्याउँछन्। रोगको कारण पत्ता नलगाई येशूकहाँ आउनु अर्थहिन हुन्छ।

परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू बिना मुक्तिको योजनाको अर्थ हुँदैन। त्यसकारण उहाँको व्यवस्थाको अपरिहार्यतालाई नकार्न असम्भव छ। उहाँको व्यवस्था बिना पापको औचित्य हुँदैन। कसैले परमेश्वरका दश आज्ञाहरूलाई आत्मसात नै गरेको छैन त्यसलाई पापको ज्ञान हुँदैन र यदि पापको ज्ञान छैन भने उसलाई उद्धारकर्ता येशूको पनि आवश्यकता महशुस हुँदैन। सबै आस्थाहरूले हामी पापी हौं भनेर सकार्लान् तर कसरी पापी भयौं भन्ने प्रमाण परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूले स्पष्ट रूपमा प्रमाणित गर्दछ।

दाउदले भजन ४०:८मा लेख्दछन्: "तपाईंको इच्छा पालन गर्न म आएँ। तपाईंको व्यवस्था मेरो हृदयमा छ।" परमेश्वरको व्यवस्था पालन गर्न मुश्किल छ भनेर कतिपयले किन भन्दछन्?

परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई प्रायजसो निर्देशन वा अध्यादेशको रूपमा हामी लिन्छौं। "तिमीले नगर्नु" भन्ने आदेश हामीलाई मन नपर्ला। परमेश्वरप्रतिको आस्थाबिना स्वाभिमान भएर जीउन चाहनेको निम्ति यस निर्देशनलाई व्यक्तिगत हस्तक्षेप भनेर लिन नसक्ने होइन। तर कतिपय हामीले गर्न नसक्ने कामहरू पनि गर्न सक्दछौं। परमेश्वरका आज्ञाहरूलाई पालन गर्दा कत्तिको उपयोगी साबित हुन्छ, त्यो पनि सोच्नुपर्दछ। परमेश्वरका आज्ञाहरूलाई पालन गर्दा हाम्रो जीवनशैलीलाई कत्तिको सुधार्न सकिन्छ त्यो पनि जान्नुपर्दछ। उहाँका ती आज्ञाहरू भविष्यको निम्ति होइन अहिले नै फलदायक जीवन अपनाउन सघाउनको निम्ति हुन्। के जब हाम्रो सर्वोहित चाहने परमेश्वरले नगर्नु भन्दा हाम्रै हितको लागि मनाही गर्नुभएको हो भनेर थाहापाएर उहाँमाथि भरोसा राख्नु जरुरी छैन र? उहाँले असल छैन भने पछि त्यो हाम्रो निम्ति असल छैन भनेर हाम्रो चेतनामा घुसाउनु कत्तिको महत्वपूर्ण छ?

परमेश्वरका दश आज्ञाहरू पालन गर्न के तपाईंले मुश्किल भएको पाउनुहुन्छ? यदि हुन्छ भने किन? यदि बाइबलले परमेश्वरका आज्ञाहरू पालन गर्नु उचित र असल छ भनेर भन्छ भने हामीले के गलत कामहरू गरिरहेकाछौं जसले गर्दा उहाँको बिधिलाई आत्मसात गर्न गाऱ्हो हुन्छ? (यथार्थतामा उहाँको बिधि पालन नगर्दा पापको छालमा परेर जीवन अत्यन्त जोखिममा पुऱ्याइरहनु पर्दा, के त्यो सजिलो जीवन हो त?-अनुबादकको प्रश्न)।

## ४, असल र उचित जीवनचर्यामा हिंड्नु (यर्मिया १३:२३)

यर्मियाले यर्मिया १३:२३मा यसरी लेख्दछः “के कुशीले (हव्सी) आफ्नो छालाको रङ्ग बदलन सक्दछ र? अथवा के चितुवाले आफ्नो छालाको थोप्ला बदलन सक्दछ र? न त तिमी दुष्ट्याईं गर्ने बानी बसेकोले भलाइ गर्न सक्दछ।“ यसको अर्थ हाम्रो विशेष गरेर खराब मानविय स्वभाव सजिलैसँग बद्लैदैन। (कुनै वैवाहि दम्पतीलाई सोध्नु होस्, एक आपसको स्वभावमा परिवर्तन ल्याउन कस्तो मुश्किल रहेछ भनेर थाहा पाउनुहुन्छ)। यी यथार्तलाई बिचार गर्दा बाइबलका अर्थहरू सांसारिक मानिसहरूले सजिलैसँग बुझ्दैन भन्नुमा अनुपयुक्ति नहोला किनभने यसमा उल्लेख गरिएका ज्ञानहरू अत्यन्त गहिरा छन्। पवित्र आत्माको फल भलाई वा असल हुनु हो भन्दा यो केवल सतहमा मात्र नभएर भित्री भावनालाई मोड्नु हो। हाम्रा हरेक बिचार तथा सोचाइ, वचन र कामहरूद्वारा हामी धर्मी र न्यायोचित हौं भनेर देखाउने गुण हाम्रो असल स्वभावमा भर पर्दछ। मानिसहरू उचित कारणले ठिक कामहरू गरिरहेका छन् भनेर यसैले नै देखाउँछन्। अर्थात् कसैको भलाइ गर्नु भनेको परमेश्वरप्रति भित्रि उपासना र प्रेमले परिचालित भएर चल्न सक्षम् हुनु हो।

“हे परमेश्वर, मेरो हृदयलाई चोखो बनाउनु होस्। तपाईंप्रति बफादारी हुन नयाँ आत्मा दिनुहोस्।“ (भजन ५१:१०)। “कुनै युवक वा युवतीले आफ्नो जीवन स्वच्छ कसरी राख्न सकिन्छ र? तपाईंको

वचनमा रहेर र त्यसलाई पालन गरेर।" (भजन ११९:९)। हामी कसरी असल हुनसक्छौं भनेर विद्या दिन माथीका पदहरूले के सन्देश दिँदछन्?

ती वचनहरूलाई पावलले रोमी ७:१८मा व्यक्त गरेको भनाइसँग तुलना गर्नुहोस्। माथी भजनका पदहरू र पावलका वचनहरू कसरी एक आपसमा मिल्दछन्?

आफू असल हुन धेरै कोशिष गरे तर असफल भयो भनेर पावलले रोमी ७मा सिधा व्यक्त गर्दछन्। आफ्नै बाहुबलले असल हुन सकिन भनेर रोमी ७:१८,१९मा पावलले स्विकार गर्दछन्। तर यस समस्यालाई समाधान गर्न इसाई रहस्य के रहेछ भनेर रोमी ८:१-४मा पावलले खुलासा गर्दछन। त्यो रहस्य के हो त? पवित्र आत्मामा हिँड्नु भनेको के हो? र यो कसरी हिँडिन्छ?

हामी पापीहरू हौं र हामीलाई परमेश्वरको करुणा र अनुग्रहको आवश्यक छ भनेर स्विकार गर्नु एक पक्ष हो। र हाम्रो कुनै पनि असल धर्मकर्म वा परोपकारी कामले हामीले मुक्ति पाउँदैनौं भनेर थाहा पाउनु जरुरी त छ नै। तर त्यसै बखत यस विद्याले हामी हरेस खाएर पापपूर्ण जीवन बिताउन बहाना नगर्न कसरी सजग गराउँछ? जत्ती राम्रो गर्न खोजे पनि असल नहुनेरहेछ भनेर नैराश्य जीवनको धरापमा के तपाईं पर्नुभएको छ? यस्तो खालको मनस्थिति किन खतरापूर्ण छ? हाम्रो जीवनलाई हेरेर पाप गर्न नचिप्लिनुहोस्, तर येशूलाई हेरेर त्यसलाई जीत्न खोज्नुहोस्।

## ५. असल तथा सतकार्यलाई देखाउनु (एफिसी २:१०)

यो सत्य हो कि हाम्रो पुनित कार्य वा असल धर्मकर्मले मुक्ति पाउँदैनौं। तर यो ठोकुवा गरेर भन्न सक्छौं कि हामी मुक्ति पाएका परमेश्वरका छोराछोरीहरू भएको हैशियतले हाम्रो जीवनले असल कामहरू गरेर देखाउँदछन्। फलबाट रुख कस्तो हुन्छ भनेर येशूले औंल्याउनुभएको छ। त्यसरी नै हाम्रो जीवनशैलीले हामीलाई चिन्हाउँदछन्। असल वा

उचित कामहरू गर्नु आवश्यक छन् भनेर येशूले देखाउनुभएको छ। असल काम गर्न असफल हुनेले परमेश्वरको राज्यमा पस्न पाउँदैन भनेर येशूले स्पष्ट पार्नुभएको छ (पढ्नुहोस्ः मत्ती २५ः४१-४६)।

एफिसी २ः१० र तितस २ः१४मा के साझा सन्देश हामीलाई दिएका छन्? जो मानिस आफूलाई इसाई भनेर दावी गर्दछन् त्यसको निम्ति यो सन्देश किन महत्वपूर्ण मान्नु पर्दछ?

मानिस भएको नाताले हामी पापी हौं। चाहे हामी पुरुष हौं वा नारी वा केटाकेटी, सबै पापको भुमरीमा छौं। हामीले जानाजानी वा नजानानजानी परमेश्वरका आज्ञाहरूलाई टोडेकाछौं। हामी सबैलाई उद्धारकर्ताको आवश्यक छ। फेरि त्यसै बखत हामीलाई परमेश्वरले बाइबलमा यो प्रतिज्ञा गर्नुभएको छ, यदि हामी येशूमा समर्पित जीवन बितायौं र पवित्र आत्माको अगुवाइमा हिँड्यौं भने पापलाई जीत्न सक्दछौं र परमेश्वरको असल गुणलाई हाम्रो जीवनमा देखाउन सक्छौं। पावलको भनाइ अनुसार यहिँ हामी रूपान्तरित वा नयाँ जीवन अर्थात् पुनर्जीवनको अनुभूति लिएर बिताउन सक्दछौं (रोमी ६ः४)। जब हामी बप्तिस्मा लिन्छौं त्यसले हामी येशूमा गाडियो भनेर देखाउँछ। अर्थात् उहाँको मृत्युमा हामी पनि सहभागी भयौं (रोमी ६ः४)। यहि कारणले गर्दा पाप हाम्रो निम्ति मरिसकेको शक्ति भनेर मान्न सक्दछौं। अब हामी येशूमा जीएको कारणले गर्दा उहाँमा नै जीवित भएको परमेश्वरले मान्नुहुन्छ (रोमी ६ः११)।

हामी बाइबल अनुसार असल हुनसक्दछौं। तर मुक्तिको लागि योग्य भएको कारणले असल हुने भनेको त होइन। बरू हाम्रो हृदय, हाम्रा तर्कहरू र हाम्रा कामहरूद्वारा परमेश्वर हाम्रो जीवनमा काल्पनिक नभएर यथार्थ भनेर संसारलाई देखाउन सक्यौं भने हामी असल नै भएको ठहर्छ। हो, हामीले स्वार्थलाई त्याग्नु पर्दछ, तर हामी अरूको सेवा गर्न पनि तत्पर हुनुपर्दछ। हाम्रो शरीर भौतिक भएकोले दैनिक जीवनमा यससँग संघर्ष गर्नुपर्दछ। जब हामी असफल हुन्छौं र कहिलेकाहिँ खस्किन्छौं तब स्वच्छ हृदयले परमेश्वरमा नम्र भएर

पश्चाताप गर्नुपर्दछ। तर अन्तमा हामीले दावी गरेको आस्थामा रहनु सक्नुपर्दछ र रहनुपर्दछ।

तपाईंको इसाई जीवन के विजयी जीवन हो? बिजयी जीवन बिताउन परमेश्वरले सक्षम बनाउनुहुन्छ भन्ने बाइबलका प्रतिज्ञाहरूलाई तपाईंले कत्तिको आत्मसात् गर्नुभएको छ? येशूले तपाईंको निम्ति क्रुसमा ठूलो मुल्य चुकाउनु भएको थियो। उहाँबाट पाउने बिजयी जीवन तपाईंको अधिकार हो, तर त्यसबाट बंचित हुन तपाईंलाई के ले रोकिरहेको छ?

**उपसंहारः**

थप जानकारीः "सत्यको प्रचार गऱ्यो अर्थात् इसाई पर्चाहरू बाँड्यो भन्दैमा हामी परमेश्वरका परम भक्तमा गनिन्छ भन्ने छैन। तर यो नबिर्सौं कि येशूभक्तको जीवन नै एक प्रभावकारी इसाई साछि हुन्। सस्तो खालको इसाई चरित्रले संसारको चरित्र भएको मानिसले भन्दा बेसी हानी गर्दछ।"एलेन जी ह्वाईट, *टेस्टिमोनिज फर द चर्च, ठेली* ९, पृ. २१बाट रूपान्तरित।

"येशूभक्तको ब्याज वा बिल्ला बाहिर लगाएर देखाउने होइन। क्रुसको माला वा मुकुट लगाएर म इसाई हुँ भनेर देखाउने होइन। तर मानिस र परमेश्वरको बिचमा नजिक सम्वन्ध राख्न सक्नु नै इसाई स्वभाव हो। बदिलएको इसाई जीवन तथा चरित्रले नै उसको जीवनमा परमेश्वरको अनुग्रहले काम गरेको रहेछ भनेर प्रभावकारी रूपमा प्रमाणित गर्दछ। त्यस येशूभक्तको जीवनले नै परमेश्वरले आफ्नो पुत्रलाई यस संसारलाई पठाउनुभयो भनेर देखाउँछ। इसाईहरूको निस्वार्थी र त्यागी जीवन अत्यन्त प्रभावकारी हुनसक्छ। (यसले अरूलाई चुम्वकले जस्तो तान्न सक्दछ, तर त्यो जीवन प्रभु येशूमा समर्पित भएको हुनुपर्दछ)। प्रेमिलो र प्रेमपात्र येशूभक्तको खिलाफमा कोहि पनि जान सक्दैन। परमेश्वरप्रतिको भक्ति जीवन नै उसको निम्ति

सुरक्षा कवच हुन्छ। "-एलेन जी ह्वाईट, *द मिनिस्त्री अप हिलिङ्ग*, पृ. ४७०बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. यस प्रथम बुँदामा औंल्याएको प्रश्नलाई लिएर विश्वासीहरू बिच छलफल गर्नुहोस्। तपाईंलाई र अरूलाई परमेश्वरले कसरी सदाशयता देखाउनुभएको थियो र उहाँको भलो चाहनाले तपाईंहरूको जीवनमा के परिवर्तन भएको महशूस गर्नुभएको छ?

२, अरूहरूलाई परमेश्वरको भलो, हित हामी इसाई भएको हैशियतले कसरी देखाउन सक्दछौं? के तपाईंको स्थानिय चर्चले स्थानिय वासीन्दाहरूमा केहि राम्रो काम गरिरहेको छ? तपाईंको चर्च अन्तै सारियो भने के त्यस चर्चका वरिपरि रहेका स्थानिय बासिन्दाहरूले नियास्रो मान्छन् होला?

३. परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू असल छन भनेर बाइबलले औंल्याएको छ। यो सर्विदितै छ। तर त्यस असल विधिलाई मानिसहरूले कसरी दुरुपयोग गर्न सक्दछन्? परमेश्वरले दिनुभएका आज्ञाहरू वा विधिहरूलाई कसरी गलत ढँगले मानिसहरूले प्रयोग गर्न सक्दछन्? धर्मको नाउँमा अतिवादी भएर मानिसहरूले परमेश्वरको व्यवस्थालाई गलत ढँगले प्रयोग गर्न सक्ने भएकोले त्यसको नराम्रो नतिजाहरू भएको के तपाईंलाई थाहा छ?

४. युगौं युगसम्म तर्क गरेका यी प्रश्नलाई सोच्नुहोस्: परमेश्वरले असल भन्नुभएकोले कुनै कुरा असल हो वा असल भएकै कारणले परमेश्वरले असल भन्नु भएको हो? यस प्रश्नको जवाफले तपाईंको जीवनमा कस्तो असर पार्न सक्दछ?

५. लुका १८:१८,१९मा येशूले के भनिरहनुभएको छ? उहाँका यी दिव्य वचनहरूलाई हामीले कसरी बुझ्ने?

६ असल हुनु भनेको के हो भनेर विश्वासीहरू बिच चर्चापरिचर्चा गर्नुहोस्। दुई समूहमा बाँडेर छलफल गर्नुहोस्। एक समूहले मानिसहरू स्वत हृदयमा असल छन् भनेर तर्क गरून् र अर्कोले मानिस जाती नै खराब छन् भनेर प्रतिवाद गरून्। यस बिषयमा बाइबलबाट होइन बरू संसारको परिवेशमा तर्कवितर्क गर्नुहोस्। अनि छलफलको अन्तमा असल हुनु भनेको के हो भनेर बाइबलबाट औंल्याउनु होस्। तपाईंले के भिन्नता पाउनुभएको छ? हामी असल हुने आदर्श वा मापदण्ड बाइबल नै किन हुनुपर्दछ भन्ने अठोट लिन सक्नुभएको छ?

# ८

## पवित्र आत्माको फल
## निष्ठावान तथा विश्वासिलो हुनु हो

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** मत्ती २५:१-१३, लुका १६:१०, १ थेस्सोलोनिकी ५:२३,२४, २ तिमोथी ३:१-५, हिब्रू ११।

***स्मरण गर्नुपर्ने पद:*** “भलाई काम गरेर हामी नथाकौं। यदि हामी असल काम गर्न थाकेनौं वा छोडेनौं भने उचित समयमा हामीले कटनी गर्नेछौं।“ गलाती ६:९

जो मानिसमा पवित्र आत्माको फल हुन्छ त्यो मानिस विश्वासीलो हुन्छ। यसको अर्थ ऊ परमेश्वरमा निष्ठावान वा बफादारी हुन्छ। जो मानिसमा यो गुणले सम्पन्न भएको हुन्छ, त्यो मानिस कुनै पनि प्रतिकुल तथा निराशमय परिस्थितिमा पनि ऊ आफ्नो उद्देष्यमा अडिग भएर बस्छ। परमेश्वरको निष्ठामा हिंडेको व्यक्ति हताश निराश नभएर आफ्नो बाटोमा लागिरहन्छ। बफादारी हुनु भनेको विश्वासीलो हुनु हो। आफूले अपनाएका दर्शनहरूमा (आस्थाका शिक्षाहरू) ऊ दृढ संङ्कल्पसाथ अघि बढिरहेको हुन्छ। जुनसुकै प्रलोभन गर्ने मार्गहरू उसको अगाडि तेर्सिए पनि ऊ आफूले अपनाएको बाटोबाट बिचलित हुँदैन। येशूमाथिको कट्टर समर्थक हुनु भनेको उहाँले देखाएका मार्गमा अडिग भएर चल्नु हो। उहाँका शिक्षादिक्षामा अनवरत वा निरन्तर रूपमा लागि रहनु हो। त्यो मानिस कसैको वहकावमा परेर पन्छिन्दैन। दृढसंङ्कल्पलाई आत्मसात् गर्नु भनेको कुनै काम गर्न प्रवल इच्छा हुनु हो।

“विश्वास वा आस्था“ र “आस्थावान, भरपर्दो, कर्मठ, विश्वासीलो”को बिचमा गाडा सम्वन्ध भएको हुन्छ। तर याद गर्नुहोस्, त्यो दुवै एकै होइन। “आस्था” भनेको परमेश्वरको बरदान हो। यदि यो भयो भने परमेश्वरलाई प्रतक्ष्य रूपमा नदेखे पनि उहाँ

वास्तविक हुनुहुन्छ, कुनै मनगढन्ते होइन भनेर उहाँमा अडिग रहन सघाउँछ। "हामी के मा आशा राख्दछौं त्यसलाई विश्वास वा आस्थाले निश्चयता दिंदछ। आस्थाले नदेखिएका कुराको दृडभरोसा राख्दछ।" (हिब्रू ११:१)। परमेश्वरमा आस्था भयो भने त्यसको फलले हामीलाई निष्ठावान वा विश्वासिलो बनाउँछ। जब हामीले परमेश्वरमा आस्था राख्दछौं तब जे गरेतापनि हामी निष्ठावान भएर गर्छौं। उहाँमाथिको विश्वासले हामी परिचालित हुन्छौं। जब हामी कुनै काम विश्वासपूर्वक गर्छौं भने त्यसले कसमाथिको निष्ठा रहेर काम गरेको भनेर देखाउँछ। हाम्रा आस्थाका कामहरूले हाम्रो धार्मिक शिक्षादिक्षा र आचरणलाई हामीलाई धागो झैं बाँधी राख्दछ। हामी कुन मनशायले असल काम गर्छौं त्यो हाम्रो आस्थामा भर पर्दछ।

## १. परमेश्वर विश्वसनीय हुनुहुन्छ (भजन ८९:८)

जब हामी पवित्र आत्माको फलको बारेमा अध्ययन गर्दछौं, हामी हरदम परमेश्वरलाई मध्य नजर राख्दछौं। किनभने उहाँ नै यस विषयमा अनुकरणीय उदाहरण भएर हामीलाई प्रस्तुत गर्नुभएको छ। यसै सन्दर्भमा विश्वसनियतामा पनि परमेश्वरको उदाहरणलाई हेर्नु जरुरी छ। यस पृथ्वी सृष्टि गर्नुभन्दा देखि आजसम्म उहाँ विश्वासीलो भइरहनुभएको छ। त्यत्तिकै खरबौं गुणा खरबौं वा तिन ट्रिलियन वर्ष पछि पनि उहाँको विश्वसनीयतामा कुनै कम हुनेछैन। कसैले र वा कुनैले पनि उहाँको योजनालाई बदल्न सक्दैनन्। उहाँमा भएको भरोसा अतुलनिय र अपरिवर्तिनिय छ।

परमेश्वरमा हुने विश्वसनीयताका असल बुँदाहरू हेरौं:

*परमेश्वरमा भएको विश्वसनीयताको सिमाना छैन जस्तै आकाशको छैन (भजन ३६:५)

•

परमेश्वर विश्वसनीयताबाट चुक्नुहुन्न। त्यो अटुटरूपमा रहिरहन्छ (भजन ८९:३३)

- परमेश्वरको विश्वसनीयता अति महान् छ (बिलाप ३:२३)

*परमेश्वरको विश्वसनीयता स्वर्गमा नै स्थिर भएको हो (भजन ८९:२)।

परमेश्वर विश्वसनीय भएको हुनाले हामीलाई धेरै आशिषहरू खन्याउनु भएको छ। त्यसको सूची निम्नलिखित पदहरू हेरेर बनाउनुहोस्ः १ कोरन्थी १०:१३, १ थेस्सोलोनिकी ५:२३:२४, २ थेस्सोलोनिकी ३:३ र हिब्रू १०:२३।

येशूभक्तको जीवनमा परमेश्वरप्रति निष्ठावान वा विश्वासीलो हुनु किन अति अनिवार्य छ? के तपाईंले यस्तो कुनै समय गुजार्नुभएको छ जहाँ तपाईंले आहत भएको महशूस गर्नुभएको थियो तर परमेश्वरले त्यसबाट तपाईंलाई राहत अर्थात् छुट्कारा दिनुभयो किनभने तपाईं उहाँप्रतिको निष्ठामा अडिग हुनुभएको थियो? दैनिक जीवनमा पनि तपाईंले उहाँमाथि भर पर्न सक्नुहुने भएकोले कुनचाहिँ उहाँको विश्वसनीयता तपाईंको निम्ति अत्यन्त हित सिद्ध भइरहेको छ? अर्थात् परमेश्वरमाथिको भरोसा के केवल पुराण कथा जस्तै छ कि वा सान्दर्भिक? उहाँको निरन्तर विश्वसनयीतालाई तपाईंले कुन क्षेत्रमा अनुभव गरिरहनुभएको छ?

## २, विश्वसनीयताः अन्तको समयको चिन्ह (लूका १८:८)

"तर जब मानिसको पुत्र फर्किआउनेछ के उसले यस पृथ्वीमा विश्वास भेट्टाउनेछ र?" भन्ने येशूको प्रश्नको तात्पर्यता के हो?

प्रेरित पावलले लेख्दछन्ः "दुष्ट मानिसहरू र देखावटी मानिसहरू खराबबाट झन उग्र खराबमा झर्नेछन्। तिनीहरूले अरूहरूलाई अनेक किसिमले धोका दिनेछन् अर्थात् मूर्ख बनाउनेछन्

र तिनीहरूलाई पनि अरूले मूर्ख बनाउनेछन्।" (२ तिमोथी ३:१३)। मोसाले आफ्नो पाँचवटा पुस्तकहरूमा वर्णन गरे अनुसार वा पावलका पत्रहरूमा औंल्याएका झैं आज पनि त्यहि चरित्रका मानिसहरू छन्। कतिपयले यो तर्क गर्न सक्दछन् होला, "आजको समाजमा पाप गर्न धेरै सजिलो छ किनभने हरतरहबाट मानिसहरूलाई पाप गर्न उक्साइरहेको छ।" अर्थात् अहिलेको वातावरण नै यस्तो छ कि सबै जना पापतिर बढि ढल्किन सहज बन्दै गइरहेको छ। यसले गर्दा हाम्रो पतित प्रवृत्ति स्वत पाप गर्न तर्फ अग्रसर हुन्छ।जब मानिसह सारा संसारको केन्द्रविन्दू आफूमात्र हो भनेर सोच्दछ, अहँताले सर्वोच्च स्थान पाउँदछ। यसले गर्दा ऊ घमण्डले फूल्छ र अरूलाई तुच्छ थान्दछ। आफूलाई मात्र स्वच्छ चस्माले हेर्ने र अरूलाई फुटेको चस्माले हेर्ने बानिले गर्दा पाप फस्टाउन सहज भएको छ। फेरि अनेकन् विज्ञापनहरूले मानिसहरूलाई आफ्नो सर्वोपरी हितमात्र चिताउन लालयीत गर्दछन् र यस्तो मनस्थितिमा धकेल्दछन्: किन पर्खने, मैले मात्र किन त्याग गर्ने, म मात्र यसबाट किन वञ्चित हुने, अरू सबै त्यहि लहै लहैमा गएका छन् भने म मात्र किन एक्लिने, भोली मर्ने नै हो, आजै किन मोजमज्जा नगर्ने? विभिन्न विद्युतिय विज्ञापनहरू, पत्रिकाहरू, ठूला ठूला पोस्टरहरू र होर्डिङ्ग बोर्डहरूका यहि सन्देसले मानिसहरूलाई आफैतिर मात्र धकेल्दै भनिरहेका छन्: "आत्मसंतुष्ट पार्नु तपाईंको अधिकार हो।"

बाइबलमा मानिसहरूको चरित्रलाई उदाङ्ग पारेको हामी जताततै पाउँछौं। तिनीहरूमा २ तिमोथी ३:१-५मा मानिसका आधारभूत स्वभाव, चरित्र वा प्रवृत्तिलाई खुलाएको छ। ती चरित्र प्रायजसो धेरैसँग स्पष्ट रूपमा देखेको हामी पाउँछौं, यो किन त?
याद गर्नुहोस्, हामी भन्छौं समय विग्रिन्दै गइरहेको छ, तर यथार्थतामा भन्ने हो भने वर्तमान युगका पिँढिहरूमात्र स्वार्थताले प्रेरित

भएका होइनन्। तर छक्क पर्ने कुरा त के भने आज सारा समाज, बुद्धिजिवी तथा राजनैतिक वादहरूले विभिन्न मतहरूलाई तेर्स्याएर आत्मनिर्णयको नाउँमा स्वार्थी हुनु जायज हो भनेर मानिसहरूलाई उक्साइ रहेका छन्। "सबै भन्दा नम्बर एक बन", "मोजमज्जा गर्न नहिच्किचाउ, आफूलाई पहिला पोष" आदि स्वेच्छाचारी आवाजहरू जताततै सुनिरहन्छौं। यस्ता मनशायले मानिसहरूलाई अधिकारको लागि उक्साउँछ तर जिम्मेवारी वहन गर्न अश्विकार गर्न सिकाएको पाइन्छ । के भन्नु पर्छ, के गर्नु पर्छ भन्ने कुराको वास्ता गर्दैनन् वा आफ्नो स्वार्थलाई सर्वोपरी गर्दा अरूलाई धक्का लाग्छ भन्ने कुरालाई कठोरतापूर्वक पन्छाउँछन्। यस्ता खालका पुस्ताहरूको वयान बाइबलका ती पदहरूले यसरी वर्णन गर्दछन्: "कतिपय मानिसहरूलाई आफ्ना बुबालाई सराप्छन्। अरूले आफ्ना आमाहरूप्रति कृतघ्न हुँदैनन्। तिनीहरू आफ्नै दृष्टिमा शुद्ध हुन्छन्। तर आफ्नो फोहरबाट तिनीहरू सफा भएका हुँदैनन्। तिनीहरू जसका आँखाहरू अँहकारले फुलाएका हुन्छन्, र उनीहरूको हेराइ पनि घृणायुक्त हुन्छ। तिनीहरू जसका दाँत तरवारहरू हुन् र जसका वङ्गारा छुरा समान हुन्छन्।" हितोपदेश ३०:११-१४। यस्ता पिँढीका मानिसहरूले कुनै पनि गल्ती वा नराम्रा कुराको जिम्मेवार आफूले लिँदैनन् बरू अरूलाई विशेष गरेर प्रायजसो आफ्ना आमाबाबुलाई थुपार्छन्।

टेलिभिजन तथा बिभिन्न पत्रिकाहरूले मानिसहरूको मनलाई वहकाउँछन् र चर्चका सदस्यहरूलाई पनि परमेश्वर र चर्चप्रति बफादारी हुनबाट बाधा अर्चन खडा गरिदिन्छन्। आत्मआलोचना गरी आफैलाई सोध्नुहोस्, के तिनीहरूले तपाईंलाई पनि नकारत्मक प्रभाव पारी रहेका छन्? तपाईंको सोचाइमा तिनीहरूले कसरी असर पारी रहेका छन्? एक छिन रोकेर सोच्नुहोस्, मैले पढेका,

हेरिरहेका प्रोग्रामहरू वा सुनिरहेका कुराहरूले परमेश्वरप्रतिको विश्वासमा खलल ल्याउन मलाई नै उक्साइरहेका छन्?

## ३, परमेश्वरका निष्ठावान केहि भक्तहरू (हिब्रू ११)

हिब्रू ११मा केहि पात्रहरूका शूची दिएको छ जसले परमेश्वरमा निष्ठावान भएर बस्नु भनेको के रहेछ भनेर अनुकरणीय उदाहरणहरू हामीलाई छोडेर गएको छ। ती मध्ये तिन जना पात्रहरूलाई चुन्नुहोस्। अनेकन् परिक्षा, प्रलोभन र संघर्षमा पनि तिनीहरू कसरी परमेश्वरमा निष्ठावान भएर बस्न सक्षम् भए त्यसको बारेमा टिप्पणी लेख्नुहोस्।तिनीहरूले आफू परमेश्वर माथिको निष्ठामा अडिग भएर बसेका थिए भनेर कसरी देखाए? फेरि त्यसै वखत तिनीहरूका कमजोरी, संघर्ष, परिक्षा र प्रलोभनहरू के के थिए?के हिब्रू११का पात्रहरूले अपनाएका निति, आदर्श वा सिद्धान्तहरू आजको लागि पनि उत्तिक्कै सान्दर्भिक छन् कि छैन वा के ती केवल पुरानका कथाहरू जस्तै सुन्न बाइबलमा कोरिएका हुन् त?

परमेश्वरका ती भक्तजनहरूले भोग्नु परेका दुःख कष्टहरूलाई समग्र रूपमा हेर्दा तिनीहरू निराश भएर विचलित हुने प्रसस्त ठाँउहरू थिए। अन्यायमा कैदखानामा जाकिनु परेका युशुफको बारेमा सोच्नुहोस्। दशकौं वर्षसम्म बाचा गरिएको छोराको निम्ति अब्राहमकी पत्नी साराहको बारेमा तपाईं के भन्नुहुन्छ? मीश्र अर्थात् इजिप्तदेशको चक्रवर्ती राजा हुने अवसर गुमाउन मोसा राजी भए किनकि ऊ परमेश्वरका जनहरूसँग आफू पनि दुर्व्यवहारमा पर्न सहमत भए (हिब्रू ११ः२५)।ती मानिसहरू अचम्मका बिरहरू वा सुपर ह्युमान थिए भनेर शायद हामीले सोच्छौं होला। तर तिनीहरू हामी जस्तै यथार्थ जीवन बिताएका मानिसहरू थिए। हामीले जस्तै तिनीहरू पनि पापको प्रलोभनमा परेका थिए। “परमेश्वर तपाईं कहाँ हुनुहुन्छ” भनेर प्रश्न गरेका थिए, तिनीहरूमा त्रास थियो र हामी

जस्तै कतिपय असफल पनि भएका थिए। तिनीहरूमा सबै खालका कमजोरी थिए होलान्‘ तिनीहरूले अनेकन् भूल गरे होलान् तर तिनीहरू परमेश्वरतिर दृष्टिगत गरि हिंड्न चुकेनन्। तिनीहरूले दावी गरे अनुसार आफ्नो निष्ठामा कार्यरत भएका थिए। जसको फलस्वरुप कमी कमजोरीको बाबजुद पनि अचम्मका कामहरू गर्न परमेश्वरले तिनीहरूलाई परिचालन गर्नुभयो।

परमेश्वरमा आस्थावान भएर रहन तपाईंले इच्छा गर्नुभएकै होला। त्यस इच्छालाई मूर्त्त रूप दिन तपाईंले के के चुनौतीहरूको सामना गर्नु परेको छ? ती चुनौतीहरूलाई दुई भागमा छुट्याउनुहोस्। क. यस्ता चुनौतीहरू जुन् तपाईंले सामना गर्न असम्भव छन्। अर्थात् तिनीहरूलाई परिवर्तन गर्न तपाईंले केहि गर्न सक्नुहुन्न। तपाईंको क्षमता भन्दा बाहिरको कुरा हो। ख. दोश्रोमा ती के हुन् जसलाई तपाईंको जीवनमा तपाईं आफै हटाउन सक्नुहुन्छ?

## ४, दैनिक जीवनमा परमेश्वरप्रतिको विश्वास कसरी झल्काउने (लूका १६:१०)

येशूले भन्नुभएको बाणी लूका १६:१०मा यसरी लेखिएको छः “जो थोरै कुरामा ईमान्दार हुन्छ, त्यो धेरैमा पनि ईमान्दार हुन्छ, र जो अति सानो कुरामा बेईमान हुन्छ, त्यो धेरैमा पनि बेईमान हुन्छ। “

तपाईंकै जीवनमा येशूको उपरोक्त सुत्रलाई कसरी सत्य सावित भएको पाइरहनुभएको छ? यदि साना साना कुराहरूमा हामी विश्वास दिलाउन सक्दैनौं भने ठूला ठूला कुराहरूमा कसरी विश्वास दिलाउन सक्छौं भनेर कसरी दावी गर्ने?

“यस संसारमा सबै भन्दा ठूलो अभाव भनेकै ईमान्दारी व्यक्तिहरूको कमी हो। किनबेच नहुने व्यक्तिहरूको खाँचो यस संसारको हो। यस संसारलाई सत्य र ईमानमा हिंड्ने मानिसहरूको

सधैं खाँचो भएको हुन्छ। यस सँसारको आवश्यकता भनेकै पापलाई पाप हो भनेर भन्न नडराउने र नहिच्किचाउने मानिसहरू हुन्। कम्पासको सियोले सधैं एक्कै स्थानमा औंल्याए जस्तै यस्ता मानिसहरूको खाँचो छ जो आफ्नो कर्तव्यनिष्ठमा अडिग भएर बस्छन्। स्वर्गै खसे पनि आफूले पहिल्याएको ठिक कुरामा नडगमगिएर बस्ने व्यक्तिहरूको खाँचो यस संसारको हो। "एलेन जी ह्वाईट, एडुकेशन, पृ, ५७बाट रूपान्तरित।

विश्वासमा अडिग हुनु भनेको वा निष्ठावान भएर बस्नु भनेको के हो भनेर निम्नलिखित शव्दहरूले केहि हदसम्म परिभाषित गर्दछन्ः

<u>भरपर्दो</u>-भरपर्दो भनेको मानिसहरूले तपाईंमाथि भरपर्न सक्नु हो।तपाईंले आफ्नो वचनको वचनवद्धता अरूलाई दिलाउन सक्नु हो। पछिल्लो कुन समयमा कस्ले तपाईंलाई धोका दिएको थियो अर्थात आफ्नो वचनमा पालन गर्न आवश्यक नठानेको थियो? यसरी आफ्नो वचनमा चुक्दा त्यस मानिसको व्यवहारप्रति तपाईंको चित्त कसरी दुखेको थियो?के त्यो व्यक्तिले तपाईंलाई रुखो व्यवहार गरेको आभास पाउनुभएन र? तपाईं माथि अरूले भर पर्न सक्दैन भनेर अरूलाई आभास दिंदा तपाईंको चरित्रको बारेमा के देखाउँछान्?

<u>ईमान्दारीता-</u> ईमान्दारी हुनु भनेको सत्यनिष्ठमा हिंड्नु हो। यसको अर्थ तपाईं झुठो बोल्नुहुन्न, बेईमान गर्नुहुन्न, ठग्नुहुन्न र चोर्नुहुन्न। असल सुचरित्र निर्माण गर्न चाहिने साधनहरूमा ईमान्दारिता अत्यन्त महत्वपूर्ण साधन हो। कुनै समयनाकूल वा वेला बखतमा मात्र यसलाई देखाउने नभइ हाम्रो दैनिक जीवनमा सधैं देखाउनु पर्दछ।

सत्यनिष्ठता- ठिक र सत्य बाटोमा अडिग भएर बस्नु गौरावन्वित निति हो। यो नितिमा हिंड्ने मानिस सम्माननिय हुन्छ। यदि तपाईंमा सत्यनिष्ठको गुण छ भने तपाईं हरदम आफ्नो

आस्थामा चल्नुहुन्छ। कुन नितिमा तपाईंको दैनिक जीवन चलाउनु हुन्छ तपाईंले पहिल्याएको सत्य मार्गमा भर पर्दछ। यसको अर्थ अरूको आस्था र नितिहरूप्रति सहिष्णुता र सम्मान गर्ने गुणले तपाईं सम्पन्न हुनु हो। चरित्र निर्माण गर्ने साधनाहरूमा सत्यनिष्ठ पनि अति महत्वपूर्ण साधन हो।

<u>बफादार तथा कर्तव्यनिष्ठ-</u> कर्तव्यनिष्ठ वा बफादारी हुनु भनेको अरूलाई तपाईंले टेवा दिनु वा सहारा दिनु हो। कोहि मानिस अत्यन्त कठौर समय गुजारी रहेको छ भने बफादारी मानिस त्यसलाई साथ दिइरहेको हुन्छ। मित्र कमाउन बफादारीताको अत्यन्त खाँचो हुन्छ। तर यसको अर्थ के साथिको लागि गलत काम गर्नु भनेको हो त? के बफादारीता अर्थात् कर्तव्यनिष्ठमा रहनुको सिमा हुन्छ त? आफ्नो मित्रलाई कति हदसम्म बफादारी देखाउन सकिन्छ?

विश्वसनियता हुनु भनेको के हो भनेर माथिका शव्दहरूले देखाएको कुराहरूलाई सोच्नुहोस्। ती प्रत्येक क्षेत्रहरूमा तपाईंले कत्तिको बिश्वास दिलाउन सक्नु भएको छ? कुन चाहिंक्षेत्रमा तपाईं सुघ्रिनु पर्दछ। अझ महत्वपूर्ण कुरा त तपाईंले मान्नु भएको सत्य वा उचित कुरामा अडिग रहन तपाईंको जीवनमा तपाईंले के परिवर्तन गर्नुपर्दछ? ती परिवर्तन तपाईंले कसरी ल्याउनु हुन्छ?

## ५. अन्तसम्म विश्वासमा रहनु (मत्ती २५:१-१३)

दस कन्याहरूको अर्तिकथा मत्ती २५:१-१३मा पढ्नुहोस्। यस कथामा दुलाहाको लागि पर्खि रहेका दसै कन्याहरू सुतेका थिए भनेर उल्लेख गरिएको छ। जब दुलाहा आउँछन् त सबै जना व्युँझिन्छन्। तर पाँच जना कन्या जसको बत्तीमा तेल सिध्धेको थियो, तिनीहरू व्युँझिन्दा दुलाहालाई भेट्न जान सकेनन् किनकि जब तिनीहहरूले तेल खोजेर ल्याउँदा दुलाहा रहेको प्राङ्गनको मूल

ढोका वन्द भइसकेको थियो। आधुनिक एक्काइसौं सताव्धीमा पनि त्यहि भुल नगर्न हामी कसरी सतर्क रहन सक्छौं? येशू कहिले आउँनुहुन्५ थाहा छैन भनेर के हामी पनि उहाँप्रति चासो नराखेर सुतेर बस्ने?

फेरि मत्ती २४:४४-५० पढ्नुहोस्। यहाँ एक जना दुष्ट सेवकले आफ्नो मालिक अपेक्षा गरिएको समयमा नआएकोले आफ्नो व्यवहारमा कठौरता अपनाएको पाउँछौं। येशूको आगमन ढिलो भएकोले हामी पनि त्यहि आचरणमा नफसौं भनेर त्यस अर्तिकथाले कस्तो सन्देश हामीलाई दिइको छ?

हामीले अपेक्षा गरेको अनुसार कत्ति कुरा नहुन सक्छ वा भएको छैन। तर हामीले धैर्य धारण गर्नु अनिवार्य छ। गलाती ६:९मा पावलले हामीलाई यसरी सान्त्वना दिँदछः "असल काम गर्नबाट नथाकौं। यदि हामी निराश भएर आफ्नो कर्तव्यबाट चुकेनौं भनेर उचित समयमा हामीले कटानी गर्नेछौं। "

"के परमेश्वरमा भर पर्न सकिन्छ?" भन्ने जिज्ञासा परमेश्वरका जनहरूले यस एक्काइसौं सताव्धीमा पनि सामना गर्छन् । अहिले सम्म हामीले पाएका बाइबलको आत्मज्ञान र अनुभवहरूबाट यो थाहा पाएको हुनुपर्दछ कि, परमेश्वर कत्तिको भरपर्दो र विश्वासीलो हुनुहुन्छ। उहाँ कत्तिको वचनवद्ध हुनुहुन्छ भन्ने कुरामा शङ्का गर्ने ठाँउ छैन। तर महत्वपूर्ण विषय त, "के म अन्तसम्म विश्वासमा दरिलो भएर बस्न सक्छु?"

बर्तमान युगमा त्यस प्रश्नको जवाफ ("के म अन्तसम्म विश्वासमा दरिलो भएर बस्न सक्छु?") हामीले पाइरहेको देख्छौं। तपाईंको आत्मिक जीवनमा हेर्दा आत्मिक आधारभूत अवस्था कस्तो छ? के तपाईं दैनिक जीवनमा परमेश्वरको सेवा गर्न समर्पित हुनुभएको छ? के तपाईं अनुग्रह र विश्वासमा बढिरहनुभएको छ वा तपाईं अलि अलि गरेर सँसारतिर ढल्किरहनुभएको छ? अर्थात् संसार

यस्तै हो भनेर परमेश्वर माथिको विश्वासलाई चिप्लन दिंदै संसारको यश र महत्वाकाँक्षामा के तपाईं अग्रसर हुन गइरहनुभएको छ? तपाईंको बारेमा र परमेश्वरसँग तपाईंको हिंडाइमा कसरी यस जिज्ञासाको जवाफले खुलासा गर्दछ?

## उपसंहारः

थप जानकारीः ""जसरी नक्षेत्रका ताराहरू आफ्नो बाटोमा नियमित रूपमा घुमीरहन्छन्, त्यसरी नै परमेश्वरका शङ्कल्पहरू छिटो र ढिलो भन्ने हुँदैनन्। महान् अन्धकार र भट्टीको धुँवाको प्रतिकले अब्राहमलाई परमेश्वरले यो देखाउनुभएको थियो कि कुनै समय इस्रायलीहरू मीश्र अर्थात् इजिप्तमा दास भएर केहि समय रहनेछन्। त्यस देशमा इस्रायलीहरू चारसय वर्षसम्म रहनेछन् भनेर परमेश्वरले अब्राहमलाई घोषणा गर्नुभएको थियो। तर परमेश्वरले यो पनि भन्नुभयो 'त्यसपछि ती इस्रायलीहरू त्यस देशबाट धेरै अमूल्य सामानहरू सहित छोड्नेछन्।' उत्पत्ति १५:१४। परमेश्वरको इच्छा बिपरित अहंकारी फारो सम्राटले आफ्नो सारा बाहुबल लगाएर लड्न खोज्यो तर त्यो उसको लागि त्यो बेकार भयो। 'चारसय तिस वर्ष पछि परमेश्वरले तोकिएकै दिनमा उहाँका सबै जनहरू सैन्य फौज जस्तै इजिप्तबाट लम्किएर गए।' प्रस्थान १२:४१। त्यसकारण स्वर्गको अदालतमा येशूको आगमनको समय तोकिएको थियो। जब स्वर्गको महान घडिको सुइ ठिक समयमा औँल्याइएको थियो, येशूको जन्म बेतलेहेममा भएको थियो।" एलेन जी ह्वाईट, *द डिजायर अभ एजेज,* पृ. ३२बाट रूपान्तरित।

## चिन्तनमननः

१. तपाईंको समाजको संस्कार वा रहनसहन कस्तो छ जसले येशूप्रति निष्ठावानहुन चुनौतीको रूपमा खडा छ?

यस्ता चुनौतीहरूलाई कसरी सामना गर्ने? जीवनको आत्मिक संघर्षमा एक आपसमा कसरी भरोसा दिने?

२. बिगत चौविस घण्टामा तपाईंले के सुन्नुभयो, के पढ्नुभयो र के हेर्नुभयो, त्यसको बारेमा सोच्नुहोस्। के तिनीहरूले तपाईंको आस्थामा टेवा दिएक थिए? वा तिनीहरूले परमेश्वरप्रतिको आस्थाबाट चिप्लन सघाएका थिए? तपाईंको जवाफले के जिम्मेवारपूर्ण सन्देश पाउनुभएको छ?

३. बफादारीको बारेमा सोच्नुहोस्। असल कामगर्न देखाउने बफादारीतामा के सिमाना छ? के बफादारी हुन सधैं उचित छ त? कसैप्रति बफादारी देखाउने क्रममा परमेश्वरप्रतिको आस्थामा आँच कसरी आउन सक्दछ?

४. असाध्यै सोझो र विश्वासीलो हुनुपनि खतरा हुनसक्दछ रे ! कसैप्रति विश्वासिलो हुनुको हद कहाँसम्म हुन सक्छ?

५. हाम्रो घर र चर्चमा येशूको दोश्रो आगमनको प्रतिज्ञालाई कसरी जीवित राख्न सक्छौं? यसको लागि के के उपायहरू हामी अपनाउन सक्छौं? यो पनि सत्य होः येशूको दोश्रो आगमन जति जति ढिलो हुँदै गयो त्यत्ति त्यत्ति त्यसको बारेमा विर्सन र गलत आनिबानी तथा गलत बिचारमा जाकिन सहज हुँदै जान्छ। चर्चका मानिसहरूलाई येशूको आगमनमा लामो समयसम्म उत्साहित राख्न हामीले के गर्नुपर्दछ?

# ९

## पवित्र आत्माको फल
# नम्र हुनु हो

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* उत्पत्ति ५०:२०, मत्ती ५:५, ११:२९, रोमी १२:३, गलाती ६:१, फिलिप्पी २:२,३, १ पत्रुस ३:४

*__स्मरण गर्नुपर्ने पद:__*"धन्य नम्र हुनेहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन् (अर्थात् जो मानिसहरू अहँबाट स्वतन्त्र छन्, तिनीहरू धन्यका हुन्। तिनीहरूलाई यस पृथ्वी सुँपिनेछन्।)" मत्ती ५:५।

संसारको यस पापी संस्कारमा पवित्र आत्माको फल नम्र हुनु भनेको त विर्सि सकिसकेको जस्तो छ। नरम हुनु वा विनम्र हुनु भनेको मानविय कमजोर हुन् भनेर धेरैले सोच्दछन्। यसै कारण कोहि झुकेको छ वा सुशील छ भने त्यस्ता मानिसको सऱ्हाना गरेको कमै पाउँछौं। तर परमेश्वरको निर्देशन नै यो छ, हामी नम्र हुनुपर्दछ।

नम्र हुनु भनेको के हो त? यो परमेश्वरप्रति झुकाउ हुने मनस्थिति र अरू मानिसहरूलाई भद्र तथा शिष्ट व्यवहार गर्नु हो। यदि हामी नम्र हुन सक्षम् भयौं भने, हाम्रो जीवनको संरचना परमेश्वरको हातमा छ भनेर यसले देखाउँछ। हामीले भनेको जस्तो गरेर कामकुरा भएन भने षनि हामीले परमेश्वरमा भरोसा राख्न सक्दछौं भनेर नरम स्वभावले देखाउँछ। यो कुनै मनगढन्ते नभएर प्रायजसो दैनिक जीवनमा अनुभव गर्दछौं।नम्र मानिसको दृढ विश्वास आफूमा होइन परमेश्वरमा रहन्छ।

कमजोरी र विनम्र हुनु भनेको झन्दै उस्तै उस्तै देखिन्छन्। तर यथार्थमा तिनीहरू एक होइनन्। नकारात्मक कुराहरू जस्तो

शक्तिविहिन र साहसविहिन हुँदा मानिसहरू कमजोर हुन्छन्। येशूको बारेमा वयान गर्दा ती शव्दहरू प्रयोग गरिन्दैनन्, उहाँले भन्नुभयोः "मेरो सेवकहरू होओ र मबाट सिक। म भद्र छु र अहँबाट स्वतन्त्र छु। मेरो शरणमा पऱ्यौं भने तिमीहरूको आत्माले विश्राम पाउनेछन्। " (मत्ती ११:२९)।

जो मानिस परमेश्वरमा आस्था राख्दछ र उहाँमा नै पूरा भरोसा राख्दछ उसको जीवनमा नम्रता पल्हाउँछ। उहाँमा सम्पूर्ण भरोसा राख्नुको अर्थ त्यो पुरुष वा महिलाले आफ्नै ढिप्पीमा अघि बढ्न दवाव दिँदैन। यसैकारण सच्चमूचमा भन्ने हो भने नम्रताको श्रोत शक्ति हो, कमजोरी होइन।

## १, हृदयलाई विनम्र र कोमलताले सुसोभित गर्नु (मत्ती ११:२९,३०)

प्रभु येशूले सारालाई आह्वान गर्दै भन्नुभयोः 'हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलूको छ। " (मत्ती ११:२९,३०)। उहाँको यो आह्वानको तात्पर्यता के हो? यहाँ हामीलाई उहाँले के सिकाइरहनुभएको छ? विनम्र, कोमल वा निहूरिने हृदयलाई अंगाल्दा हाम्रा आत्मालाई कसरी विश्राम वा शान्ति दिन हामी सक्दछौं?

विनम्र हुनुभनेको हामीले चाहना गरेको वस्तुको निम्ति तँछाड मछाड अर्थात् झगडा गर्नु होइन। यसको अर्थ यो पनि हो, हाम्रो निम्ति परमेश्वर आफै लड्नुहुन्छ भन्ने यकिनतामा विश्वास गर्नु। महत्वाकाँक्षा र स्वेच्छाचारी मनस्थितिको उल्टो नै विनम्र हो। यस्तो येशूको स्वभाव त्यसै आउँदैन। परमेश्वरले हाम्रो हित चाहनुहुन्छ र उहाँले नै सबै थोक नियन्त्रण गर्नुहुन्छ भन्ने कुरामा भरोसा राख्नु नै

हाम्रो जीवनमा येशूको नम्रता र कोमलताको श्रोत हो। विनम्र हृदय भएको मानिसले आफ्नो भन्दा परमेश्वरको इच्छा पालन गर्न चाहन्छ (लूका २२:४२)। यो पनि अरूको भलाइले अभिप्रेरित भएर निस्कन्छ। परमेश्वरको इच्छामा आफूलाई सुम्पिन्दा र अरूको हितलाई ध्यानमा राख्दा येशूले नै भन्नुभएको छ, हाम्रो मनमा हामीले एक किसिमको विश्राम वा राहत उहाँले दिनुहुन्छ। यो प्रतिज्ञा कुनै मानिसको नभएर येशू आफैको हो। समाजमा, घरमा वा चर्चमा झैं झगडा किन हुन्छ? अरूको हितलाई वास्ता नगरेर आफ्नो स्वार्थपूर्तीको निम्ति तँछाड मछाड गरेकोले होइन र? यथार्थमा भन्ने हो भने कोमल र विनम्र भएको मानिसले आफ्नो स्वार्थ त्यागेको हुन्छ अर्थात् अरूको निम्ति उस्ले मर्न सिकेको हुन्छ। यो मनस्थितिलाई बोक्न परमेश्वरमा विश्वास, आस्था, साहस र धैर्यताको खाँचो अत्यन्त हुन्छ। वर्तमान प्रतिस्पर्धा र अरूको देखासिकि गर्न चाहने संसारका स्वभावले येशूको नम्रतालाई सऱ्हाना गर्दैन न त चाहना नै गर्दछ।

"किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्।" भनेर पावलले रोमी १२:३मा भनेका छन्। यसले विनम्रलाई कसरी वाख्या गर्दछ? नम्र हुन यो सुत्रलाई किन आत्मसात गर्नुपर्दछ?

फेरि पावलले एफिसी ४:२मा भनेको छन्: "सारा दीनता, नम्रता र धैर्यसँग एकले अर्कालाई प्रेममा सहनु।" यस पद रोमी १२:३सँग कसरी सम्वन्ध हुनसक्छ, सोच्नुहोस्। दैनिक जीवनमा इसाईहरू अंहकारी वा स्वेच्छाचारी हुनुहुन्दैन भनेर दुबै पदहरूले स्पष्ट पारेको पाउँछौं। कुनै पनि इसाई के को निम्ती घमण्डले फुल्ने? हामी सबै पापी हौं। यदि येशू हाम्रो निम्ति मर्नुभएन भने

हामी सदाको निम्ति नाश हुनेथियौं होला। हाम्रो हरेक हृदयका पल र सासको निम्ति परमेश्वरमा हामी भर पर्नुपर्दछ। हाम्रा सबै वरदानहरू र प्रतिभाहरू परमेश्वरबाट नै आउँछन्। त्यसकारण हामी के हौं र के गर्न सक्छौं भनेर फुँइ देखाउने? येशूले हामीलाई मुक्ति दिन के गर्नुभयो, सो कुरामा हामी के ध्यान दिनुपर्दछ। अनि मात्र हामी येशूका अनुयायी हौं भनेर दावी गर्नेहरू यस संसारका अत्यन्त कोमल, मृदु र विनम्रताले सुसोभित हुन्छौं। येशूको नाउँ हामीले बोकेको हुनाले संसारको कुनै मानिस भन्दा हामी अत्यन्त नरम र नम्र हुनुपर्दछ।

तपाईंले जे गर्नुहुन्छ त्यसको लागि परमेश्वरमा नै भरपर्नुपर्छ भन्ने कुरालाई सोच्नुहोस्। त्यसकारण घमण्ड, अँहकारिता, अरूलाई तल झारेर आफूलाई माथि राख्ने, स्वेच्छाचारिता आदि कहाँबाट आउँछ त? मानिसलाई पिरोल्ने यस्ता मानसिक रोगहरूबाट हामी कसरी मुक्त हुनसक्छौं?

## २. नम्रताको उत्कर्ष अतुलनीय उदाहरणहरू (गन्ती १२:३)

उत्पत्ति १३:८,९मा अब्राहमले आफ्नो भतिजा लतलाई कुन ठाउँमा गएर बस्ने रोज भनेर पहिलो मौका दिएको सम्झनु होस्। फेरि अब्रहामका भविष्यका सन्तानहरूबाट महान् राष्ट्रको उदय हुनेछ भनेर परमेश्वरले गर्नु भएको बाचा पनि याद गर्नुहोस्। काका भएकोले अब्राहमले सबभन्दा असल बस्ने इलाका आफूले नै रोजेको भए उचित हुन्थ्यो तर उनले भतिजालाई प्राथमिकता दिए। बाँकी इलाका आफूले लिनेछु भनेर अब्राहमले भनेका थिए। यो निर्णयले न्रम स्वभावको नमुनालाई कसरी देखाउँछ?

युशुफलाई आफ्ना दाजुहरूले मीश्र देश अर्थात् इजीप्तमा दास बनाएर बेचेको प्रायजसो सबैलाई थाहा छ। पछि कनान देशमा अनिकाल भएको बेलामा युशूका दाजुहरू मीश्र देशमै जानु परेको

थियो। तर दासमा बेचिएको युशूफ अब त्यस देशको राजा फारोपछि दोश्रो शक्तिशाली व्यक्ति बनेका थिए। युशूफको अगाडी लमप्छार परेर दाजुहरूले अन्न किन्न पाउँ भनेर याचना गरेका थिए (उत्पत्ति ४५)। ती दाजुहरूलाई युशूफ नै त्यो देशको उच्च ओहोदामा रहेको हाकिम भनेर चिनेको थिएन, न त कल्पना नै गरेका थिए। तर युशूफलाई तिनीहरूको को थिए भनेर चिनेका थिए। युशूफ विनम्र स्वभाव भएको व्यक्ति भएको हुनाले आफ्ना दाजुहरूलाई उनले कस्तो व्यवहार गर? यदि नम्र स्वभाव नभएर प्रतिशोधको भावनाले युशूफ अभिप्रेरित भएको भए त्यहाँ के हुन्थ्यो होला? संसारका मानिसहरूमा भएको नम्रताको धारणालाई उत्पत्ति ५०:२०ले कसरी प्रतिवाद गर्दछ?

नव युवक दाउदलाई परमेश्वरले इस्रायलको दोश्रो राज हुन नियुक्त गर्नुभएको थियो। राजा सावलले दाउदको डाहा गर्न थालेका थिए। धेरै वर्षसम्म राजा सावलले दाउदलाई खेदो गर्दै मार्न अग्रसर भएका थिए। कैयौं वर्षसम्म दाउद भुमिगत भएका थिए। दुई पटक सावल राजालाई मार्न दाउदालाई मौका मिलेको थियो (१ सामूयल २४:३-७, १ सामूयल २६:७-१२)। यदि दाउद नम्र नभएको भए उसले सावललाई मार्ने वहनाको के कमी थियो र? यदि आफ्नो हितलाई सर्वोच्च नठानेको भए धर्मको बहानामा अरूलाई पछार्न हामीलाई कत्ति सजिलो हुन्छ, भइरहेको छैन र?

त्यस ताकाका सबभन्दा विनम्र व्यक्ति मोसा हुन् भनेर गन्ती १२:३मा उल्लेख गरिएको छ। तर कतिपय समयमा मोसाले गरेका कडा कार्वाहीको कारण उनी त्यस्तो विनम्र मिजासको मानिस थिए भनेर देखाउँदैन। मोसाले राजा फारोसँग आफ्ना मानिसहरू मीश्रबाट बाहिर जान अनुमती मागे र नदिंदा मीश्र देशले कस्ता कस्ता महामारीहरूको सामना गर्नुपर्नेछ भनेर कडाइका साथ भन्दा भन्दा उनी नम्र भएर राजा फारोको सामुन्ने घुँडा टेकेका थिए भनेर

भनिएको छैन। जब मरुभूमीमा इस्रायलीहरूले सुनको बाच्छोलाई पूजा गर्दा उनी रीसले झरङ्ग हुँदै बलेका थिए। त्यो रीस सेलाउनु भन्दा अघि मोसाले त्यस वाच्छोको मुर्तीलाई टुक्रा टुक्रा पारेर आगोमा फैंकेका थिए। अनि त्यसलाई धुलोपिठो बनाएर इस्रायलीहरूलाई पिउन दिएका थिए (प्रस्थान् ३२:१९,२०)। यस्तो रिसाहा मोसालाई सवभन्दा नम्र व्यक्ति भनेर हामीले कसरी बुझ्ने?

प्रभु येशू आफै पनि नम्रताको उत्कृष्ठ अनुकरणी उदाहरण हुनुहुन्थ्यो (मत्ती ११:२९)। उहाँ त्यस नम्रतालाई कुन् कुन् घट्नाहरूले हामीलाई देखाइएको छ? येशूले आफ्नो अन्तिम घडीमा कस्तो बेइज्जत सहनुभयो, के उहाँले कुनै प्रतिशोध देखाउनुभएको थियो त? हेर्नुहोस् यूहन्ना १८:२१-२३ र मत्ती २६:३९। फेरि कतिपय समयहरूमा येशूको क्रियाकलापले उहाँ नम्र र कोमल स्वभाव हुनुभएको थिएन भनेर पनि देखाउँछन्। यसको उदाहरणहरू केहि छन्।उहाँले मन्दिरको परिसरमा धर्मको नाउँमा व्यापार गर्दा उहाँले क्रोध देखाएर सबैलाई धपाउनुभएको थियो। उहाँले पण्डितहरू र पुरोहित फरिसीहरूको पाखण्डीपनाको बराबर भन्डाफोर गर्नुभएको थियो। नम्रतालाई निडर भएर प्रस्तुत गर्नुभएका यस्ता घट्नाहरूको बारेमा मनन गर्दा हामीले नम्रतालाई कसरी बुझ्ने? (के नम्र मानिस भयो भन्दैमा अन्याय,अत्याचारीको सामु घुँडा टेक्नु हो त?)

नम्रताका उपरोक्त उदाहरणहरूलाई हेर्दा तपाईंले पनि नम्र स्वभाव देखाउनु पर्दा के गर्नुभएको थियो? तिनीहरूले नम्रता भनेको के हो र के होइन भनेर तपाईंलाई कसरी बुझाउँछन्?

## ३, नम्रताको महत्व (सपन्याह २:३)

नम्र हुनु भनेको घमण्ड वा अहँ स्वभावको विपरित हो। आज भोली आत्म-गौरबको बारेमा धेरै बिचारबिमर्स भइरहेको

पाउँछौं। तर आत्म-गौरवको नाउँमा मानिसहरू कत्ति हदसम्म अग्रसर भएर अहँतामा गाभिन सक्दछन्?

परमेश्वरको वचनलाई ग्रहण गर्न मानिस नम्र हुनु जरुरी छ (याकूब १:२१)।

येशूको बारेमा गवाही दिन र सुसमाचार प्रचार गर्न नम्र हुनु अपरिहार्य छ (१ पत्रुस ३:१५)।

"हामीले के भन्छौं त्यसले अरूलाई प्रभाव पार्छ भन्ने जरुरी छैन। हामी कस्ता छौं भनेर देखाउनु बढि महत्व हुन्छ। हाम्रो आस्थाप्रति मानिसहरूले झगडा गर्लान वा ग्रहण गर्न इन्कार गर्लान्। तर निश्वार्थी जीवनलाई कसैले पनि प्रतिवाद गर्न सक्दैनन्। येशूमा आस्थावान र नम्र जीवन नै संसारको निम्ति शक्तिशाली हुन्छ। "-एलेन जी ह्वाईट, *द डिजायर अभ एजेज्*, पृष्ठ १४२बाट रूपान्तरित।

विनम्र जीवनले परमेश्वरको महिमा गर्दछ (१ पत्रुस ३:४)। "सुन्दरतालाई प्रेम गर्नु र त्यसको चाहना गर्नु उचित कुरो हो। तर परमेश्वर चाहनुहुन्छ, हामी त्यस्तो उच्चत्तम सुन्दरताको निम्ति चाहना गरौं र प्रेम गरौं जुन कहिलै पनि नाश हुँदैन वा नित्य छन्। 'नम्र र शान्त स्वभाव' भनेको 'सफा कपडा हुन् जुन सफा र सेतो' हुन्छन् (प्रकाश १९:१४। यस्तो गुण र सुन्दरतालाई कुनै पनि बाहिरिय सिँगारपटारले माथ गर्न सक्दैनन्। यहि भित्रिय नम्रताको गुणको पोशाक यस पृथ्वीका सबै भक्तजनहरूले पहिरिएको हुन्छन्। यस्तो पोशाक पहिरिन्दा तिनीहरू सुन्दरताले शुसोभित हुन्छन् र सबैले तिनीहरूलाई माया गर्नेछन्, अनि यहि नै स्वर्गको राजाको दरवारमा पस्ने उनीहरूको निम्ति टिकट हो। उहाँले प्रतिज्ञा गर्नुभएको छ, 'तिनीहरू मसँग निष्कलङ्क वा सफा भएर हिँड्नेछन्ः किनभने तिनीहरू योग्यका छन्।' प्रकाश ३:४। "-एलेन जी ह्वाईट, द आक्टस् अभ आपोस्टल्स, पृ. ५२३,५२४बाट रूपान्तरित।

बाहिरचाहिँ सुन्दर मिठासको लुगा लगाउने तर भित्रचाहिँ पवित्र आत्माको फललाई बढ्न नदिने इसाई चरित्रलाई तपाईंले के भन्ने? जब नम्रताको फल तपाईंमा बढ्दै जान्छ तपाईंको जीवन विगतको भन्दा फरक भएर कसरी देखाउन सक्नुहुन्छ? तपाईंले येशूलाई ग्रहण गरेपछि नम्रताको पक्षमा तपाईं कसरी परिवर्तन हुनुभएको महशुस गर्नुभएको छ? तपाईंको मनिस्थिति र स्वभाव कस्तो छ जसले गर्दा तपाईं नम्र हुन मुश्किल भएको महशूस गर्नुभएको छ?

## ४, नम्रको फललाई व्यवहारमा उतार्नु (मत्ती ५:३९)

हामीले अरूप्रति कस्तो व्यवहार गर्छौं त्यसले हामीमा भएको नम्रताको प्रदर्शन गर्दछ। नम्र भनेको चुपचाप वा मौनताको सफथ खानु होइन तर यो क्रियाशील गुण हो। हाम्रा वचन, मनस्थिति,मनोभाव र कामहरूले हाम्रा विनम्रतालाई देखाउँछन्। तपाईं असाध्यै सोझो वा नम्र हुनुहुन्छ भनेर तपाईंले दावी गर्नुहोला। तर तपाईंले दावी गर्नुभयो भन्दैमा तपाईं सोझो र नम्र व्यक्तित्व हुनुहुन्छ भन्ने जरुरी छैन। नम्रता केवल दावी गर्ने मात्र होइन प्रदर्शन गर्ने गुण हो।

हाम्रो जीवनमा हामीले नम्रता कसरी देखाउने भनेर देहायका पदहरूले कसरी उल्लेख गर्दछन्? हेर्नुहोस्ः मत्ती ५:३९, मत्ती १८:२१,२२, गलाती ६:१, २ तिमोथी २:२४,२५, तितस ३:२ र फिलिप्पी २:२,३। यस्ता परिस्थितिहरूमा नम्रता किन अति महत्वपूर्ण छ?

नम्र हुनु भनेको मानिसको कमजोरी देखाउनु हो भनेर कतिपय मानिसहरूको धारणा भएको भनेर हामीले अगाडि विचारविमर्स गरेका थियौं। नम्र हुनु भनेको हाम्रो कमजोरी देखाउनु होइन भनेर पनि चर्चा गऱ्यौं। माथिका पदहरूलाई तपाईंले हेर्नुभयो

भने नम्र हुनु भनेको के रहेछ भनेर देखाएको पाउनुहुन्छ। के नम्र हुन शक्ति, आत्मिक शक्तिको खाँचो हुँदैन र? प्रायजसो माथि उल्लेखित परिस्थितिहरूलाई आत्मसात गर्दा नम्र हुन कस्तो आत्मबलको आवश्यकता हुने रहेछ, के तपाईंले सोच्नु भएको छ?

हो, नम्र हुनु पवित्र आत्माको फल हो। हामीमा भएको सत नम्रता परमेश्वरबाट आएको हुन्छ हामीबाट होइन। तर दैनिक जीवनमा हामीले परमेश्वरलाई अर्पण गर्नु जरुरी छ। उहाँमा नै विश्वास र भरोसा राखेर दैनिक जीवन परिचालन गर्न राजी हुनुपर्दछ। यहि मार्ग अपनाए मात्र हाम्रो जीवनमा विनम्रको सक्कली रूप देखाउन सक्दछौं।

## ५. नम्रताको इनाम (भजन २५:९)

एक जना लेखक इ. डी. हल्सले भनेका थिए: "नम्र हुनु भनेको एक अनौठो गुण हो। तपाईंले पायो भन्ने वित्तिकै हराउँछ।"

एउटा सानो शहरका बासिन्दाले त्यस शहरको सबभन्दा सोझो र विनम्र व्यक्तिलाई पहिचान गरेर पुरस्कार दिने घोषणा गरेका थिए। त्यस शहरका बासिन्दाहरूको बिचमा को सबभन्दा नम्र व्यक्ति हो भनेर सर्वेक्षण गरियो। तिनीहरूले एक जना मानिस असाध्ये सोझो र नम्र भएको भेट्टाए। उसैलाई सार्वजनिक रूपमा सम्मान गर्ने सर्वसम्मत भयो। त्यस शहरको गन्यमान्य व्यक्तिहरू बिच त्यस अति नम्र व्यक्तिलाई एउटा रिवन दिएर नम्रताको सम्मान गरियो। त्यो रिवनमा लेखिएको थियो, "शहरको अति सम्मानित नम्र व्यक्ति।" तर भोलिपल्ट नै त्यस मानिसबाट त्यस रिबन खोसियो किनभने त्यस मानिसले त्यस रिबनलाई लगाएर रवाफिलो तरिकाले घुमफिर गरिरेहेको थियो।

नम्र व्यक्तिलाई कस्ता वाचाहरू दिएको छ र उसलाई कस्ता इनामहरू दिइनेछ भनेर देहायका पदहरूले भन्दछन् र त्यसलाई

हामीले कसरी बुझ्ने? हेर्नुहोस्ः भजन २२ः२६, भजन २५ः९, भजन ३७ः११, भजन १४७ः६, यशैया २९ः१९, मत्ती ५ः५।

माथिका पदहरू अत्यन्त सान्त्वनादायक छन् किनभने प्रायजसो मानिसहरूले सोझो र नम्र व्यक्तिहरूबाट फायदा उठाएका हुन्छन्। तर यस अध्ययनमा हामीले हेऱ्यौं, नम्र मानिस अरूको अगाडि फुँइ गरेर हिंड्दैनन्। तर उसले आफ्नो जीवनलाई परमेश्वरमा समर्पण गरिएको हुन्छ। यदि हामी पवित्र आत्माको फल, नम्रताको पोशाकलाई पहिरन सक्षम् भयौं भने यस संसारमा र अनन्तको नयाँ पृथ्वीमा इनाम पाएको अनुभव गर्न सक्दछौं।

## उपसंहारः

थप जानकारीः "येशूलाई कुनै बहुमूल्य खजाना जस्तै कसैको मनमा थुनी राख्ने होइन। उहाँलाई चिन्नेहरूले उहाँलाई गोप्य रूपमा थन्काउने होइन। अरूलाई येशू र हामीले पाएका अनन्तको ज्ञानरूपी पानीलाई बाँड्नु पर्दछ जसले गर्दा हामी जस्तै अरू पनि जीवनको पानीले ताजा हुन सकोस्। निडर भएर खुला रूपमा हामीले अरूको अगाडि येशूलाई स्विकार गर्नुपर्दछ। हाम्रो चरित्रले उहाँको कोमलता, नम्रता, दीनता र प्रेमलाई झल्काउनुपर्दछ जसले गर्दा उहाँको पवित्रताको सुन्दरता देखेर अरूले पनि उहाँलाई विश्वास गर्न राजी हुन सकून। हामीले प्रदर्शन गरेको येशूको पवित्रताले अरूको मन जीत्न सक्दछ।

कुनै अमूल्य अत्तर जस्तै हाम्रो धर्मलाई कुनै सिसीमा जमाएर राख्ने होइन। यो गर्न उचित छैन। कुनै विर्को लगाएर हाम्रो आस्थालाई छोप्नु हुँदैन, यदि छोपी राख्यौं भने येशूको मिठो प्रेमको वास्ना अरूले सुँघ्न सक्दैन।"एलेन जी ह्वाईट, *काउन्सिल अन हेल्थ,* पृ. ४००बाट रूपान्तरित।

“पैसाले येशूको शान्तिलाई किन्न सकिन्दैन। मानिस जतिसुकै प्रतिभाशाली भएपनि येशूको शान्तिलाई परिचालन गर्न सक्दैन। ज्ञानयोगको माध्यमबाट जतिसुकै ज्ञान प्राप्त गरेतापनि येशूको शान्तिको अनुभूती पाउन सकिन्दैन। यो परमेश्वरको बरदान हो। दैनिक जीवनमा येशूको पवित्र आत्मज्ञानलाई प्रयोग गर्न सकेन भने मानिसले ठूलो क्षती सहनुपर्दछ भन्ने कुरालाई मैले कसरी सम्झाउने? येशूको दीन र विनम्र नै इसाईहरूको शक्ति हुन्। येशूका यी गुण संसारको कुनै बहुमूल्य वस्तु भन्दा अमूल्य छन् र यसलाई कुनैपनि प्रवुद्ध मानिसले आविश्कार गर्न सक्दैन न त पैसालाई किन्न सक्दछ। कृतज्ञ र शान्तिले भरेको शुद्ध हृदय जस्तो अरू कुनै बहुमूल्य चिज परमेश्वरको अगाडि छैन।“-एलेन जी ह्वाईट, काउन्सिल अन हेल्थ, पृ. ४०३बाट रूपान्तरित।

**चिन्तनमननः-**

१, जो मानिस नम्र छ त्यसको जीवनमा आनन्दले भरिन्छ भनेर परमेश्वरले वाचा गर्नुभएको छ। सोझो तथा विनम्र मानिसहरू किन आनन्द र खुशी हुन्छन्? यसको धेरै कारणहरू सोच्नुहोस्। कसरी नम्रताले भर्दा तपाईंको जीवनका दैनिक पक्षलाई सुधार्न सकिन्छ?

२, नम्रतालाई कमजोरीपना भनेर मानिसहरूले कसरी गलत सोच्न सक्दछन्?

३, हामीले जतिपनि नम्रता, सोझोपना, दीनता र कोमलताको बारेमा चर्चा गर्‍यौं त्यसले एउटा महत्वपूर्ण प्रश्नलाई उठाउन सकिन्छः के इसाईहरू आफ्नो हकहित र अधिकारको लागि कहिलै उभिनु हुँदैन? के हामी हीनताबोधले लादिएर अरूको थिचोमिचोमा पर्न राजी हुनुपर्दछ र? के हाम्रो नम्रतालाई अरूले फायदा उठाउन दिने र त्यसको प्रतिवाद गर्नै नहुने हो त?

यस्तो तर्कलाई कसरी सन्तुलनमा ल्याउने? यदि सन्तुलित जीवन अपाउनुपर्छ भने कहाँ पाउने?

घ. इसाई धर्मको विपक्षमा तर्क प्रस्तुत गर्दै जर्मनका प्रख्यात दार्शनिक निटशी (१८४४-१९००)ले भनेका थिए, इसाई धर्म, कमजोरी र शक्तिहिनताको उपज हो। इसाईहरू नम्र र दीन हुन हरदम प्रयत्नशील भए, र त्यहि नै तिनीहरूको लक्ष हुन् भनेर मानिसहरूलाई आभास दिएका थिए। यस्ता खालका तर्कलाई तपाईंले कसरी जवाफ दिनुहुन्छ?

# १० पवित्र आत्माको फल आत्म संयम् हो

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** न्यायकर्ता १३-१६, १ कोरन्थी ९:२४-२७, फिलिप्पी ४:८, कलस्सी ३:१-१०, हिब्रू १२:१,२, १ युहन्ना २:१५,१६।

***स्मरण गर्नुपर्ने पद:*** "अहँ, म त मेरो शरीरलाई यसरी तालिम दिएको छु कि यो मेरो नियन्त्रणमा रहन्छ। यदि मैले मेरो इन्द्रियलाई मैले बशमा राख्न सकिन भने जब म अरूलाई प्रचार गर्छु, त्यसबेला मान्नुपर्ने नितिलाई तोडेर मैले पाउनु पर्ने इनाम गुमाउँछु।" १ कोरन्थी ९:२७।

येशूभक्तमा हुनुपर्ने आत्मसंयम वा आत्मनियन्त्रण गुण पावलले तयार पारेका गलाती ५:२२,२३को पवित्र आत्माको फलको अन्तिम शूचीमा उल्लेख गरिएको छ। तर यसको अर्थ पवित्र आत्माको फलमा आत्मसंयम सबभन्दा न्युन महत्व फल हो भनेको होइन। यो प्रथम् न हुनुपर्ने थियो, किनभने पवित्र आत्माको अरू सबै फल पाक्ने गरि फलाउन आत्मसंयताले प्रमूख भूमिका खेल्दछ। अरू सबै फललाई एकै ठाउँमा टाँसेर राख्ने माड नै आत्मसंयम हो।

आत्मसंयम कुनै त्याग वा तपस्या गरेर पाउने होइन, यो पनि पवित्र आत्माको अरू फलहरू जस्तै परमेश्वरको अनुग्रहको बरदान हो। यो अनुशासीत अनुग्रह हो भनेर पनि भनिन्छ। अनुग्रह सित्तैमा हामी पाउँछौं। तर त्यसलाई सम्हाली राख्न हामीमा अनुशासनको आवश्यकता पर्दछ, अर्थात् आत्मसंयम अपनाउन हामीले केहि न केहि गर्नुपर्दछ।

झट्ट हेर्दा आत्मसंयम भन्दा नकारात्क गुण पनि देखिन सक्दछ। तर यो अनुग्रहको एक प्रमूख भाग हो। यदि हामीले हाम्रो इन्द्रियलाई बशमा राख्न सकेनौं, हाम्रा भावना, भोक, तिर्खा, चाहना र उत्सुकताले हामीलाई नियन्त्रण गर्दछन्। त्यसैकारण पवित्र आत्माको

शक्ति र अनुग्रहले हामीले आत्मसंयमलाई रोज्नु अत्यन्त अपरिहार्य छ। यदि पवित्र आत्माको शक्तिले हामीले हाम्रो इन्द्रियलाई सम्हाल्न सकेनौं भने अरूले नै हामीलाई नियन्त्रणमा लिन हामीले स्विकार्नु पर्दछ। हाम्रो निम्ति कसैले पनि निर्णय लिन सक्दैन, कुन मार्ग अपनाउने हामीले नै रोज्नुपर्दछ।

## १, आत्मसंयताका समस्या (फिलिप्पी २:१२,१३)

आत्मसंयम भनेको आत्मनुशासन अर्थात् आफ्ना इच्छाशक्ति र दिमागलाई तालिम दिनु हो। यो परमेश्वरको इच्छामा आफूलाई ढाल्न मनोक्रान्तीलाई आत्मसात् गर्न चाहने मार्ग हो। पवित्र आत्माको फल भनेको येशूभक्तहरूलाई यो गर्नु त्यो नगर्नु आदि भनेर तिनीहरूको चरित्र वा जीवनशैलीलाई सिमित राखेर तिनीहरूको जीवन खल्लो बनाउनु होइन। आत्मसंयताले विभुषित व्यक्तित्वले अरूको हित सोच्नमा उनिहरूलाई अग्रसर गराउँछ।

१ युहन्ना २:१५-१७मा भनिएको छः "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यस मानिसमा हुँदैन। किनकि संसारमा भएका सबै थोक अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइन, तर संसारबाट आएका हुन्। संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।" हाम्रो जीवनलाई ढलाउने तिनवटा तत्वहरूबाट हामी सचेत हुनुपर्दछ भनेर माथिको पदले भन्दछ। यदि हामी होशियार भएन भने हाम्रो जीवनमा ती तत्वहरू सजिलैसँग देखा पर्न सक्दछ। तपाईं जत्तिसुकै धर्मको वस्त्र पहिरेपनि ती तत्वहरूले तपाईंलाई वशमा राख्नसक्ने प्रवल संभावना भएकोले तिनीहरूबाट तपाईं कसरी सतर्क रहने?

हाम्रो येशूभक्तको जीवन केमा केन्द्रित हुनुपर्दछ भनेर पावलले फिलिप्पी ४:८मा देखाएका छन्? तिनीहरू के हुन्? पावलको निति

अपनाउस सक्यौं भने १ युहन्ना २:१५:१६मा उल्लेख गरिएका आँखाको अभिलाषा, शरीरको अभिलाषा र जीवनको शेखीको खतराबाट हामी कसरी सुरक्षित हुनसक्दछौं?

निःसन्देह येशूभक्तको जीवनमा के गर्नु हुन्छ र के गर्नुहुँदैन भनेर तोकिएका छन्। हाम्रो आत्मासँग, शरीरसँग र संसारको मार्गसँग हामीले निरन्तर रूपमा संघर्ष गरिनै रहनुपर्दछ। यो वर्तमान समयमा हामीले गर्नु पर्ने संघर्षमात्र होइन। पावलको पनि यहि समस्या थियो। उनले नहिच्किचाइ ती समस्यालाई रोमी ७:१५-१८मा उल्लेख गरेका छन्। के कुरा गर्नु उचित छ र के कुरा गर्नु हुँदैन त्यही गर्न प्रलोभनमा आफू पनि फसेको भनेर आफ्नो आत्मसंघर्षलाई पावलले स्विकार गर्दछन्। तर त्यो आहतपूर्ण जीवनको संघर्षबाट राहत पाउन पावलले रोमी ८:१,२मा हामीलाई मन्त्र सुनाउँदछन्: “जो व्यक्ति येशूसँग रहन्छ त्यो व्यक्ति परमेश्वरले दिने मृत्युदण्डको फेसलामा बस्नु पर्दैन। अब म पवित्र आत्माको विधिको संयन्त्रणमा रहेको छु।"

हामी पवित्र आत्माको नियन्त्रणमा रहनुपर्दछ भनेर पावलले यहाँ भनिरहेको पाउँछौं। पवित्र आत्माले दिने आत्मिय जीवनबिना उहाँको फल फलाउन सकिन्दैन। हो, सुमार्गमा हिंड्न हामीमा चाहना र इच्छा होला। तर सतमार्गमा हिंड्ने शक्ति हामी आफैमा हुँदैन भनेर पावलले स्पष्ट रूपमा खुलासा गरिएको हामी पाउँछौं। हाम्रो सतप्रयास, त्याग र तपस्याले हामी कहिले सन्त हुनसक्छौं र कहिले रोमी ७को संघर्षमाथि बिजय प्राप्त गर्न सक्छौं भनेर पावलले भनेका छैनन् तर कसरी हामी बिजयी जीवन बिताउन सक्छौं भनेर आफ्नै अनुभवलाई हाम्रो सामु राख्दछ। येशूप्रति आस्थावान भएर हिंड्यौं भने हामी संसारमा बिजयी जीवन बिताउन सक्दछौं। हामीले येशूमा हाम्रो जीवन अर्पण गर्नुपर्दछ। हामी सिद्ध वा धर्मात्मा छैनौं तर हामीले उहाँको पवित्र जीवन वा धर्मी जीवनले हामीलाई छोपोस् भनेर दावी गर्न सक्दछौं। येशूमा हुँदा परमेश्वरले दिने पापको सँजायबाट उम्केर बस्न सक्दछौं। हामीले हाम्रो जीवनलाई उहाँलाई सुम्पेर पवित्र आत्माको

काबूमा रहेर हिँड्न रोज्नुपर्दछ। यदि यसो गर्‍यौं भने हामी उहाँको इच्छा पालन गर्न उत्सुक हुन्छौं र उहाँले दिनुभएको बिजय जीवनका बाचाहरूलाई हामीले दाबी गर्न सक्दछौं। उहाँका प्रतिज्ञाहरूलाई सम्हाली राख्नु धेरै महत्वपूर्ण छ। यसैबाट नै जीवनको संघर्षसँग सामना गर्न हामीले शक्ति पाउँछौं। हामी एक्लैको सतप्रयासले आत्मसंयमलाई बिभुषित भएर साधु अर्थात् सन्तको जीवन बिताउन सक्दैनौं। येशूको नाउँमा सबै पापहरूबाट बिजयी जीवन बिताउन हामीले व्यक्तिगत् रूपमा चुन्नै पर्दछ। बिश्वासीहरूको जीवन माथिको आस्थालाई सम्हाली राख्न र समतल जीवनमा पनि शारीरिक अभिलाषासँग भिँड्नुपर्ने जीवन हो। जबसम्म हामी यस संसारमा जीउँछौं तबसम्म आत्मिक र भौतिक जीवनसँग येशूको शक्तिले संघर्ष गरिनै रहनुपर्दछ।

## २. युशूफ र छोटोसमयको निम्ति धार्मिक जीवनको परिणाम (उत्पत्ति ३९:७-२०)

आफ्नै दाजुहरूका हातबाट धोका पाएर युशूफ बिरानो देशमा दास हुन बेचिएका थिए। सोझो र नम्र स्वभावको युशूफले यस्तो दुष्परिणाम भोग्नु पर्दा परमेश्वरको प्रेम र उहाँको हेरचाहमा शङ्का गर्ने प्रसस्त ठाँउहरू थिए। बालककालदेखि नै परमेश्वरको प्रेम उनलाई सिकाइएको थियो। बालककालमा रोपिएका परमेश्वरका आत्मज्ञान उनले कहिलै पनि बिर्सेको थिएन।

उत्पत्ति ३९:७-२०मा युशूफले एउटा गम्भिर समस्याको सामना गर्नु परेको थियो। तर त्यस समस्यासँग भिड्न उसले कुन् हतियार प्रयोग गरे भनेर ती पदहरूमा उल्लेख गरिएका छन्। ती हतियार के हुन् त?

युशूफले त्यस हतियारलाई प्रयोग गरेर आफूलाई क्षणिक मोजबाट बन्चित गराउँदा त्यसको परिणाम के भयो त? हेर्नुहोस्ः उत्पत्ति ३९:२०। युशूफलाई झुठो आरोप लगाएर झ्यालखानामा

फैंकिएको थियो। के त परमेश्वरप्रति बफादार र उहाँमा भरोसा राख्दा यस्तो परिणाम भोग्न बाध्य हुनुपर्दछ र?

हरेक विश्वासीले एउटा कुरालाई कहिलै पनि भुल्नु हुन्न। त्यो हो, हामी उचित र ठिक काम गर्न जतिसुकै अडिग भएतापनि त्यसको परिणाम सधैं असल नै हुन्छ भन्ने छैन। पापसँग मिलोमत्तो गर्न अश्विकार गर्दा कतिपय मानिसहरूले काम, परिवार, जीवनसँगी र आफ्नै जीवन पनि गुमाउनु परेको घट्नाहरूले इसाई इतिहास भरिएको हामी पाउँछौं। बाइबलमा यस्ता उदाहरणहरू प्रसस्त पाउँछौं। शायद यस्ता अनुभवमा डुबेका व्यक्तिहरूसँग व्यक्तिगत रूपमा तपाईं पनि परिचित हुनुभएको होला। हुन सक्छ तपाईं पनि यस्तो अनुभवबाट गुज्रनु भयो होला वा गुज्रिरहनुभएको होला। मानौं युशूफले आफ्नो जीन्दगी नै जेलमै बस्नु परेको भए के हुन्थ्यो होला? के उसले ठिक्कै काम गरेको थियो होला र?

संसारमा दुई थरीका मानिसहरू हुन्छन् भनेर पावलले गलाती ६:८मा उल्लेख गरेका छन्। ती दुईमा के भिन्नता छन्? तिनीहरूको स्वभावमा के विपरित पाउँछौं? हामीले जे रोप्छौं त्यो किन महत्वको विषय हुन्छ? पावलले उल्लेख गरेको अनुसार युशूफले जे गऱ्यो त्यो ठिकै गऱ्यो भनेर बुझ्न हामीलाई किन सरल भएको छ? अनुचित काम गर्न अश्विकार गर्दा युशूफले केहि वर्ष जेलमा बिताउनु परेको थियो। छोटो समयको लागी होस् वा लामो समयको लागि होस् जस्तोसुकै दुःख भोग्नु परेतापनि परमेश्वरको नजरबाट नतर्किन युशूफले जुन बाटो अपनाए त्यो हाम्रो निम्ति अनुकरणीय उदाहरण भएको छ। त्यसको सऱ्हाना हामीले गर्दा हामीलाई परमेश्वरप्रति ढल्काउन सहयोग गर्दछ।

## ३. सामसन र असफल भक्ती जीवनका फलहरू (न्यायकर्ता १३:२४,२५)

विश्व विख्यात महाबिर सामसनको बारेमा बाइबलको पुस्तकको न्यायकर्ता १३-१६ वर्णन गरिएको छ। आत्मसंयिता र खानपिनमा

संयता नअपनाउँदा कस्तो नतिजा ल्याउँछ भनेर उपर्युक्त पदहरू पढ्नुहोस्। सामसनका उदाहरणबाट हामीले अत्यन्त धेरै प्रभावशाली पाठहरू सिक्न सक्दछौं। धेरै प्रतिभाहरूले सम्पन्न भएको र धेरै प्रतिज्ञाहरूले सुशोभित सामसन जस्तो मानिस पनि परमेश्वरको असफल भक्त हुन सक्दछ भन्ने यथार्थतालाई ध्यान गर्नुपर्दा अत्यन्त दुःखदायी हुनु स्वभाविकै हुन्।

"युशूफले पाएका शक्तिका श्रोत सामसनले पनि पाएका थिए। सामसनले पनि आफ्नो इच्छा अनुसार ठिक र वेठिक काम गर्न रोज्न सक्दथ्यो। तर उसले परमेश्वरको शक्तिमा आफूलाई सुम्पन्नुको सट्टामा आफूले इच्छा गरेका जङ्गली अभिलाषाहरूले उसलाई नियन्त्रण गर्न दियो। सामसनले शरीरको अभिलाषाले गर्दा ठिक र वेठिकलाई मिसायो। परमेश्वरले सामसनलाई उच्च ओहोदामा जीम्मेवार वहन गर्न खटाउनु भएको थियो। त्यसमा ऊ सरसम्मानसाथ उपयोगी महापुरुष हुनसक्थ्यो। तर परमेश्वरको आज्ञा तथा विधिहरूलाई पालन गर्नु भन्दा पहिले आफूले आफूलाई बशमा राख्न सिक्नु अनिवार्य थियो। युशूफलाई पनि के रोज्ने भनेर मौका दिएको थियो। दुवै असल र खराबको सामना उसले गर्नु परेको थियो। शुद्ध, पवित्र र सम्माननिय जीवन वा दुष्टको जीवन चुन्ने परिक्षा युशूफको सामु खडा भएको थियो। तर उसले जुन ठिक वा उचित थियो, त्यसलाई चुन्यो र परमेश्वरले त्यसको अनुमोदन गर्नुभयो। सामसन पनि झण्डै त्यहि परिस्थितिमा परेको थियो। तर परमेश्वरको सर्वोच्चता भन्दा आफ्नो शरीरलाई पोस्ने अभिलाषा त्यसै आएको थिएन, उसले त्यो आफैले निम्त्याएको थियो। यसले गर्दा उसले आफ्ना चाहनाहरूले उसलाई नियन्त्रण गर्न दियो। जुन मार्ग सामसनले अपनायो, त्यस मार्गले उसलाई लज्जा, दुर्गती, विनाश र अकालमै मृत्युको फन्दामा पर्‍यो। युशूफ र सामसनको जीवनमा कस्तो भिन्नता थियो !" एलेन जी ह्वाईट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली २, पृष्ठ १००७बाट रूपान्तरित।

सामसनको बारेमा के सन्देश र चेतावनी न्यायकर्ता १३:२४,२५मा हामीले पाउँछौं?

सामसनबाट महान कुराहरूको अपेक्षा गरिएको थियो। ऊ धेरै प्रतिज्ञाहरूले सुशोभित भएका थिए। तर उसले आफ्नो स्वार्थी चाहनाले हरेक असल कुराहरूलाई दवाउन दिइयो। हो, यस्तो संघर्षको यथार्ततामा यस संसारमा नरहने को होला? येशू र सैतानको बिचमा जुन महान् विवाद वा युद्ध भयो त्यो कुनै साङ्केतिक वा मनगढन्ते पौराणिक पुरान थिएन। यसले येशू र सैतानको बिचमा भइरहेको युद्धलाई चित्रण गर्दछ। यो केवल स्वर्गमा भएको युद्धमात्र नभएर हामी हरेकले सामना गरिरहेका युद्ध हो। तर, येशूले सबैलाई उहाँको विजयमा सहभागी हुन बाटो खोल्नु भएको छ। यो यथार्तबाट हामी भाग्न सक्दैनौं कि हाम्रो हृदय र शरीको निम्ति भइरहेको युद्ध हाम्रै हृदय र शरीरमा भइरहेको छ। निसन्देहः येशूले हाम्रो निम्ति युद्ध जित्नु भयो। तर हरदम हामीले उहाँको बिजयलाई हामीले दावी गरिनै रहनुपर्दछ र त्यसलाई रोजी नै रहनुपर्दछ। येशू र सैतानको बिचमा भइरहेको युद्धमा हामी कस्को पक्षमा लाग्न चाहन्छौं भन्ने आत्मनिर्णयको अधिकार हामी प्रत्येकलाई सुम्पिएको छ।

तपाईंको मन र शरीरमा भइरहेको महान् युद्धलाई तपाईंले कसरी अनुभव गरिरहनुभएको छ? तपाईंले के चुनीरहनुभएको छ? तपाईंको रोजाइले तपाईं कस्को पक्षमा हुनुहुन्छ भनेर कसरी देखाइरहेका छन्?

## ४, पावलको जीवनको लामो दौड (१ कोरन्थी ९:२४-२७)

“के तिमीहरूलाई थाहा छैन, दौडमा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड। खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ। तिनीहरूनष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर तिमीहरूचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौ। यसकारण लक्ष्य नराखी म

दगुर्दिंन। हावामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिनँ। तर म आफ्नो शरीरलाई कठोरतासाथ सघाउँछुर यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु।" १ कोरन्थी ९:२४-२७।

कोरन्थीका चर्चका विश्वासीहरूलाई लेखेका पावलको उपरोक्त अठौतलाई प्रार्थनासाथ सोचविचार गरेर पढ्नुहोस्। पावलले गर्नु परेका आत्मसंघर्षलाई ती पदहरूमा खुला रूपमा वयान गरेका छन्। येशूका मूर्धन्य (सर्वोत्तम) अनुयायी, प्रखर वक्ता, येशूको लागि सर्वत्यागी, विश्वासीमा महापुरुष तथा अनेकौं यातना खप्ने पावलले त आफूसँग, पापसँग र शरीरसँग मुकाविला गरेर येशूभक्त मार्गमा हिंड्नु परेको थियो भन्ने ज्ञानले हामीलाई सान्त्वना नमिल्ने त कुरै छैन। येशू शान्तिको मार्गमा हिंड्नु पर्दा भिंड्नु पर्ने संघर्षमा हामी कहिलै पनि एक्लो ठान्नु हुँदैन। परिक्षा रूपि खडा भएका शरीर र महत्वाकाँक्षा जस्ता तत्वहरूसँग लडेर जित्न सफल भएका मानिसहरूले स्वर्ग भरिनेछ। यस यथार्तबारे के तपाईंले सोच्नुभएको छ?

पावलले व्यक्त गरेका माथिका वचनहरूको आधारमा देहायका प्रश्नहरूलाई जवाफ दिनुहोस्:

क. पाप र शरीरसँग हामी संघर्ष गरिरहनुपर्छ भन्ने कुरालाई पावलले के सँग तुलना गर्दछन्,जसले गर्दा हामीलाई बुझ्न सजिलो हुन्छ? कुन चिन्ह र अनुशासनलाई औंल्यायर हाम्रो संघर्षलाई भिन्न तरिकाले पावलले देखाएका छन्?

ख. अध्यात्मिक जीवनमा प्राप्त गर्नेपर्ने इनामको निम्ति जुन दौड पावलले गरिरहेका छन्, त्यो पाइन्छ भनेर उनी कत्तिको विश्वस्त थिए? उसको दृढता कहाँबाट आएको थियो? हामीमा पनि त्यहि दृढता वा विश्वास हुन किन जरुरी छ?

ग. जीवनको संघर्ममा परमेश्वरमाथिको विश्वासमा अटल भएको पावलले देखाउँछन्। तर रोचक त के भने असफल पनि संभव छ भनेर पावलले लुकाएको पाउँदैनौं। पावलले यसबारे कसरी खुलासा

गर्दछन्? त्यसको जवाफ उनले कसरी दिएको छ? यस अध्यायमा अध्ययन गरेको विषयमा पावलको जवाफ कसरी मिल्न आउँछ?

## ५. आत्म-संयतामा कसरी बढ्ने (हिब्रू १२:१)

"यसकारण यतिका साक्षीहरूको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हरकिसिमका बोझा र हामीलाई सजिलैसँग अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं।" हिब्रू १२:१।

यस भन्दा अगाडिको बुँदामा हेरेको झैं पावलले फेरि यहाँ हाम्रो जीवन दौडसँग तुलना गरेको पाउँछौं। तपाईंले के बोझहरू थामी रहनुभएको छ जसले गर्दा तपाईंको आत्मिक जीवनलाई हतोत्साह पारिराखेको छ?

येशूमा नयाँ जीवन बिताउन चाहनेहरूको पवित्र जीवन कस्तो हुन्छ भनेर पावलले कलस्सी ३:१-१०मा नितिनिर्देशनहरू दिएका छन्। यदि हामी आत्म-संयम अपनाएको अनुशासित जीवन बिताउन चाहन्छौं भने ती पदहरूले हामीलाई धेरै महत्वपूर्ण कुराहरूलाई पावलले औंल्याएको पाउँछौं। यहाँ ती कुराहरूका कस्ता शूची पावलले बनाएका छन्? पापको बोझले सजिलैसँग लाडिएका हामीलाई पावलको उपरोक्त नितिनिर्देशनलाई पालन गर्दा बिजयी जीवन यापन गर्न कसरी सघाउँछ?

हामीले पाएका प्रत्येक दक्षतालाई व्यवहारमा ल्याउनु पर्दछ। आत्म-संयता वा आत्म-नियन्त्रण एकै दिनमा हुने कुरा होइन। जब हामी दिनहुँ यस नितिलाई अभ्यास गर्छौं सफल र असफलताको सामना हामीले गर्दछौं। यो फेरि कुनै ठूला ठूला कामहरूमा देखाउने पनि होइन। सानो तिनो र झिनो कुराहरूमा हामी कतिको संयता छ भनेर देखाउँछौं। कतिपटक त आत्मसंयता अपनाउनबाट हामी चुक्छौं पनि। "विश्वासको उत्तम लडाँइ लड। अनन्त जीवन पक्रिराख।" (१ तिमोथी ६:१२)। "मैले ती कुराहरूलाई पाइसकें भनेर दावी गर्दिन। म अझसम्म सिद्ध बनिएको छुइन। तर जुन कुराको निम्ति खीष्टले मलाई

पक्रनुभयो, त्यसलाई हात पार्नका निम्ति म अघि बढिरहेको छु।"(फिलिप्पी ३:१२)।

आफ्नो कमजोरीलाई जाँच्न तपाईंले त्यस्तो परिस्थितिमा आफूलाई नपार्नुहोस्। प्रलोभन, लालसा, महत्वाकाँझा तथा मनलाई लोभ्याउने आगोहरूको बिचमा हामी पर्दा त्यसलाई निभाउन कठिन हुन्छ भन्ने कुरालाई हामीले स्विकार गर्नु पर्दछ। दुष्ट, खराब, नराम्रो जे छ त्यस्तो कुराबाट हामी पन्छिएर बस्नै पर्दछ (१ थेस्सोलोनिकी ५:२२)। “बरू तिमी येशू ख्रीष्टलाई पोशाक झैं लगाउ। तिम्रो पापको स्वभावलाई कसरी संतुष्ट पार्ने भन्ने कुरालाई सोच्न पनि नसोच।" (रोमी १३:१४)।

तपाईंको कुन कुन पक्षहरू छन् जसमा आत्मसंयता अपनाउन कमजोरी पाउनु भएको छ? खान नहुने कुराबाट बिजय पाउनु भन्दा घृणा, राग, द्वेष, ईख र तितोपनाबाट बिजय पाउन किन कठिन छ त? आत्मसंयता अपनाउन तपाईंको जीवनमा तपाईंले के कुराहरूमा परिवर्तन ल्याउन आवश्यक छ?

**उपसंहारः**

थप जानकारीः एलेन जी ह्वाईटद्वारा लिखित पाट्रियार्क र प्रोफेट्सको "सामसन" भन्ने अध्याय पृ. ५६०-५६८ पढ्नुहोस्।

“ परमेश्वरले आमा मनोहालाई दिएको प्रतिज्ञा सामसन जन्मिएपछि पूरा भएको थियो। जब त्यो बालक बढ्दै गयो, उसमा अजिबको शारीरिक शक्ति थियो भन्ने कुरा स्पष्ट भएको थियो। तर सामसनमा भएको महाबिरको तागत उसको शारीरिक बनावत वा बलियो मसलमा नभएर नाजरीको शपथ वा प्रणमा थियो। सामसनले नकाटी राखेको लामो कपालले ऊ परमेश्वरको निम्ति अलग गरिएको नाजरिन व्यक्ति भनेर देखाउँथ्यो। यदि उनका बाबु र आमाले अपेक्षा गरेको अनुसार परमेश्वरमा समर्पित र विश्वासी जीवन उसले बिताएको भए कति गरिमामय र सुखी जीवन बिताउँथ्यो होला। तर सामसनले

मूर्ति पुजक र परमेश्वरको गिल्ला गर्नेहरूसँग मिल्न जाँदा उसको पतनलाई निम्त्याइएको थियो। सामसन बसेको झोरा शहर फिलिस्तिनहरूको देशमा थियो। त्यसकारण रहनसहनमा ऊ ती अविश्वासीहरूसँग घुलमिल भयो र मित्रता कायम राख्यो। टिम्ना भन्ने फिलस्तिनिको शहरमा बस्ने एक सुन्दरी स्त्रीसँग ऊ फस्यो। सामसनले उनलाई आफ्नी पत्नी बनाउन निधो गऱ्यो। परमेश्वरमा समर्पित सामसनका बाबु आमाहरूले त्यस चासोबाट उसलाई अलग राख्न खोजे। तर उसको एउटै जवाफ थियोः "उनलाई म असाध्ये मन पराउँछु।" उसको ढिपीमा आमाबाबुको केहि शीप लागेन र अन्तमा उसको इच्छा अनुसार त्यस केटीसँग सामसनको बिवाह गराइयो।" एलेन जी ह्वाईटः *पाट्रियार्क एण्ड प्रोफेट्स,* पृ. ५६२बाट रूपान्तरित। यस पछि सामसनको गति के भयो सो न्यायकर्ता १३-१६ पढ्नुहोला।

**चिन्तनमनन्**

१, सन १९७०मा अमेरिकामा एउटा सनसनीपूर्ण घट्ना भएको थियो। त्यसबेला अमेरिकाको राजधानी वाटरगेट भन्ने एक होटेलमा अमेरिकाको राष्ट्रपति उम्मेदवारको प्रतिपक्षी उम्मेदवार र उसका पार्टीका सहयोगीहरूको भेला भएको थियो। त्यस भेलामा सत्तारुढ दलले तिनीहरूको जासुसी गरेको थियो। जब यो कुरो बाहिर आयो, अमेरिकाका मानिसहरू अत्यन्त स्तम्भित भए। त्यस काण्डमा जी. गर्डन लिड्डी भन्ने व्यक्तिको संलग्नता थियो। ती जासुसी काण्डमा उसको पनि प्रमुख भुमिका देखिएकोले अरू भन्दा उसलाई बढि जेल सजायँ दिइएको थियो। एक दिन उसले एउटी युवतीलाई केहि अपाराधी काममा सहयोग गर्न उनको सहयोग मागे। लिड्डीले ती युवतीलाई एउटा होटेलमा खान बोलाए। तिनीहरूको बिचमा छलफल भइरहेकै बेलामा त्यस युवतीले उसलाई कसरी विश्वास गर्ने अर्थात् उसले धोका दिँदैन भनेर कसरी यकिन गर्ने भनेर सोधिन्। यदि उसलाई

समात्यो भने त्यस युवतीलाई पुलिसको हातमा सुम्पन्दैन भन्ने कसरी विश्वास गर्ने। लिङ्गीले आफूमा भएको आत्मसंयतालाई प्रमाणित गर्न खोजे। उसले आफ्नो औँला टेबुलमा भएको बलिरहेको मैन बत्तीमा राखे। अनि उसको छाला बल्न नथालुन्जेल आफ्नो औँला झिकेन। आफूसँग कतिको आत्मसंयम छ भनेर लिङ्गिले प्रमाणित गर्न खोजेको थियो। त्यस खालको आत्मसंयम र यस अध्यायमा पढेका पवित्र आत्माको फलबाट हुने आत्मसंयममा के भिन्नता छ? लिङ्गिले देखाएका आत्मसंयमलाई मूल्य र मान्यतामा के हामीले परिवर्तन गर्न सक्छौँ त? के आत्मसंयम र अनुशासन भनेको सधैँ असल र आवश्यक हुनै पर्छ र?

२. आफूले आफूलाई नियन्त्रण गर्न सकिन्छ भन्दैमा त्यसको सिमा छैन र? आत्मसंयमको नाउँमा रितिरिवाजलाई अपनाउन वाध्य हुने खतरादेखि कसरी सतर्क हुने?

३. कुनै मानिस दश आज्ञालाई अक्षरस पालन गर्दा दुःख पाइरहेको तपाईँलाई थाहा छ? हुन सक्छ कोहिले व्यक्ति युशूफले जस्तै निति अपनाउँदा कष्ट र मुश्किलको जीवन बिताइरहनुपरेको होला। यस्तो संकटको घडिमा त्यस व्यक्तिलाई तपाईँले कसरी सहयोग गर्न सक्नुहुन्छ?

✞📖✞

## ११

# पवित्र आत्माको फल
# धार्मिक्ता र धर्मपरायणता हो

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* मत्ती २३:२५-२८, रोमी ३:२८, रोमी ८:४, रोमी १०:३, गलाती ३:६, १ युहन्ना २:३-६, १ युहन्ना ५:१-३

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "जुन ठिक वा उचितको लागि भोकाउँछन् र तिर्खाउँछन्, तिनीहरू धन्यका हुन्। किनभने तिनीहरू तृप्त हुनेछन्।" मत्ती ५:६।

गत अध्यायहरूमा पवित्र आत्माका नौवटा फलहरूको बारेमा अध्ययन गरेका थियौं (गलाती ५:२२,२३)। अबको अर्को दुई अध्यायमा पवित्र आत्माका अरू दुईवटा फलहरूको बारेमा अध्ययन गर्नेछौं: "किनकी सबै भलाइ, धार्मिकता र सत्यतामा नै पवित्र आत्माको फल पाइन्छ।" (एफिसी ५:९)। भलाइ, उदारता, सबैको हित चाहने, कृपालु हुने गुणको बारेमा पावलले बताउँछन्। यो भयो सबैले मान्य भएको मानव धर्म भनेर कहलाइएको मानव जातिमा हुनुपर्ने उत्तम गुण। तर पावलले धार्मिकता र सत्यतालाई पनि माथिको पदमा जोडेको पाउँछौं। यस अध्यायमा धार्मिकता वा धर्मपरायणता भनेको के हो भन्ने अर्थपूर्ण विषयको बारेमा अध्ययन गर्नेछौं।

बाइबलको वा इसाई धर्मदर्शनको परिवेशमा धार्मिकता वा धर्मपरायणतालाई दुई अर्थमा बुझ्छौं। प्रथमतः येशूले जिम्मेवार लिनुभएको उहाँको धार्मिकता। यसको अर्थचाहिँ येशूले हाम्रो निम्ति के गर्नुभयो त्यो कार्यलाई लिइन्छ। उहाँकै धार्मिकताले हाम्रो पापलाई ढाक्दछ र हामीलाई स्वर्गको नागरिक हुने हक प्रदान गर्दछ। दोश्रोचाहिँ, येशूले हामीलाई प्रदान गर्ने उहाँको धार्मिकता।

अर्थात् पवित्र आत्मा मार्फत येशूले हामीबाट गर्ने कामकार्वाही। हामीलाई उहाँको प्रतिरूपमा ढाल्न धार्मिकताले परिवर्तन गर्दछ। धार्मिकताको दुई भागहरू छन्। तर जति भागहरू भएतापनि सबै धार्मिकता वा धर्मपरायणता एकै हुन्- त्यो हो हाम्रो होइन येशूको धार्मिकता। येशूको यस धार्मिकता बिना हामीमा मोक्ष अर्थात् मुक्तिको आशाको सम्भावना छैन।

## १, धार्मिकताको अपरिहार्यता (मत्ती ६:३३)

देहायका पदहरू पढ्नुहोस् र त्यसपछि तल दिएका जिज्ञासाहरूको उत्तर दिनुहोस्: रोमी ३:२८, भजन ११:७, हितोपदेश १५:९: १ पत्रुस २:२४, रोमी ८:४, मत्ती ६:३३, १ युहन्ना २:२९।

यदि हामीले अपनाउनु पर्ने धार्मिक विधिविधान वा दश आज्ञालाई पालन गर्दैमा हामी धर्मात्मा वा परमेश्वरको सामु ठिक ठहर्दैनौं भने केले हामीलाई शुद्ध वा धर्मात्मा बनाउँछ त?

हामीलाई थाहा छ, परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ तर पापीलाई माया गर्नुहुन्छ। तब हामीले कुन गलत निर्णयहरू नगर्न हामी चनाखो हुनुपर्दछ?

यसको अर्थ के हो तः "परमेश्वरले हामीलाई दिनुभएको दश आज्ञाको विधिलाई पूर्ण रूपमा पालन गर्न सक्दछौं। हाम्रो पापी स्वभावले अब हाम्रो जीवनशैलीलाई बशमा राख्न सक्दैनन।" (रोमी ८:४)? परमेश्वरको आज्ञाले गरेको अपेक्षा अनुसार के हामी साँच्चिकै चल्न सक्दछौं र? वा पावलले अरू कुनै कुरा भन्न खोजीरहेका छन्? यदि छन् भने के हो त?

जब हामी परमेश्वरको राज्य र उहाँको धार्मिकताको मार्गमा प्रथम पटक हिंड्छौं, हाम्रो जीवनमा के परिवर्तन भएको आभास हामीले पाउनुपर्दछ?

धार्मिक काम अर्थात् धर्मकर्म गर्नु भनेको के हो त? धार्मिक काम नगरी के हामी धर्मात्मा बन्न सक्छौं र? अर्थात् धर्मको लुगा पहिरिएर सबैको अगाडि धर्मात्मा मानिस भनेर नकहलाउँदै पनि के परमेश्वरको अगाडि ठिक वा धर्मात्मा हुन सक्छौं र? यस जिज्ञासालाई जवाफ दिनुहोस्।

## २, आफ्नै प्रयासमा धर्मात्मा बन्न खोज्नु (रोमी १०:३)

"किनभने परमेश्वरबाट आउने धार्मिकताको बारेमा नजानेर तिनीहरूको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधिनमा रहेनन्।" (रोमी १०:३)। षावलको यस अभिव्यक्तिलाई तपाईंले के भन्नुहुन्छ? कुन मानिसहरूको बारेमा पावलले चर्चा गरिरहेकाछन्? कसरी आफ्नै धर्म-कर्मले मानिसहरू आफूहरूमा धर्मात्मा स्थापना गर्न खोजेका छन्? तिनीहरूमा मानविय स्वभाव भएको कारणले आफ्नै प्रयासमा मानिस धर्मात्मा बन्न किन असम्भव छ?

"आफूले नै गर्नु" भनेर लेखेका थुप्रै यस्ता पुस्तकहरू बजारमा प्रसस्त छन्। यी पुस्तकहरू पढेर मानिसहरू आफैले धेरै कुराहरू सिक्न र मर्मत गर्न सक्दछन्। जस्तै कसरी कम्प्युतर सिक्ने, मर्मत गर्ने, कसरी मेच टेबुल बनाउने, कसरी घरका बत्ती तथा धाराहरू बनाउने आदि। यी किताबहरू पढेर आफ्नो आवश्यकता पूरा गर्नलागि कुनै दक्ष तथा तालिम प्राप्त व्यक्तिहरूको आवश्यक पर्दैन। आफ्नै खुट्टामा उभिएर सम्पन्न भएको व्यक्तिलाई सफल मानिस भनेर हामी कतिपटक भन्छौं। भौतिक उपलव्धीमा यो सत्य सावित हुनसक्ला, तर बाइबलको अनुसार परमेश्वर बिना कोहि पनि आफ्नै प्रयासमा धर्मात्मा बन्न सकिन्दैन। धर्मको लुगा लगाएर दान तपस्या आदि गरेर धर्म कमाउन अथक प्रयास गरे पनि परमेश्वरको अगाडि धर्मात्मा कहलाइन असम्भव छ भनेर बाइबलले

भन्दछ। हाम्रो धर्मकर्म फोहोरी ठाङ्ग्ने लुगा जस्तै छ भनेर परमेश्वरले यशैया ६४:६मा भन्नुभएको छ। आफ्नै बुद्धिले धर्मी मानिस बन्न खोज्दा कतिपटक त हामी गलत बाटोमा पनि पर्न सक्छौं।

आफ्नै अथक प्रयासले धर्मात्मा बन्न खोज्नेहरूसँग कस्तो समस्या भोग्नु पर्छ भनेर येशूले मत्ती ५:२० र मत्ती २३:२५-२८मा स्पष्ट रूपमा खुलासा गर्नुभएको छ?

आफू असल वा धर्मी बन्न प्रभु येशूमा कत्तिको भर पर्नपर्छ भन्ने कुरालाई प्रत्येक येशूभक्तले जान्नु अनिवार्य छ। तिनीहरू पवित्र वा सन्त बन्न तिनीहरूको धार्मिक कार्यकिलापले होइन तर येशूले गर्नुभएको काममा भर परेकोले बन्न सक्छन्। फेरि तिनीहरूले येशूको निम्ति के के महान् कामहरू गरे भन्दैमा तिनीहरूले स्यावासी पाएर अनन्त जीवनको हकदार हुने पनि होइन। यदि कसैले यस सत्यलाई बिर्सियो भने ऊ आफूलाई अरू भन्दा धर्मात्मा भनेर दावी गरेर लोभमा पर्न सक्दछ। यसले उसलाई अहँतामा डोऱ्याउँछ र अतिबादी हुन प्रोत्साहन गर्दछ। यसको फलस्वरुप धर्मलाई नै वितृष्णा जगाउन मानिसहरूलाई उक्साउँछ। यसको ज्वलन्त उदाहरण फरिसी र धर्मशास्त्रको पण्डितहरू थिए। येशूले तिनीहरूको धर्मको भेषलाई भण्डाफोर गर्नुभएको थियो। मानिसहरूले तिनीहरूले के भन्ने होला भन्ने कुरामा तिनीहरू बढि चिन्तित थिए। तर परमेश्वरको महिमाको निम्ति कसरी ज्योति बन्ने भन्ने अत्यावश्यक कुरामा तिनीहरूले ख्यालै गरेका थिएनन्।

फरिसी र शास्त्रीहरूको अवगुणलाई त तपाईंले पाली रहनुभएको छैन? यदि छ भने, कसरी? यस्तो धराप तपाईंले थाहै नपाउने गरि अझ कतिको गोप्य हुनसक्छ भन्ने कुरालाई के तपाईंलाई थाहा छ?

## ३. येशू हाम्रो धार्मिकता (रोमी ५:१७)

"यदि एक जना अपराधको कारण मृत्युले राज्य गऱ्यो भने त झन् बढता गरी प्रशस्त अनुग्रह र धार्मिकताको बरदान पाउनेहरूले एक जना अर्थात् येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन्। यसैले जसरी एउटै अपराधद्वारा सबै मानिसलाई दोषी ठहराउनलाई न्याय आइलाग्यो, त्यसै गरी धार्मिकताको एउटै कामद्वारा सबै मानिसलाई जीवनको निम्ति धर्मी ठहराउनलाई सित्तैंको बरदान आयो।" रोमी ५:१७-१८। पावलको यस भनाईलाई आफ्नै शव्दहरूमा उतार्नुहोस्। हामी कसरी परमेश्वरको न्यायमा परेका छौं? र हामी कसरी धर्मी ठहरिन्छौं?

गलाती ३:६ र याकूब २:२३को अनुसार धर्मी हुनु भनेको येशूको बरदान हो। यदि यो बरदान हो भने हामीले कसरी पाउने त?

रोमी ५:१९मा आज्ञा भंग अर्थात् परमेश्वरको आज्ञाको उल्लंघन र आज्ञाकारी अर्थात् परमेश्वरको आज्ञालाई मान्ने भनेर उल्लेख गरिएको छ। एक जना मानिसले (आदम) परमेश्वरको आज्ञालाई अवज्ञा गर्दा हामी सबै पापी ठहर्न पुग्यौं। यो बाइबलको आधार शिक्षा हो। आदमको पापले गर्दा सम्पूर्ण मानव जात पापमा जाकियो। यसको नतिजा हामीले दिनदिनै देखिरहेकाछौं। कोहि पनि यसबाट उम्कन सकेको छैन।

फेरि त्यहि पदमा आज्ञापालनको विषयमा चर्चा गरिएको छ। कसले आज्ञापालन गरे? निसन्देहः येशूले हो। हाम्रो मुक्तिको निम्ति चाहिने धार्मिकता उहाँमा मात्र छ। फेरि यहि धार्मिकता ती सबैलाई दिइएकोछ जो परमेश्वरको प्रसस्त अनुग्रहको उपभोग गर्न सक्दछ (रोमी ५:१७)। हो, त्यहि पदमा पावलले भन्दछन्, जसले यस अनुग्रहलाई प्राप्त गर्दछ त्यसले धार्मिकताको बरदान पाउँछ। याद गर्नुहोस्, धार्मिकता अर्थात् मानिस धर्मात्मा हुने स्वभाव त्यस

मानिसको प्रयासले होइन बरू येशूको उपहारले हो। उपहार पाउन स्वतः कोहिले पनि काम गर्दैन न त त्यसकोलागि योग्यनै हुनुपर्छ। किनभने कुनै पनि उपहारलाई आफ्नो अथक प्रयासबाट आर्जन गर्दछ वा त्यसलाई पाउने उसको हक हो भनेर दावी गर्दछ त्यसमा अनुग्रहको भूमिका हुँदैन (रोमी ४:४)।

तर परमेश्वरले दिने मुक्ति वा धार्मिकता शर्त बिना दिने उपहार होइन। येशूको धार्मिकता स्वतः सबैलाई दिइने उपहार होइन। यसमा पावलले स्पष्ट पार्दछन्। जसले ग्रहण गर्दछ त्यसले मात्र त्यो उपहार पाउँछ। जसले विश्वास गरेर दावी गर्दछ, त्यसलाई धार्मिकताको बरदान दिइन्छ। जसरी अब्राहमले परमेश्वरलाई विश्वास गरे तब उनी धर्मी मानिसमा गनिए। अर्थात् धार्मिकता उनलाई, उपहार स्वरुप प्रदान गरियो (गलाती ३:६)।

परमेश्वरमा मात्र आस्था तथा विश्वास गरेर मोक्ष पाइन्छ भन्ने कुरालाई के तपाईंले स्पष्ट रूपमा बुझ्नुभएको छ? फेरि तपाईंको विश्वासद्वारामात्र तपाईंलाई येशूको धार्मिकता वा धार्मिक स्वभाव दिएको हुन्छ भन्ने आत्मज्ञानलाई तपाईंले कत्तिको बुझ्नुभएको छ? उहाँकै धार्मिकताले गर्दा मात्र तपाईंलाई परमेश्वरको सामु उभिन दिइएको छ। यस सुसमाचारको जग नै येशूको धार्मिकताको उपहार भन्ने आत्मज्ञानलाई अझ बुझ्न तपाईंले के गर्नुपर्दछ?

## ४, धार्मिकता र आज्ञाकारिता (१ युहन्ना २:२९)

खीष्टको धार्मिकताले हामी ढाकिएका छौं। तर त्यस धार्मिकतालाई हाम्रो जीवनले देखाउनु पर्दछ। धार्मिकता भनेको परमेश्वर र मानिसको बिचमा हुने सम्झौता होइन। जो मानिसमा यो हुन्छ उसको जीवनले त्यसको वास्तविकताको अनुभव गर्दछ। युहन्नाका वचनहरूलाई हामीले कस्तो सावधानी पूर्वक अपनाउनुपर्दछ, हेर्नुहोस् तः "प्रीय बालकहरू हो, कसैले पनि

तिमीहरूलाई गलत बाटोमा डोऱ्याउन नदेउ। जो उचित वा ठिक काम गर्दछ, त्यो व्यक्ति पवित्र वा सन्त हो, जसरी ख्रीष्ट पनि पवित्र हुनुहुन्छ।" (१ युहन्ना ३:७)।

धर्मपरायणता वा धर्मात्मा हुने नाउँमा मानिसले हामीलाई कसरी धोका दिन सक्दछ? के मानिसले हामीलाई धर्मी हुनु भनेको यो हो भनेर उनीहरूको वाख्याको पासोमा सजिलैसँग पार्न सक्दछन् र?

धर्मी हुनु भनेको पवित्र आत्माको फल हो र यो सोझै आज्ञाकारितसँग गाँसिएको हुन्छ। कतिले त विश्वासद्वारा मुक्ति पाएको हुनाले परमेश्वरको आज्ञालाई पालन गर्न जरुरी छैन भनेर प्रचार गर्दछन्। येशूभक्तलाई कसैल यो पनि भनेर बहकाउन सक्दछः “हेर, तिमीले येशूलाई मुक्तिदाता भनेर ग्रहण गऱ्यौं। अब के तिमीले उहाँलाई जीवनको स्वामी भनेर ग्रहण गर्दैनौ र? किन परमेश्वरको आज्ञाहरूलाई पालन गर्नुपर्छ भनेर चिन्ता गर्ने?" हाम्रो मुक्ति र परमेश्वरको इच्छालाई पालन गर्ने भनेको छुट्टाछुट्टै विषय वस्तु हो भनेर यस्तो भनाइले हामीलाई भ्रममा पार्न खोज्दछन्। मुक्ति भनेको के हो भनेर यसरी बुझाउनु गलत हो। जसले मुक्ति पाएको छ ऊ धार्मिक जीवनको जीवित उदाहरण हुन्छ भनेर युहन्नाले लेखेका छन्।

युहन्नाले १ युहन्ना २:३-६मा हामीलाई के औंल्याइरहेकाछन्?

आज्ञाकारिताको बारेमा हामीले छलफल गऱ्यौं भने कतिले त हामी हाम्रो कामबाट मुक्ति पाउने होइन, त्यसकारण परमेश्वरको आज्ञा पालन गर्नेसँग हाम्रो सरोकार छैन भनेर जनमानसमा फैलाएको हुन्छ। निसन्देहः परमेश्वरको इच्छा पालन गऱ्यो भन्दैमा लुशिफरलाई स्वर्गमा राखिएको होइन। तर हामीले यो पनि ख्याल गर्नुपर्दछ लुशीफरले अनाज्ञाकारिता वा अवज्ञाले नै उसलाई स्वर्गबाट

फैंकिएको थियो। आदम र हवाको बारेमा पनि हामीले त्यहि भन्न सक्दछौं। तिनीहरूले आज्ञा पालन गरेको हुनाले तिनीहरूलाई अदनको बँगैचामा रहन दिइएको हो भन्दैनौं। तर परमेश्वरको योजना वा इच्छा बिरुद्ध तिनीहरू गएको हुनाले तिनीहरूलाई बँगैचाबाट निष्काशन गरिएको हो।

"धर्मपरायणता अर्थात् सदाचारीता भनेको ठिक वा उचित काम गर्नु हो। तिनीहरूको कामबाट तिनीहरूको न्याय हुनेछ। हामीले के गर्छौं त्यसले हाम्रो चरित्रलाई देखाउँछ। हामी सच्चा येशूभक्त हौं वा विश्वासमा छौं कि छैनौं भनेर देखाउन हाम्रो कामकार्वाहि वा आचरणले देखाउँछ।" एलेन जी ह्वाईट, *क्राइष्ट अबजेक्ट लेसनस्,* पृ. ३१२बाट रूपान्तरित।

धर्मपरायणता वा सदाचारिताको फल तपाईंको जीवनले कसरी राम्रोसँग देखाइरहेको छ? तपाईंले के गरिरहनुभएको छ जसले गर्दा तपाईंको जीवनले सत येशूभक्तको चरित्र वा धर्मपरायणतालाई प्रदर्शन गर्न असफल भइरहनुभएको छ? धर्मको नाउँमा अधर्म काम गर्नबाट अलग बस्न सचेत हुनुहोस्।

## ५, येशूभक्तको जीवन धर्मात्माको जीवन हो (१ युहन्ना ५:१-३)

परमेश्वरप्रतिको प्रेम भनेको विश्वासी मित्रहरूलाई प्रेम गर्नु हो र परमेश्वरको आज्ञालाई पालन गर्नु हो भने युहन्नाले कसरी यी दुई विषयलाई गाँस्दछन्? आज्ञा पालन गर्नु भनेको परमेश्वर र विश्वासीहरूलाई प्रेम गर्नु हो भने दुई तत्वहरूलाई किन यसरी एक आपसमा जोडिएको छ?

"जो मानिस परमेश्वरको आज्ञा पालन गर्नु उसको धर्म हो भनेर ठान्दछ, ऊ कहिलै पनि आज्ञा पालनको आनन्दतामा पस्न सक्दैनन्। यस्तो मानिसले यथार्थतामा परमेश्वरको आज्ञा पालन गरेको हुँदैन। जब परमेश्वरले दिनुभएको आज्ञाहरूलाई धर्म वा

कर्तव्यको रूपमा लिएर आफूलाई बोझ पार्दछ भने त्यस्तो मानिसको जीवन इसाई जीवन होइन। सच्चा रूपमा परमेश्वरको आज्ञालाई शिरोपर गरेर हिंड्नु भनेको इसाईहरूको जीवनमा भएको भित्री स्वभावको उपज हो। उसको जीवनमा कुन मुल सिद्धान्त वा सुत्रहरूले काम गरिरहेका छन्, त्यो बाहिरिय आचरणबाट उसले देखाउँछ। धर्म वा धार्मिकताप्रतिको प्रेम र परमेश्वरको आज्ञा वा दश सुत्रहरूको प्रतिवद्धताले उत्प्रेरित भएर इसाई जीवन परिचालन हुन्छ। सबै धार्मिकताको मूल सार नै येशूमा सत जीवन बिताउनु हो र उहाँमा बफादारी दर्शाउनु हो। यस मूल मन्त्रलाई हाम्रो जीवनमा समावेश गर्न सक्यौं भने हरदम सहि वा सत्य काममा हामी अग्रसर हुन्छौं। सहि वा ठिक मार्गमा हिंड्दा परमेश्वर रिझिने भएकोले त्यहि मार्गलाई हर्षसाथ हामी अपनाउँछौं।–एलेन जी ह्वाईट, *क्राइष्ट अब्जेक्ट लेसनस्,* पृ. ९७,९८बाट रूपान्तरित।

हाम्रो भलाइको निम्ति येशूले क्रुसमा टाँगिएर जुन महान् बली हुनुभयो त्यसलाई आत्मसात् गर्दा हामी परमेश्वरप्रति आभारित हुन्छौं। उहाँप्रति कृतज्ञ भएर हाम्रो बफादारिता देखाउन उचित जीवन यापन गर्नु भन्दा असल कुरा के हो र? आज्ञा पालन गर भनेर मात्र दिने शिक्षा प्रभावशाली हुँदैन। त्यसमा केहि शक्ति पनि हुँदैन। तर येशूतिर औंल्याउँदा र उहाँको मृत्यु हाम्रो सट्टामा भएको हो भनेर देखाउँदा मात्र हाम्रो सन्देशमा शक्ति हुन्छ वा प्रभावशाली हुन्छ। येशूले पापीहरूको पापलाई क्षमा दिनुहुन्छ भन्ने आत्मज्ञानलाई हृदयंगम् गर्नाले नै हाम्रो जीवनमा परमेश्वरको शक्तिले बास गरेको हुन्छ। जो येशूमा रहन्छ ऊ येशूको धार्मिकताको पोशाक ओढेर परमेश्वरको सामु उभिन सक्षम् हुन्छ भन्ने कुरालाई हरेक विश्वासीले मनन गर्नु आवश्यकता छ।

परमेश्वरप्रति डर होइन तर प्रेमले नै अभिप्रेरित भएर हरेक विश्वासीको जीवन परिचालन हुनुपर्दछ। यहि नै विश्वासी जीवनको

शक्ति हो। हाम्रो काममा होइन, येशूले गर्नुभएको क्रुसको कार्य र त्यसमा संचित हाम्रो निम्ति दिएका अनेकन प्रतिज्ञाहरू नै हाम्रो जीवनमा केन्द्रिभूत हुनुपर्दछ। यसले परमेश्वरलाई प्रेम गर्न हामीलाई अभिप्रेरित गर्दछ। क्रुसबाट दिएका प्रसस्त प्रतिज्ञाहरू हाम्रै निम्ति हो, के यसले हाम्रो हृदय परमेश्वरप्रति गदगद हुँदैन र?

के तपाईंले परमेश्वरलाई साच्चिकै प्रेम गर्नुहुन्छ? यदि हुन्छ भने कसरी देखाउनु भएको छ? परमेश्वरलाई प्रेम गर्छु भनेर आफूलाई धोका त दिइरहनुभएको छैन? तपाईंको आचरण कस्तो छ जसले गर्दा परमेश्वरको प्रेम वास्तविक रहेछ भनेर देखाउँछ? तपाईंमा भएको परमेश्वरको प्रेम मौसमी प्रेम होइन, देखावती प्रेम होइन भनेर देखाइरहनुभएको छ भन्ने के प्रमाण छ?

## उपसंहारः

<u>थप जानकारी</u>ः “येशू र बाइबल धर्मशास्त्र, पौराणिक वा मनगढन्ते होइन भनेर मात्र विश्वास गरेर पुग्दैन। येशूमात्र मोक्षको बाटो हो भनेर हामीले विश्वास गरौला। तर त्यस्तो आस्थालाई सहिमात्र ठानेर, हाम्रो विश्वासद्वारा येशू व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर हाम्रो जीवन आचरणबाट प्रदर्शन गर्नु पर्दछ भन्ने आवश्यकता कतिले नठान्न सक्दछन्। सत्यको वाद वा सिद्धान्तलाई विश्वास गरेर मात्र पुग्दैन। येशूमा विश्वास गरेको छु भनेर दावी गर्दैमा, बप्तिस्मा लिएर हाम्रो नाउँ चर्चको शूचीमा चढाउँदैमा हामी मुक्तिको लागि लाहा छाप लगाइसकेका हौं भन्ने जरुरत छैन। “जसले उहाँको आज्ञालाई शिरोपर गर्दछ त्यो उहाँसँग गाँसिएर बस्दछ। अनि उहाँ पनि उनीहरूसँग गाँसिएर बस्नुहुन्छ। परमेश्वर हामीमा रहनुहुन्छ भनेर कसरी थाहा पाउने? उहाँले हामीलाई पवित्र आत्मा दिनुभएकै कारणले परमेश्वरको उपस्थितिको बोधता हामीलाई हुन्छ। ‘यदि हामीले उहाँका आज्ञाहरूलाई पालन गर्‍यौं भने परमेश्वरलाई हामीले

चिन्छौं भनेर हामी दावी गर्न सक्षम् हुन्छौं।' १ युहन्ना ३:२४, १ युहन्ना २:३। कोहि मानिसको जीवन येशूमा रूपान्तरित वा कनभर्सन अर्थात् धार्मिक आस्थामा परिवर्तन भएको छ भनेर सत्य रूपमा प्रमाणित गरेर देखाउने उपाय नै यो हो। येशूको बारेमा वा येशूमा हामीले जुनसुकै विश्वास वा दर्शनहरूलाई मानेतापनि यदि हाम्रो धर्मपरायण आचरणले देखाउन सकेन भने ती सबै विश्वास वा आत्मज्ञानको कुनै महत्व हुँदैनन्।"-एलेन जी ह्वाईट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ३१२,३१३बाट रूपान्तरित।

**चिन्तनमननः**

१. नितिनियमलाई अक्षरस (लिगालिजम) वा धर्मकर्म गरेर हामीले मुक्ति पाउँछौं भन्ने धारणको पासोबाट हामी कसरी उम्कने? अर्थात् मुक्ति पाउन हामीले केहि पनि गर्नुपर्दैन भनेर त्यस सस्तो वा अल्पमूल्यको अनुग्रहको पासोलाई कसरी पन्छाउने? यी दुईको बिचमा हामीले कसरी संतुलन राख्ने? तपाईं कुन खाल्डोमा सहजसँग पर्न सक्नुहुन्छ, मुल्यविहिन अनुग्रह वा विधिपरायणता (लिगालिजम)?

२. मानव धर्मको नाउँमा असल कामगर्ने चाहनालाईमात्र सर्वोपरी ठानेर परमेश्वरप्रतिको भरोसालाई कुण्ठ्याउने खतरादेखी हामी कसरी बच्ने? असल काम गरे मात्र पुग्छ भन्ने भावनालाई पाल्दा त्यसले हामीलाई कहाँ पुऱ्याउन सक्दछ? त्यसबाट हामी कसरी सतर्क रहने?

३, कुनै मानिस अत्यन्त धर्मात्मा रहेछ भनेर तपाईं प्रभावित हुनुहुन्छ होला। त्यसको बारेमा सोच्नुहोस्। त्यो व्यक्ति कस्तो छ? उसको आचरण कस्तो छ? उसले अरू मानिसहरूलाई कसरी हेर्दछ र व्यवहार गर्दछ? त्यस

मानिसले केको बारेमा चर्चा गर्न उत्सुक हुन्छ? ऊबाट तपाईं के सिक्नसक्नुहुन्छ वा सिक्नसक्नुहुन्न?

४. धर्म वा धर्मात्मा बन्ने अधिकार सबैको हो भनेर हामीले भन्छौं होला। यो ठिक हो। सामूहिक धर्मात्मा भन्ने पनि हामीले पाउँछौं। अर्थात् कुनै समूहलाई कस्तो धार्मिक समूह भनेर प्रशँसा गर्न हामी जान सक्दछौं। के हाम्रो चर्च धार्मिक वा धर्मात्माको समूह भनेर दावी गर्न सक्दछौं? यदि सक्छौं भने कसरी? धर्मात्मा चर्चको समूहको आचरण कस्तो हुनुपर्दछ? तपाईंको आदर्शलाई चर्चको आदर्शमा तुलना गर्दा तपाईंको अनुभूति कस्तो छ?

५. मानौं येशूमा विश्वास गरेको छु भनेर दावी गरेर मात्र पुग्छ र हामीले मुक्ति स्वतः पाउँछौं रे। जसरी भएपनि बप्तिस्मा लिएर हाम्रो नाउँ चर्चको शूचीमा राखे पुगी हाल्छ भनेर विश्वास गर्छौं रे? तब येशूमा रहेर मुक्ति पाउनु भनेको के हो त? बाइबल अनुसार आस्था वा विश्वासको परिभाषा के हो?

✞📖✞

# १२ पवित्र आत्माको फल सत्य हो

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** २ इतिहास २५:२, भजन ५१:१७, यर्मिया २९:१३, यूहन्ना ७:१६,१७, यूहन्ना १४:६, यूहन्ना १७:३, हिब्रू ५:१४

***स्मरण गर्नु पर्ने पद:*** "जब तिमीले आफ्नो सारा हृदयले मेरो चाहना गर्‍यौं वा खोज्यौ भने तिमीले मलाई भेट्टाउने छौं।" यर्मिया २९:१३

ग्रीक अर्थात् युनानी भाषामा सत्य जसलाई अलथेइया (*Aletheia)* भनिन्छ, यसको दुइ अर्थहरू छन्। एउटा त वस्तुगत सत्यताः सत्य तथा यथार्थ तथ्य, वास्तविक घट्नाहरू अर्थात् सिद्धान्त वा नितिनियमहरू। अर्को चाहिँ व्यक्तिपरक वा आत्मगत सत्यता अर्थात् त्यस व्यक्तिमा रहेको व्यक्तिगत सत्यता हो जस्को मन वा मनस्थिति, झुठ्ठो, गलत काल्पनिक धारणाहरूबाट स्वतन्त्र रहेको हुन्छ। भौतिक ज्ञानमा आधारित कुराहरूलाई वस्तुगत सत्यता हो, किनभने आँखाले जे देख्छ त्यसलाई अश्विकार गर्न सकिन्दैन। विविध दृष्टिगत घट्नाहरू घटिन्दा त्यसलाई आँखा चिम्लेर यो हुनै सक्दैन भनेर हामी भन्न सक्दैनौं किनभने यो मनगढन्ते नभएर वास्तविक कुरा हो। तर त्यहाँ आत्मगत वा व्यक्तिपरग सत्यको भाग पनि हुन्छ। त्यो हो हामी प्रत्येक व्यक्तिले आफूले पाएका ज्ञानलाई कसरी पछ्याउँछ र जीवनमा आउने प्रश्नहरूलाई कसरी जवाफ दिइन्छ। यो चाहिँ हरेक व्यक्तिमा रहेको अदृष्य गुण, स्वभाव, नियत वा ज्ञान हो जसको प्रभावले मानिस परिचालित हुन्छ। यदी दुवै वस्तुगत र आत्मगत सत्यता हाम्रो जीवनमा वास्तिविक हुन्छन् तब हामीले पवित्र आत्माको फल सत्यलाई देखाउँछौं।

येशूको कदममा हिंड्नेहरूको निम्ति यी दुवै सत्यहरू अत्यन्त महत्वपूर्ण हुन्छन्। येशूमा पाइएको मौलिक वस्तुगत सत्यता के हो सो हामीले थाहा पाउनुपर्दछ। अनि त्यस सत्यलाई अंगाल्दा हाम्रो व्यक्तिगत जीवनमा परिवर्तन ल्याएर आत्मगत अनुभवको आवश्यकता महशूस गर्नु पर्दछ।

येशूलाई धोका दिने यहूदाको बारेमा सोच्नुहोस्। ऊ येशूसँग साढे तिन वर्षभन्दा वेसी रहेको थियो। यहूदालाई सबै खालका सत्यलाई देखाइएको थियो। उसले येशूलाई वास्तिविक जीवनमै देखेको थियो र उहाँको जीवनीलाई अध्ययन गर्ने अवसर पाएको थियो। अहिले हामीले पढ्ने कुराहरूलाई उसले आफ्नै आँखाले देखेको थियो। तर अन्त्यमा उसले देखेका सुनेका कुराहरूले उसलाई के राम्रो गऱ्यो त?

यहूदाको उदाहरणले हामी सबैलाई सचेत गराउन् भनी हामी चाहन्छौं।

## १. "सत्य मैं हुँ" (यूहन्ना १४:६)

येशूले खुलासा गर्नुभएको "बाटो, सत्य र जीवन मैं हुँ।" भन्ने अभिव्यक्तिको अर्थलाई तपाईंले आफ्नै पाराले वाख्या गर्नुहोस्।

सत्य भनेको आत्मगत र व्यक्तिगत हो भनेर यस पदले हामी सबैलाई चुनौति दिएको पाउँछौं। यो एक तह हो। यो तर्क प्रायजसो आजको सबै संसारमा धेरै प्रख्यात छ। येशूका शव्दहरू स्पष्ट छन्: हरेकले परमेश्वरको बाटो आफैले पहिल्याउँछन् भन्ने धारणालाई उहाँले अश्विकार गर्नुहुन्छ। यी शव्दहरूमा हामी पाउँछौं, येशूले वस्तुगत सत्यता के हो भनेर वास्तिवक रूपमै देखाउनु भएको छ। उहाँको भनाइ अनुसार, यहाँ सत्य छ। बस, अनि पूर्णविराम।

अर्को सिङ्गो पक्ष पनि हामीले हेर्नु जरुरी छ। त्यो हो, सत्य भनेको कुनै दर्शन नभएर व्यक्ति हो। तपाईले कसैको सत्य कुरा थाहा पाउनु चाहनुहुन्छ भने उनीसँग तपाईं व्यक्तिगत संवन्ध राख्नुहुन्छ र अनि ऊ कस्तो मानिस रहेछ भनेर तपाईंले थाहा पाउनुहुनेछ। सत्यलाई दर्शन वा तथ्यकथनका समूहलाई मान्नु भन्दा यो तर्क फरक छन्। प्रभु येशू जो मानव चोला लिएर आउनुभयो, उहाँले केवल सत्यको वकालत मात्र गर्नु भएन, तर उहाँ आफै सत्य हो रे ! त्यसकारण सत्य के हो भनेर तपाईं थाहा पाउन चाहनुहुन्छ भने, तपाईंले येशूलाई चिन्नै पर्दछ।

माथि उल्लेखित भनाईले युहन्ना १७:३मा येशूले दावी गर्नुभएको कथनलाई कति हदसम्म बुझ्न तपाईंलाई सहयोग गर्दछ?

धर्म भनेको परमेश्वरसँग सम्वन्ध राख्ने हो भन्ने लोकसम्मतिप्रति हामी होशियार हुनुपर्दछ। वास्तवमा भन्ने हो भने कोहि मानिस पनि परमेश्वरबाट अलग हुन सक्दैन जसरी हावाबाट कोहि अलग हुँदैन। त्यसकारण कुनै न कुनै रूपमा सबै मानिस परमेश्वरसँग सम्वन्ध राखेर नै चलेको हुन्छ। परमेश्वरको अस्तित्वलाई अश्विकार गर्नेले पनि परमेश्वरको उपस्थितिबाट उम्कन सक्दैन। पिलातुसको पनि येशूसँग सम्वन्ध थियो। मूल पुजारी केफासको पनि येशूसँग सम्वन्ध नै थियो। त्यत्ति मात्र नभएर सैतानको पनि येशूसँग सम्वन्ध थियो। तर सैतानले येशूप्रति वितृष्णा थियो। सुसमाचारले हामीलाई येशूसँग सम्वन्ध राख वा आवद्ध होउ भनेको छैन। तर उहाँमा समर्पित जीवन बिताउनु भनेको छ। आफूलाई उहाँमा सुम्पन्नु र उहाँप्रति वचनबद्ध रहनु भनेर हामीलाई आत्मज्ञान दिएको छ। उदाहरणमा, निकोदिमस र येशूको बिचमा पनि समकालिन धर्मगुरुको सम्वन्ध थियो। तर जब समय बित्दै गयो, उसले आफूलाई र आफूमा भएका यावत थोकलाई येशूमा समर्पण गरे। यदि येशूसँग हामी कस्तो खालको सम्वन्ध राख्नुपर्छ भन्ने जान चाहन्छौं भने त्यस्तो खालको सम्वन्ध जसले उहाँमा समर्पित जीवन बिताउन दिन्छ।

निसन्देहः, तपाईं र येशूको बिचमा कुनै न कुनै रूपमा सम्वन्ध छ। तर जिज्ञासा त यो हुनु पर्दछ, येशूसँग तपाईंको सम्वन्ध कस्तो छ? र कुनै अनमेल सम्वन्ध छ भने त्यसलाई कसरी सुधार्न सकिन्छ?

## २, आत्मा र सत्य (युहन्ना १६:१३)

उपरोक्त पदमा भनिएको छः “जब उहाँ,अर्थात् सत्यको आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ त्यहि बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषण गरिदिनुहुनेछ।"

पवित्र आत्माको काम भनेको हामीलाई येशूतिर औंल्याउनु हो र उहाँमा रहन सहयोग गर्नु हो भनेर अघिल्लो बुँदामा हेऱ्यौं। “परमेश्वरपिताको तर्फबाट तिमीहरूलाई सल्लाहकार मित्र अर्थात् पवित्र आत्मा म तिमीहरूलाई पठाउनेछु। उहाँ नै परमेश्वर पिताबाट आउने

सत्यको आत्मा हुनुहुन्छ। जब त्यस सल्लाहकार मित्र तिमीहरूकहाँ सहयोग गर्न आँउछ, तब उहाँले मेरो बिषयमा गवाही दिनुहुनेछ।" (युहन्ना १५:२६)। बाइबलमा उल्लेखित सत्यको आत्माको केन्द्रबिन्दु नै येशू हुनुहुन्छ।

यहाँ उल्लेखित प्रभावशाली आत्मज्ञानको वचनहरूको बारेमा सोच्नुहोस्: "पवित्र आत्माको निरन्तर सहयोग र अगुवाई बिना वचनलाई मात्र प्रचार गर्दा त्यस्को कुनै मतलब हुँदैन। पवित्र आत्मा नै परमेश्वर पिताले हामीलाई दिनुभएको सर्बश्रेष्ठ गुरु हुनुहुन्छ। जब पवित्र आत्माबाट मानिसको हृदयमा सत्य पस्छ तब मात्र उसको चेतनालाई जागरुत बनाउँछ र उसको जीवनमा मनोक्रान्ती ल्याइ उसलाई परिवर्तन गराउँछ। कुनै मानिसले परमेश्वरको वचन वा बाइबललाई सिकाउन सक्छ होला। बाइबललाई मुकष्ठ गरेर त्यसमा भएका सबै प्रतिज्ञाहरू र आज्ञाहरूको बारेमा सम्पूर्ण ज्ञान होला। तर यदि उसको हृदयको ढोका वित्र पवित्र आत्मा पस्न सकेन भने, कोहि पनि चट्टान रूपि येशूमा परेर उसको पापी जीवनलाई टुक्रा टुक्रा पार्न सक्दैनन्।"-एलेन जी ह्वाईट, *द डिजायर अभ एजेज्,* पृष्ठ ६७१, ६७२बाट रूपान्तरित।

एलेन जी ह्वाईटको भनाई अनुसार पवित्र आत्माको कामलाई कस्तो महत्वपूर्ण ठान्नुभएको छ?

पवित्र आत्माको काममा सत्यका दुवै वस्तुगत र आत्मगत भागहरू हामी पाउँछौं। अर्थात् पवित्र आत्माले व्यक्तिगत रूपमा हामीलाई गर्ने कामलाई देखाउँछ र साथै वस्तुगत अर्थात् येशूतिर हामीलाई औंल्याउनुहुन्छ। पवित्र आत्मा आउनुहुन्छ र उहाँले येशूको बारेमा बोल्नुहुन्छ। फेरि उहाँले यो पनि सचेत गराउनुहुन्छ, उहाँले संसारलाई पाप, धर्म र न्यायको बारेमा जानकारी गराउनुहुन्छ (यूहन्ना १६:८)। परमेश्वर र संसारको बारेमा बोध गराउने यी कडा तथ्य हुन्।

फेरि त्यसै समय पवित्र आत्माको काम भनेको केवल सत्यको बारेमा बताएर अनि चुप लाग्ने मात्र पनि होइन। पवित्र आत्माले देखाएको आत्मज्ञानलाई बुझेर त्यसै अनुसार हाम्रो जीवन पनि बदल्नु पर्दछ। ती वस्तुगत र अनन्त सत्यको ज्ञानले हाम्रो जीवन परिवर्तन भएन भने त्यो

ज्ञानले हामीलाई केहि पनि राम्रो गर्दैन। एलेन जी ह्वाईटले व्यक्त गर्नुभएको अनुसार पवित्र आत्माको काम अर्थात् मूल काम भनेकै हामीलाई येशू रूपी चट्टानमा पारेर हाम्रो पापलाई छिया छिया गर्नु हो (भजन ५१:१७ पढ्नुहोस्)।

के तपाईं येशूको सामु कहिलै छिया छिया हुनुभएको छ? के भयो त्यस बेला? उहाँको सामु आँशु झार्दा तपाईंको जीवनमा परिवर्तन भएको के महशूस गर्नु भएको छ? तपाईंले भोगी रहनुभएको जीवन र कष्टको अनुभवमा परमेश्वरको बारेमा के जानीहनुभएकोछ? अरू के के पाठहरू अझै सिक्न बाँकी छ, के तपाईंलाई थाहा छ?

## ३. "तिम्रो सारा हृदयले" (यर्मिया २९:१३)

"सारा हृदयले" भनेको इमान्दारीपूर्वक हो। यस जीवनलाई शुद्ध, निष्ककपट, सच्चादिल, साँचोपन, स्पष्ट तथा सहीरूपमा ढाल्नु नै "सारा हृदय"को अर्थ हो। मन, वचन र कर्मलाई क्रियाशील बनाउँदा "सारा हृदय"को अर्थलाई सार्थकता दिँदछ। अँग्रेजीमा सिनससियर (*sincere)*भन्ने शव्द लाटिन भाषाबाट आएको हो। यी दुई शव्दहरूलाई जोडेर एक बनाएका हुन्। ती शव्द साइन *sine*अर्थात् बिना र सेरा *cera*मैन हुन्। प्राचिन समयमा, सङ्गमर्मर वा मार्बलको मुर्ती बनाउने बेइमानी शिल्पकारले आफ्नो भुल तथा चर्केको मुर्तीलाई छोप्न मैन लगाएर दुरुष्टै देखाउँथ्यो। तब त्यस मैन त्यत्तिकै सधैं बसिरहन्दैनथ्यो। घाम लागेको बेलामा त्यो पग्लिएर मुर्तीको खास बनावटलाई भन्दाफोर गर्दथ्यो। *Sincerity* (सिन्सियरिती) अर्थात् इमान्दारी हुनुको अर्थ सच्चा र वास्तविक हुनु हो। यो खालको मानिसले असलको मुकुण्डो लगाएर अरूलाई छकाउने काम गर्दैन। सच्चा तथा इमान्दार दिलले कुरा गर्नु अथवा त्यस्ता मानिसको वचन निरर्थक नहुनु नै उपरोक्त शव्दको अर्थ हो।

२ इतिहास २५मा राजा अमस्याहको बारेमा उल्लेख गरिएकोछ। उसलाई यसरी चित्रण गरिएकोछः "तिनीले परमप्रभुको दृष्टीमा जे असल कुरो थियो त्यहि गरे, तर पूरो मनले त होइन।" (२ इतिहास २५:२)।

हामी भित्र रहेको कुरालाई यस पदले कसरी महत्वपूर्ण रूपमा औंल्याएको छ?

हिब्रु भाषाबाट आएको यस शव्द "पूरो मन"लाई *"perfect"* (पर्फेक्ट) अर्थात् शिद्ध भनेर कुनै कुनै अनुवादमा उल्लेख गरिएकोछ। यस शव्दको जड *slm*(स्लम) हो। यसको अर्थ "पूरा" "भरिएको" "समस्त वा समग्र" अथवा "शान्तिमा रहनु" हुन्। यसैबाट शलोम अर्थात् शान्ति शव्द आएको हो। यस राजाले ठिकै काम त गऱ्यो तर उसको मन ठिक ठाउँमा थिएन। उसको कार्यकलापमा इमान्दारीता थिएन। त्यसकारण गलत कारणको निम्ति मानिसले ठिक काम पनि गर्न सक्दछ। हामी असल छौं, कत्तिको इमान्दारी छौं भनेर देखावती रूपमा देखाएर कसैलाई त छकाउन सक्दछौं होला र त्यत्तिमात्र होइन हामी राम्रो छु भनेर सधैं आफैले आफैलाई पनि छकाउन सक्दछौं होला। तर परमेश्वरलाई हामीले कहिलै पनि छकाउन सक्दैनौं। जब राजा दाउदले आफ्नो छोराको निम्ति प्रार्थना गरे, उसको अनुरोधमा आफ्नो छोरालाई "शुद्ध तथा इमान्दारी दिल" होस् भनेर आफ्नो प्रथम् इच्छा व्यक्त गरेका थिए (१ इतिहास २९:१९)। यसलाई हामीले रोचककै रूपमा लिनुपर्दछ।

सच्चा तथा इमान्दारी हुनु भनेको धेरै महत्व गुणले सम्पन्न हुनु हो। किनभने कोहि इमान्दारी छैन भन्दा त्यस मानिसको दिललाई सत्य र ठिक कुरामा लगाएको हुँदैन। यसको अर्थ त्यस मानिसको हृदय बिभाजित हृदय हो। यस्तो खालको मानिसलाई कुनै न कुनै कुराले तानीरहेको हुन्छ। जबसम्म त्यसले आफ्नो दिललाई परमेश्वरको विश्वासमा सुम्पिँदैन तबसम्म उसको हृदय स्लम् अर्थात् परमेश्वरको सामु पूर्ण र शिद्ध हुँदैन। यस्तो सच्चा तथा शुद्ध जीवन बिताउने मूल सुत्र वा साँचो नै आफूलाई परमेश्वरमा सम्पूर्ण हृदयले समर्पण वा अर्पण गर्नु हो। आफ्नो जीवनको अहँतालाई परमेश्वरको हातमा पूरा छोड्नु पर्दछ। अहँलाई त्याग्नु भनेको सजिलो कुरा होइन। यो प्रक्रियामा तपाईं पर्नको निम्ति चट्टान रूपी येशूमा आफूलाई छियाछिया गर्न दिनु दिनुपर्दछ।

तपाईंले येशूलाई विश्वास गर्छु भन्नु हुन्छ। तपाईं इसाई हुँ भनेर दावी गर्नु हुन्छ। त्यसमा तपाईं कतिको इमान्दारी हुनुहुन्छ अर्थात् इसाई

सत्यताको अनुभव तपाईंले कतिको गरिरहनुभएको छ? यसको अर्थ हामीमा कुनै शङ्काले नपिरोलेको हुँदैन भन्न खोजेको होइन। हुनसक्छ, हामीमा कतिपय जिज्ञासाहरूका जवाफ नहोलान्। पापसँग सङ्घर्षको बारेमा पनि हामी यहाँ कुरा गरिरहेका होइनौं। तर तपाईंको मन, दिल कस्तो छ भनेर सोधीरहेका मात्र हौं। के तपाईं परमेश्वरमा पूर्ण रूपमा आस्थाबान भएर हिंड्नुभएको छ? के तपाईं उहाँको वचनमा वचनवद्ध भएर हिंड्नुभएकोछ? के तपाईको अखण्डता अर्थात् जम्मै जीवनलाई उहाँको सामु राखिदिनुभएको छ? वा तपाईंको जीवन परमेश्वर र, संसारको अभिलाषा, आँखाको अभिलाषा र शेखीको अभिलाषाको बिचमा विभाजित भएर चलिरहनुभएको छ? यदि तपाईंको जीवनमा परमेश्वरले सर्वोच्चता कायम गर्न दिनुभएको छैन भने कसरी दिने त?

## ४. चेतनालाई तातो फलामले छेड्नु (जलाउनु र डाम लगाउनु) (१ तिमोथी ४:२)

नकावधारी तथा देखावती धर्मात्मा शास्त्रीहरू र फरिसी पण्डितहरूको भन्डाफोर येशूले कसरी गर्नुभएको थियो भनेर हामीले गत अध्यायमा हेरेका थियौं (मत्ती २३)। येशूले तिनीहरूलाई पाखण्डी भनेर सज्ञा दिनुभएको थियो (मत्ती २३:१३)। यो पाखण्डी अर्थात् अङ्ग्रेजीमा हिपोक्रिटस् *hypocrites* भन्ने शव्दको अर्थ ग्रीक अर्थात् युनानी भाषमामा ह्युपोक्रिटस् *hupokrites* अभिनेता हो। ती मानिसहरूका भित्री भागहरू, तिनीहरूका भावनाहरू, नियत तथा मतीहरू र लुकिएका पापहरूलाई येशूले खुलस्त रूपमा देख्नुहुन्छ भनेर उहाँले भनीरहनुभएको थियो। यथार्थमा भन्ने हो भने येशूले उनीहरूलाई यो भनिरनुभएको थियोः “तिमीहरू देखावटी रूपमा एउटा हुन्छौं तर भित्री त तिमीहरू अर्कै हौ। मानौं, तिमीहरू नाटक गरिरहेका छौ। के तिमीहरू जे छौ त्यो हुनसक्दैनौ, अर्थात् के तिमीहरू मुकुण्डो मात्र लाएर बस्ने?" अर्को फेरा येशूले तिनीहरूलाई यसो भनेर उनीहरूको मुकुण्डोलाई यसरी उघारी दिनुभयो, “यशैयाले तिमीहरूको बारेमा ठिकै भनेर तिमीहरूको बारेमा भविष्यवाणी गरेका थिए, ‘बाहिर हेर्दा तिनीहरू देखावटी रूपमा असल देख्छन्। ती मानिसहरू मलाई मुखले मात्र

श्रद्धा देखाउँछन्। तर तिनीहरूको हृदयहरू भने मबाट टाडा छन्.'" (मर्कूस ७:६)। येशूले तिनीहरूको बारेमा स्पष्ट रूपमा भण्डाफोर गर्नुभएको उपर्युक्त पदले जनाउँछ।

१ तिमोथी ४:२ र तितस १:१५मा पावलले अत्यन्त महत्वपूर्ण बुँदालाई औँल्याएका छन्, ती के हुन्? हाम्रो चेतना वा विवेक त्यो स्थल हो जसद्वारा पवित्र आत्माले हामीसँग सम्पर्क राख्न खोज्नुहुन्छ। तर त्यस पवित्र आत्माको आवाजलाई निरन्तर रूपमा अश्विकार गर्दै रह्यौं र गलत कामलाई अङ्गालि रह्यौं भने हामीलाई के हुन्छ?

जती जती दुष्ट र गलतकामलाई अङ्गाली राख्छौं त्यत्ति त्यति सत्यबाट टाडा हुनेकुरामा शङ्का छैन। तपाईंसँग मोक्ष पाउने आत्मज्ञान धेरै होला, अझ चाहिने भन्दा बेसी पनि हुनसक्छ। तर दुःखपूर्ण कुरो त यो हुनेछ, वस्तुगत सत्यलाई चाहिनेभन्दा बढि वा त्यसमा निपुण हुने धेरै मानिसहरू परमेश्वरको राज्यमा पस्न सक्दैनन् अर्थात् तिनीहरूको ज्ञानयोगले तिनीहरूलाई मोक्ष दिन सक्दैनन्। त्यसकारण सत्यको बारेमा ज्ञान हुनु नै पवित्र आत्माको फलले पोषित भएको व्यक्ति हो भन्न सकिन्दैन। तर आफूले पाएको आत्मज्ञानलाई जीवनमा देखाउन सक्नु नै पवित्र आत्माले परिचालित व्यक्ति रहेछ भनेर देखाउँछन्। त्यसकारण प्रवचन छाँट्दैमा र बाइबलको ज्ञानमा निपुण भयो भन्दैमा धर्मात्मा मानिस रहेछ भनेर नदेखाउने भएकोले आफूले पाएको ज्ञानलाई व्यवहारमा उतारेर देखाउन पवित्र आत्माको उपस्थिति हाम्रो जीवनमा अपरिहार्य अर्थात् अत्यावश्यक छ।

सत्य पनि पवित्र आत्माको फल हो भनेर राम्ररी बुझाउन हिब्रू ५:१४ र युहन्ना ७:१६,१७ले कसरी वाख्या गरिएको छ?

आफ्नो विवेक वा चेतनालाई तातो डाम लगाउँदा तपाईंले कस्तो अनुभव गर्नु भएको थियो? पवित्र आत्माको आवाजलाई लत्याएर जानाजानी असत्य आचरण वा विश्वासलाई सत्य नै हो भनेर चल्दा विवेक शुन्य भएको के तपाईंले अनुभव गर्नुभएको छ? यो स्थितिमा तपाईंलाई ल्याउन कति समय लाग्यो? अनि त्यस अनुभवले तपाईंलाई के भयो? परमेश्वरको वचन र पवित्र आत्माको आवाजलाई लत्याउनु आत्मिक रूपमा किन खतरा छ?

## ५. सत्यमा हिँड्नु (२ यूहन्ना ४)

मुक्ति पाएको भक्तले येशूसँग कस्तो सम्वन्ध राखेर हिँड्नु पर्छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्?ः २ यूहन्ना ४, १ यूहन्ना १ः६। के एक फेरा विश्वास गऱ्यो भन्दैमा त्यो विश्वासले मुक्तिको ग्यारेन्टी दिन्छ भनेर यी पदहरूले देखाउँछन त?

सत्य भनेको पवित्र आत्माको फल हो। हामीलाई मुक्तिको ज्ञानमात्र भएर हुँदैन। तर त्यस ज्ञानले हामीलाई कसरी परिचालन वा डोऱ्याइ रहेको छ त्यो थाहा पाउनु जरुरी छ। परमेश्वरको ज्योतिमा रहनु भनेको आत्मज्ञानमा निपुण हुनु मात्र होइन। अन्धकारमा छ्यामछ्युम गरेर हिँड्नु भनेको के रहेछ भनेर यूहन्नाले स्पष्ट रूपमा वाख्या गरेको पाउँछौं (१ यूहन्ना २ः९-११)।

यो पनि थाहा पाउनु होस्, ज्योतिमा हिँड्नु वा सत्यमा हिँड्नु भनेको केवल दस आज्ञाहरूलाई अक्षरस पालन गर्ने मात्र होइन। जीवित रूपमा सत्यमा रहेर हिँड्ने व्यक्तिले अरू मानिसहरूलाई आफ्नो काम र व्यवहारले देखाउँछन्। हाम्रो धर्मको ज्ञान र पवित्र आत्माको अगुवाईलाई लुकाएर होइन अरूसँग कस्तो व्यवहार गर्छ त्यसले देखाउँछन्। यदि हामीहरू झोक्की, रिसाहा, रिसइबीले ग्रष्त, असमझदारी, कठोर, इतिहासको पानाले थिचेर कसैलाई पनि क्षमा नदिने मन, अरूलाई छेडेर कुरा गर्ने, अरूलाई हेप्ने, आफू नै ठूलो भन्ने जातियता अहँ, धर्ममा अरू भन्दा म पवित्र छु, सिद्ध छु आदि र अरूलाई रूखो, अशिष्ट तथा अभद्र व्यवहार गऱ्यौं भने के हामी इसाई भन्न सुहाउँछ र? चर्च र अरू मानिसलाई प्रयोग गरेर आफ्नो सर्वोच्चतालाई कायम गर्न खोज्यौं भने धर्मकै नाउँमा किन नहोस्, हामी अन्धकारमा हिँडि रहेका हुन्छौं। साब्बथलाई अक्षरस वा कट्टरसँग पालन गऱ्यौं भन्दैमा हामीमा आत्मशान्ति वा पवित्र आत्माको अगुवाईमा हिँडेका छौं भन्ने कर छैन। हामीले स्वास्थ्यका नियम तथा सन्देशहरूलाई बडो होसियारसाथ पालन गरेर हिँड्यौं भने पनि हामीले परमेश्वरको सदाशयता दर्शाउँछौं भन्ने छैन। येशूलाई विश्वास गर्छु भनेर जतिसुकै दावी गरेतापनि, दशाँस भेटी जतिसुकै चढाएतापनि, र चर्चमा नियमित रूपमा गएर चर्चको कर्मठ कार्यकर्ता भयौं भन्दैमा हामीमा येशूको

शक्तिले परिचालन गरेको छ भन्ने छैन। चर्चको नियम, सिद्धान्त, शिक्षादिक्षा आदि सिक्न जत्ति सजिलो छ, दयालु, निश्वार्थी, परोपकारी, हँसिलो, रसिलो, सदाशयी, प्रेमिलो, करुणामय हुन त्यत्ति सजिलो छैन। होइन त? धर्मको पोशाक लगाएर अरूलाई थिचोमिचो गर्नु सजिलो छ तर सत्यको पथमा हिँडेर सदव्यवहारमा चल्नु मानव स्वभावमा कठिन भएको सबैले महशुस गरेकै हो।

विगत चौविस घण्टा भित्र तपाईंको सम्वन्ध अरूप्रति कस्तो थियो, नियालेर हेर्नुहोस्। तिनीहरूलाई तपाईंले कस्तो व्यवहार गर्नुभयो? तपाईंको वचन कस्तो थियो? तपाईंले तिनीहरूसँग गरेको व्यवहार र तिनीहरूप्रति भएको मनस्थितिलाई सार्वजनिक गर्‍यो भने तपाईंलाई कस्तो लाग्छ होला? (निसन्देहः त्यो एकदिन सार्वजनिक हुनेछ, हेर्नुहोस् मत्ती १०:२६)। यी जिज्ञासाहरूको जवाफले तपाईंको बारेमा के भन्छ र तपाईंको जीवनमा कस्तो परिवर्तन आउनुपर्छ भन्ने आभास पाउनु भएको छ?

## उपसँहारः

थप जानकारीः “परमेश्वरको निम्ति कति वर्ष हामीले काम गर्‍यौं, त्यसको खास मतलब नहुन सक्छ। तर हामीले काम गर्दा हामी कस्तो कर्तव्यनिष्ठ छौं त्यसले नै हामी परमेश्वरमा छौं कि छैन वा उहाँले हामीलाई ग्रहण गर्नुभएको छ वा छैन भनेर देखाउँछन्। हाम्रो सबै सेवाकार्यमा पूर्ण समर्पित हुनु आवश्यक छ। हाम्रो स्वार्थलाई उहाँको समिपमा राख्नु अनिवार्य छ। मैले के पाऔंला भनेर जतिसुकै महान काम गरेतापनि सानोतिनी झिनो कामहरू इमान्दारीपूर्वक र नम्रतापूर्वक गरेका कामहरूलाई परमेश्वरले निको मान्नुहुन्छ। येशूको मनस्थिति वा उहाँको आत्मालाई कत्तिको मनपराउँछौं भनेर परमेश्वरले हाम्रो हृदयलाई खोतल्नुहुन्छ। धेरै काम गरेर होइन बरू प्रेमपूर्वक र विश्वाससाथ गरेको कामलाई उहाँले मूल्यवान ठान्नुहुन्छ।"-एलेन जी ह्वाईट, क्राइस्ट अवजेक्ट लेसनस्, पृ. ४०२बाट रूपान्तरित।

“इमान्दारी र सच्चादिलले गरेको सेवाले महान् इनाम पाउँछ। येशूले भन्नुभएको छ, ‘तिमीले गोप्यमा गरेको कामलाई तिम्रो पिताले देख्नुहुन्छ

त्यसको इनाम उहाँले दिनुहुन्छ।' (मत्ती ६:६)। येशूको अनुग्रह अनुसार चलेको जीवनले चरित्र विज्ञानको बिकास गर्दछ। पहिलेको झैं वा सुरूवातको प्रेमिलो हृदय भक्तमा पुनस्थापित हुन थाल्दछ। उसलाई येशूको चरित्र दिएको हुन्छ र परमेश्वरको स्वरूप उसमा झल्किन थाल्दछ। चाहे महिला होस् वा पुरुष होस जो परमेश्वरसँग हिंड्छ र उहाँको कामलाई मर्यादापूर्वक आत्मसात् गर्दछ तिनीहरूको चेहरामा स्वर्गको शान्तिले प्रतिविम्व गरेको हुन्छ। तिनीहरू जहाँ गएतपनि मानिसहरूले तिनीहरूसँग स्वर्गको वातावरणमा रहेको महशूस गर्नेछ, र तिनीहरूलाई त्यहि स्वर्गिय आनन्दको वातावरणले घेरेको हुन्छ। यस्ता भक्तहरूमा अहिले नै परमेश्वरको राज्यको सुरू भइसकेको हुन्छ। तिनीहरूको सच्चिदानन्द येशू हुनुहुन्छ। उहाँको आनन्दमा हिंडदा तिनीहरू जहाँ गएपनि सबैले धन्य भन्नेछन् र तिनीहरूको उपस्थितिमा सबैले आशिष पाएको अनुभव गर्नेछन्। स्वामी येशूको काममा खतिन अवसर पाएकोमा तिनीहरू गौरव गर्दछन्। यस्ता भक्तहरूलाई उहाँको नाउँमा काम गर्न विश्वासपूर्वक सुम्पिएको हुन्छ।"-एलेन जी ह्वाईट, द *एडभेन्टिस्ट होम*, पृ. ५३५बाट रूपान्तरित

**चिन्तनमनन:**

१. के सत्य कुनै न कुनै रूपमा लचिलो हुन सक्दछ र? उदाहरणमा कुनै पनि सत्य सधैं र सबै परिस्थितिमा सत्य हुन नसक्छ। यदि हुँदैन भने, किन त? के कुनै सत्य लचिलो हुन्छ भने अर्को लचिलो नहुन सक्दछ र?

२. विश्वासमा इमान्दारी र सच्चाहृदय देखाउनु भनेको के हो? आफ्नो विवेकले शुद्ध ठानेको कुरामा हिंड्नु महत्वपूर्ण र असल छ, तर त्यत्तिले मात्र किन पुग्दैन? कतिपय मानिसहरूले आत्मघाती वमहरूलाई आफ्नो कम्मरमा बाँधेर आफू र सयौंको ज्यान लिन तम्सिरहेका हामी देख्छौं। तिनीहरू आफ्नो धर्ममा निष्ठा वा इमान्दारीता देखाएर नै परिचालित भएका हुन्छन्। त्यसकारण मानिसमा केवल स्वविवेक वा इमान्दारीतामात्र किन पुग्दैन? स्वर्गको आनन्दको अनुवग गर्न अरू के चाहिन्छ?

३. सत्य भनेको केवल बौद्धिक ज्ञानमात्र नभएकोले बाइबल अध्ययनमा समय बिताउनु किन जरुरी छ? हाम्रो जीवनमा सत्यले प्रभाव दाल्न र अझ असल जीवनको प्रत्याभूति पाउन कुन कुन तरहले बाइबलको ज्ञान हासील गर्न सक्दछौं?

४. कुनै मानिसको हृदय पापले गर्दा कठोर भएको छ र त्यसले परमेश्वरको ज्ञानको आवश्यक छैन भन्ने महशूस गरेको छ भने त्यसलाई तपाईंले कसरी मद्दत गर्न सक्नुहुन्छ?

५. विश्वासीहरू बिच यो छलफल गर्नुहोस्ः कुन चाहिँ असल होः गलत कारणको निम्ति ठिक काम गर्नु र गलत काम ठिक कारणको निम्ति गर्नु?

# १३ पवित्र आत्माको फल येशूभक्तमा हुनुपर्ने महत्वपूर्ण तत्व हो

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** मत्ती ६:३३, यूहन्ना १५:८, रोमी ३:२०-२६, रोमी १४:१७, १ तिमोथी ६:११, १ यूहन्ना २:१५।

***स्मरण गर्नुपर्ने पद:*** "युगौंयुग र पुस्तौंदेखि गुप्तमा रहेको यो रहस्य अब उहाँका सन्तहरूलाई प्रकट गरिएको छ। परमेश्वरले यो रहस्यको महिमाको धन के हो, सो थाहा दिन, उनीहरूलाई चुन्नु भयो। ती मानिसहरूको बिचमा यसलाई प्रकट गरियो जो यहूदीहरू थिएनन्। अव त्यो मूल्यवान महिमा यो होः येशू ख्रीष्ट तिमीहरूमा। उहाँ नै तिमीहरूको महिमाको हो।" कलस्सी १:२६,२७।

परमेश्वरको अलौकिक तथा तेजस्वी महिमा देखाउन मोसाले उहाँसँग अनुरोध गरे। तब परमेश्वरले उनलाई उहाँको चरित्र अर्थात् स्वभावलाई प्रकट गरिदिनुभयो। ती थिएः करुणामय, दयालु तथा सदासयी, धिरजी, अति असल र सत्यवादी (प्रस्थान ३४:६)।

"हामीहरूका चेहरालाई कुनै घुम्टोले छोपेको छैन (अर्थात् धर्मको मुकुण्डो लगाएर तिमीहरूकहाँ आएका छैनौं)। हामी सबैले तिमीहरूको सामु परमेश्वरको तेजस्वीमय महिमालाई प्रदर्शन गरेका छौं। हामीमा धेरै धेरै महिमा होस् भनेर उहाँले हामीलाई उहाँ जस्तै हुन परिवर्तन गरिदिनुभएको छ। र यो महिमा परमेश्वरबाट आउँछ, जो पवित्र आत्मा हुनुहुन्छ।" )२ कोरन्थी ३:१८)।

"जुन पापीहरूलाई येशूले उद्धार गर्नुभयो, तिनीहरूले ख्रीष्टलाई विश्वास गरेर आस्थालाई पाउन सकिन्छ। त्यो आस्था प्रेमबाट परिचालित हुन्छ र त्यसले भक्तलाई सबै पापबाट शुद्ध गराउँछन्। अनि त्यस येशूभक्त जो उहाँको निष्ठा र आस्थामा रहन्छ, उसको जीवनमा येशूको स्वभाव देखिन थाल्छ। जब हामी येशूको दर्शनमा हिँड्छौं र उहाँलाई हाम्रो जीवनमा अनुभव गर्दछौं तब हामी झन झन उहाँको रूपमा बदलिन्दै जानेछौं। अनि उहाँको महिमामा हामी पनि बढ्दै जानेछौं र उहाँको

चरित्रलाई झन झन हाम्रो चरित्रमा समावेश गर्दै हामी उहाँ जस्तै हुनेछौं। यस प्रक्रियामा रहँदा असल फल फलाउँछौं। परमेश्वरको जस्तो चरित्र झन झन गरेर बिकसित हुँदै जान्छ। इमान्दारी, शुद्ध तथा निष्चल चरित्र र सत्य दयाभावलाई त्यस भक्तले देखाउनेछन्।" एलेन जी ह्वाईट, *माई लाइफ टुडे*, पृ. ५४बाट रूपान्तरित।

## १. पहिला परमेश्वरको राज्यलाई खोज वा चाहना गर (मत्ती १६:२६)

प्रायजसो हाम्रो प्रार्थना के हौंलाको सट्टा के पाऔंलामा केन्द्रित भएको हुन्छ। आफ्नै प्रार्थना वा अरूले गरेको प्रार्थनाको बारेमा सोच्नुहोस्। तपाईंको प्रार्थनमा असल थोक त होला र त्यस प्रार्थनाको उद्देष्य राम्रै होला। तर ती प्रार्थनालाई हेर्दा कुन समूहमा पर्छ होला, बिचार गर्नुहोस्ः मैले के पाऔंला कि म के हौला? देहायका दुई पदहरूले हामीले गरेको यस खालको प्रार्थना किन गर्छौं भनेर जानकारी गराउँछन्ः-

"तर परमेश्वरको राज्यलाई पहिला स्थान देऊ। उहाँले के गरेको चाहनुहुन्छ त्यहि गर। अनि यी सबै थोक तिमीहरूलाई दिइनेछन्।" मत्ती ६:३३। परमेश्वरको राज्यको पहिलो खोजी गर भनेर येशूले भन्नुभएको अर्थ के हो? त्यसलाई किन खोज्ने पहिला वा त्यसको चाहना गर्ने? पढ्नुहोस् मत्ती १६:२६।

रोमी १४:१७ले परमेश्वरको राज्य के हो भनेर हामीलाई बुझाउँछन?

येशूद्वारा पवित्र तथा धार्मिक जीवन बिताउँदा पवित्र आत्माको फल शान्ति र आनन्द फलाउँछौं। यस कुरामा ध्यान दिनुहोस्। त्यसकारण हाम्रो जीवनमा अरू कुनै चिजको चाहना गर्नु भन्दा वा खोज्नु भन्दा पहिले पवित्र आत्माको फलको खोजी वा चाहना गर्नुपर्दछ। त्यसपछि संसारले दिने सबै थोक हामीले पाउनेछौं। तर यदि हामीमा धार्मिकता, शान्ति र आनन्द छैन भने संसारले दिने सबै थोकको मतलब कस्तो हुन्छ? के संसारले दिने चिजहरूलाई तपाँईले आनन्द तथा शान्तिसाथ उपभोग गर्न सक्नुहुन्छ?

कसैले तपाईंलाई सोध्यो, "यसको अर्थ के मेरो अथक तथा असल प्रयासमा येशूले चासो राख्नु हुन्न र?" पवित्र आत्माको फल पहिला खोज वा चाहना गर भनेर येशूले दिनुभएको निर्देशनलाई ध्यानमा राखेर त्यस

मानिसको जिज्ञासालाई तपाईंले कस्तो जवाफ दिनुहुन्छ?

एक जना चिन्तित आमाले पाष्टरलाई अनुरोध गरिन्, "पाष्टर बाबु मेरो छोराको निम्ति प्रार्थना गरिदिनुहोस्। उसले येशूमाथिको विश्वास र आस्था गुमायो। ऊ कामबाट निकालियो। उसले काम पाउन् भनेर प्रार्थना गरिदिनुहोस् न।" के यस आमाले आफ्नो छोराको निम्ति परमेश्वरको राज्य र उहाँको धार्मिकता पहिला खोजी गरेको देखाउँछ र? याद गर्नुहोस्, येशूभक्तको जीवनमा सबभन्दा महत्वपूर्ण कुरा के पाऔँला नभएर के हौँला हुनुपर्दछ। आफ्नो छोराको निम्ति त्यस आमाको प्रार्थना के हुनुपर्दथ्यो?

तपाईंको दैनिक जीवन र प्रार्थना कस्तो छ? के तपाईंको चाहना परमेश्वरले पूरा गरिदिउन भनी चाहनुहुन्छ कि परमेश्वरको इच्छा अनुसार तपाईं के हुनुपर्दछ भनेर चाहना गर्नु? तपाईंको जवाफले तपाईंको बारेमा के भन्छ?

## २. पवित्र आत्माको अरू फल (गलाती ५:२२:२३)

इसाई चरित्रमा हुनुपर्ने पवित्र आत्माको फलका शूची केवल गलाती ५:२२,२३ र एफिसी ५:९लेमात्र दिएका छैनन्। धेरै अरू फल १ तिमोथी ६:११, २ तिमोथी ३:१० र २ पत्रुस १:५-७मा उल्लेख गरेकाछन्। तिनीहरूमा धेरै अरू गुणहरू पनि जोडिएकाछन्। तिनीहरूमा ईस्वरीय स्वभाव, शुद्ध, निष्कलङ्क, पवित्र र आत्मज्ञानको बिकास आदि हुन्। १ कोरन्थी १३:४-८मा पनि प्रेमको बारेमा वर्णन गरेर त्यसको स्वभाव के हो वा होइन भनेर शुची प्रस्तुत गरेका छन्। उदाहरणमा प्रेमले के होइन भनेर वाख्या गर्दै पावलले भन्दछन्: "प्रेमले अरूको चिजलाई आफ्नो बनाउन चाहना गर्दैन। प्रेमले शेखी गर्दैन। प्रेम अहँकारले फुल्दैन। प्रेमले अरूलाई अशिष्ट वा अभद्र व्यवहार गर्दैन। आफ्नो सर्वोच्चतालाई कायम गर्न प्रेमले अरूको इच्छालाई लत्याउँदैन। प्रेम सजिलैसँग रिसाउँदैन वा झोकिन्दैन। यसले अरूको गल्तीको लेखा जोखा राख्दैन।"

येशूभक्तको स्वभावमा हुनुपर्ने पवित्र आत्माका फलका शूची केवल एउटा मात्र छन् भन्न सकिन्दैन भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ। येशूलाई झल्काउने धेरै स्वभावहरू वा आचरणहरू इसाई चरित्रमा हुनुपर्दछ भन्ने कुरामा कसैको दुईमत छैन। पाठकवर्गको विशेष आवश्यकताहरूलाई

ध्यानमा राखेर प्रेरितहरूले इसाईमा हुनुपर्ने पवित्र आत्माको फललाई शूची बनाएर प्रस्तुत गरेको हामी पाउँछौं। जब पावल प्रेरितले गलातीका विश्वासीहरूलाई लक्षित गरेर लेखे, तब त्यस स्थानका विश्वासीहरूका विशेष आवश्यकता के थिए त्यसलाई उल्लेख गरेर लेखेका थिए।

त्यसरी नै १ तिमोथी ६:११मा ईश्वरीय स्वभावको फल औंल्याइएको छ। प्रारम्भिक भाषामा मानिसमा हुनुपर्ने ईश्वरिय स्वभाव वा धर्मपरायणताको अर्थ परमेश्वरप्रति श्रद्धा, आदर र स्वच्छ भक्ती देखाउनु हो। रोमी ५:४,५ले येशूभक्तमा हुनुपर्ने अर्को तत्व आशा हो भनेर उल्लेख गरेका छन्। इसाई चरित्रमा आशाको भूमिका कस्तो हुन्छ? जे गरेतापनि, जे भनेतापनि यदि आशा भएन भने हाम्रो इसाई विश्वास वा आस्थाको कुनै काम छैन।

२ पत्रुस १:५-७मा पनि असल चरित्रमा हुनुपर्ने गुणहरूको शूची छ। ती शूचीमा सदाचार, सदगुण वा नैतिकवान् पत्रुसले उल्लेख गरेका छन्। पावलले गलाती ५:२२,२३मा यसलाई उल्लेख गरेको पाउँदैनौं। यो सदगुणलाई भलाई, नम्रशीलता वा सन्तुलित आचरण र शुद्धसँग गाँसिएको छ। इसाई जीवनमा वा स्वभावमा नैतिकताले किन अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछ? दश आज्ञाको सातौं आज्ञासँग यो कसरी जोडिएको छ?

फेरि पत्रुसले २ पत्रुस १:५,६ मा इसाई चरित्रमा हुनुपर्ने ज्ञानलाई पनि समावेश गरिएको छ। युनानी अर्थात् ग्रीक भाषामा प्रयोग गरिएको त्यस *gnosis* (नोशिस)को अर्थ सामान्य ज्ञान र बोधशक्ति वा समझदार हुन्। पवित्र आत्माले भरिएको मानिसमा यी सबै फलहरूले सुशोभित हुन्छन्। यद्यपि ज्ञान वा बौद्धिक चेतनाले इसाई जीवनमा के भूमिका खेल्दछ? त्यसको किन आवश्यक छ? नैतिक विषयहरूलाई थाहा पाउने बरदानलाई उपयोग गर्न ज्ञानको भूमिका कस्तो हुन्छ?

हो, पत्रुसले आफ्नो शूचीमा पवित्र आत्माको फल भनेर किटानी गरेक छैनन्। तर यथार्थतमा पत्रुसले औंल्याएका येशूभक्तमा हुनुपर्ने ती गुणहरू पनि पवित्र आत्माकै फल हुन्। किनभने यदि हामी येशूका

अनुयायी हौं भनेर देखाउन चाहन्छौं भने ती गुणहरूलाई हाम्रो स्वभावबाट देखाउनुपर्दछ।

तपाईंको जीवनबाट यस बुँदामा उल्लेख गरिएका येशूभक्तका गुणहरूलाई कसरी देखाइरहनुभएको छ? तर कतिपटक त तपाईं सर्वगुणले सम्पन्न नभएको व्यक्ति भएको महशुस हुँदा निराशको बादलले छोपेको अनुभव गर्नुभएको होला। तैपनि तपाईंमा हुनुपर्ने एक महत्वपूर्ण आशा के हो त? तपाईंको केवल एक आश्रयस्थल के हो? त्यहाँ तपाईंले के पाउनुहुन्छ।

## ३, विश्वासमा अथक प्रयास तथा लगनशीलता (रोमी ३:२०-२६)

पवित्र आत्माको फल हाम्रो जीवनमा कसरी राम्रोसँग बढिरहेका छन् भनेर अघिल्लो बुँदामा चर्चा गरिएको थियो। हामीमा भएका ती फल बढाउने अदभूत काम परमेश्वरको महिमा र आदरको निम्ति हामीलाई सुम्पिएको छ। निसन्देहः येशूलाई पछ्याउन चाहने व्यक्तिमा ती सबै असल गुणहरू हुनुपर्नेमा, कति नहुँदा त सजिलैसँग निराश हुनसक्छ। आखिरमा के हामीले फलाइरहेको फलभन्दा अझ बढि फल फलाउनु पर्ने होइन त?

त्यो प्रश्न उत्तम प्रश्न हो। यस प्रश्नको बारेमा हामी सबैले गम्भिर रूपमा सोच्नु आवश्यक छ। “तिमीहरू विश्वासमा जिइरहेका छौं कि छैन भनेर थाहा पाउन आफूले आफैलाई जाँच र मूल्याङ्कन गर।" २ कोरन्थी १३:५)। यस वर्तमान संसारमा कसरी जीवन बिताइरहेका छौं र परमेश्वरको निम्ति कस्तो किसिमका साछि हामीले बोकिरहेका छौं भनेर थाहा पाउन आत्मआलोचना गर्नु आवश्यक छ।

तर आत्मआलोचना गर्दा हामी धेरै सचेत हुनुपर्दछ नत्र भने हाम्रो आत्मिक जीवनलाई जोखिममा पार्न सक्दछौं। हाम्रो उदाहरण वा नमूना येशू हुनुहुन्छ। यो हामी इसाई भएकोले दावी गर्न सक्दछौं। तर याद गर्नुहोस्, यस संसारमा जन्मिने सबै मानव जातिमा उहाँमात्र पापरहित हुनुहुन्थ्यो। त्यसकारण उहाँको आदर्शमा चल्न हामी उहाँलाई दाँजेर हिंडदा हतोत्साह हुन अश्वाभाविक मान्नुहुन्न। हामीहरूको कमजोरी र पापमय स्वभावलाई उहाँको पापरहित र शिद्धसँग दाँज्दा इसाई हुन सक्दैनौं भनेर पछि हट्न सजिलै छ। निष्खोट वा शिद्ध दश आज्ञा वा विधि पालन गर्न ती

हामीसँग छन् र कसको आदर्शमा चल्ने भनेर हेर्न शिद्ध मुक्तिदाता पनि हुनुहुन्छ। जब हामी उहाँको भक्त हुने निर्णय गर्छौं तब प्रायजसो ती विधि अनुसार चल्न र मुक्तिदाताको आदर्शमा चल्न चाहन्छौं तर कतिपय समयमा हाम्रो कमजोरीको कारण त्यस अनुसार चल्न असफल हुन्छौं। हामीमा हुनुपर्ने आत्मिक फलको बिकासको अनुभवको अभावमा र कतिपय कमजोरीको कारण पापमा फस्दा हामी सजिलैसँग इसाई जीवनमा निराश हुन्छौं। र आ, यो धर्मलाई छौंडौं भन्ने भावनाले पनि कतिपयलाई लागेको हुन्छ र त्यसमा फसिरहेको पनि हामी पाउँछौं। हामीले यो पनि सोच्न सक्दछौं, “म येशू जस्तै हिंड्न सक्दिन। उहाँको आदर्शमा हिंड्न नसक्ने भएकोले किन उहाँको पछि लाग्न कोशिष गर्ने? छोडिदेऔं, क्रिस्टियन हुन।"

यहि परिस्थितिमा मुक्ति भनेको येशूमाथिको आस्थाले मात्र पाउँछौं भन्ने शिद्धान्तलाई हामीले स्पष्ट रूपमा बुझ्नुपर्दछ। हाम्रो मोक्षको श्रोत कहाँ छ सो बुझ्नु पर्दछ, र येशूले हाम्रो निम्ति क्रुसमा के गर्नुभयो त्यसको आत्मज्ञान पनि हुनु अनिवार्य छ।

मुक्तिको बारेमा रोमी ३:२०-२६ले के भन्छ? हामीलाई निराशको बादलले ढाकेको बेला र हाम्रो कमजोरीपनाले गर्दा पवित्र आत्माको फललाई राम्रोसँग फलाउन नसकेको बेलामा पावलको उपरोक्त सत्यलाई आत्मसात् गर्न किन जरुरी छ?

जतिसुकै इसाई जीवन बिताउन गम्भिर हुन्छौं र आफू तथा पापसँग संघर्ष गर्दछौं, हाम्रो त्याग र तपस्याले होइन बरू येशूलाई ग्रहण गर्दा र उहाँको धार्मिकतालाई स्विकार गर्दामात्र परमेश्वरले हामीलाई ग्रहण गर्नुहुन्छ भन्ने तथ्यलाई हरदम सम्झनु अत्यावश्यक छ। हाम्रो लागि उहाँले नै धार्मिक कार्य सम्पन्न गर्नुभयो र त्यसलाई विश्वासद्वारा हामीले ग्रहण गर्दा हामीपनि धर्मी मानिस ठहर्छौं भन्ने प्रावधान येशूले बनाउनुभएको थियो। मुक्तिको श्रोत हामी होइन तर येशू हो भन्ने जानकारी भएको कारणले जतिपनि निराशको भुमरीमा हामी परेतापनि, हामीले पकडी राखेको आस्था र विश्वास कहिलै पनि त्याग्दैनौं। यदि हाम्रो मुक्ति हामीमा नभएर येशूमै सुरक्षित भएको थाहापाएपछि हाम्रो आस्थालाई किन त्याग्ने?

## ४, संसारबाट आउने चुनौती (१ यूहन्ना २:१५)

यूहन्नाले आफ्नो पत्रमा लेखेको छः "संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर (पकडी नराख)। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकी संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।" (१ युहन्ना २:१५-१७)। यसको अर्थ, के संसारलाई माया गर्नेलाई परमेश्वरले निको मान्नुहुन्न भन्न खोजेको हो त? वा जसले संसारलाई माया गर्छ त्यसले परमेश्वरलाई माया गर्दैन भन्न खोजेको हो? यसको बारेमा चर्चापरिचर्चा गर्नुहोस्।

" कतिपय समयमा पवित्र हुन र स्वर्गको वातावरणमा समावेश हुन हाम्रो आत्माले अत्यन्त चाहना गरेको हुन्छ। परमेश्वरको आत्माको अगुवाईको आवाजलाई सुन्न हामी संसारको हल्लाखल्लाबाट अलग हुन समय त निकाल्नै पर्दछ। यदि मौकामा उहाँको आवाजलाई सुन्न मौका दिँदैनौं भने अनन्त जीवनको अवमूल्यन हुँदै जान्छ र यस संसारका थोकहरूले सर्वोच्च स्थान ओगटिन थाल्दछ। जब संसारका काँडाहरूले हामीलाई छोप्न मौका दिंन्छौं र त्यसमा रमाउँछौं तब परमेश्वरको वचनलाई हृदयमा विझाउन असंभव नै हुन्छ। यसको फलस्वरूप, हाम्रो जीवनमा पवित्र आत्माको फललाई फस्टाउन दिन पनि संभप ह हुँदैन।"- एलेन जी ह्वाईट, *काइष्ट अवजेक्ट लेसनस्,* पृ. ५१बाट रूपान्तरित।

विधिविधानलाई पालन गरेर, संस्कारलाई होशियारसाथ पालन गरेर वा धार्मिक नियममा कट्टर बनेर मुक्ति पाउँछौं भन्ने धारणबाट हामी जोगिन अत्यन्त आवश्यक छ। अरूको देखासिकिमा हिंड्न खोज्नु पनि खतरा नै छ। बाइबलको समयमा इस्रायलीहरूले आफ्ना छिमेकी राष्ट्रहरू जस्तो हुन प्रयास गर्दा तिनीहरू आस्थामा चिप्लेर गएका थिए। संसारको माया र मोहलाई सर्वोच्च मान्दा परमेश्वरको प्रेमलाई हृदयमा गाभिन असम्भव छ भनेर १ यूहन्ना २:१५-१७मा स्पष्ट पारिएको छ। यस संसारमा सुसमाचारिय काम गर्न वढो सावधानी अपनाउनु पर्दछ। परमेश्वरको

नाउँमा कार्यरत हुँदा हामी संसारको दवाव र प्रभावमा फस्नु हुँदैन। तर कतिपय मानिसहरू परमेश्वरको नाउँमा संसारले आफूलाई बढार्न दिएको हामी पाउँछौं।

परमेश्वरप्रतिको प्रेमलाई हाम्रो संसारप्रतिको प्रेमले ओझेलोमा पारेको छ भने हामीले कसरी थाहा पाउने? हामी यस संसारमा रहँदा परमेश्वरको मायाबाट नतर्किन के कुराहरूमा सचेत हुनुपर्दछ?

परमेश्वरलाई भन्दा संसारलाई बढि प्रेम गर्दा कस्तो खतरा हुन्छ भनेर याकूबले उल्लेख गरेका छन्। उसले भन्दछः “हे व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ।" (याकूब ४:४)। संसारमा हराएका चर्चका सदस्यहरूलाई व्यभिचारीको संज्ञा याकूबले दिएको अर्थ के हो? यसै सन्दर्भमा यूहन्नाले १ यूहन्ना २:१५मा व्यक्त गरेको कुरालाई पनि सम्झनु पर्दछ। हामीले दुईटमा एउटालाई चुन्नु पर्दछः परमेश्वर वा संसार।

संसारलाई प्रेम नगर भनेर हामीलाई संसारलाई त्यागेर गुफा वा कुनै गुम्वामा लुकेर बस भनेर बाइबल भनेको हामी पाउँदैनौं। त्यसकारण हामी संसारकै सेरोफेरोमा छौं। यद्यपि, संसारको कुन पक्षसँग तपाईं सँघर्ष गरिरहनुभएको छ? संसारका के कुराहरूले तपाईंलाई फसाइरहेका छन्? कसरी तपाईं विश्वासको लडाईं लड्न सिक्नुहुन्छ जसले गर्दा आत्मालाई संतुष्ट नपार्ने तत्वहरूले तपाईंलाई बढारेर लान नदिन सुरक्षितसाथ बस्न सक्नुहुन्छ? नत्र भने क्षणिक तथा अनित्य संतोषको पासोमा पार्दा तपाईंको उपलव्धीमूलक जीवन अन्तमा नाश हुनसक्छ?

## ५, पवित्र आत्माको हाम्रो जीवनमा कसरी फस्टाउन वा उमार्न दिने (युहन्ना १५:८)

जब हामीले कुनै बिउ रोप्छौं त्यसलाई हामी आफैले ठूलो गरी उमार्न सक्दैनौं। तर हामीले त्यस बिउलाई फस्टाउन वा हुर्काउन वातारण तयार गर्नसक्दछौं। जमिनमा रोपिएको बिउलाई हुर्काउन मलिलो माटो, मलजल आदि दिएर स्याहार गरि हुर्कायौं भने त्यो बिउ बढेर फल दिन

सक्दछ। पवित्र आत्माले भरिएको जीवन पनि त्यस्तै हो। जब मानिसले येशूलाई ग्रहण गर्दछ तब त्यसले पवित्र आत्मालाई उसको जीवनमा रोप्न दिएको हुन्छ। यथार्थमा भन्ने हो भने, विश्वासीको जीवनमा पवित्र आत्मा कसरी मौलाउँछ वा फस्टाउँछ भन्ने कुरालाई ख्याल गर्दा यो अत्यन्त रहस्यमय हुन आउँछन्। तर हाम्रो जीवनमा पवित्र आत्माको सत वा गुणलाई बढ्न दिन के गर्नुपर्छ भनेर बाइबलले स्पष्ट रूपमा निर्देशन दिएको छ। ती निर्देशन अनुसार चल्यौं भने पवित्र आत्माको फलको बिकास गर्न प्रोत्साहित हुनेछन्। अनि हामी परम पिता परमेश्वरको महिमाको निम्ति धेरै धेरै फल फलाओस् भन्ने येशूको इच्छालाई पूरा गर्न सक्दछौं (यूहन्ना १५:८)।

पवित्र आत्माको फल कसरी बढ्न वा हुर्कन दिने भन्ने आत्मज्ञान देहायका केहि सुझावहरूले प्रस्तुत गर्दछन्:

१. परमेश्वरको वचनलाई लगनशीलतापूर्वक अध्ययनः बाइबल अध्ययन गर्दा हामीलाई कस्तो लाभ हुन्छ भनेर २ तिमोथी ३:१६मा पावलले छर्लङ्ग पारेक छन्। कस्तो आत्मज्ञानले भरिएको जीवन बिताउन बाइबलले मद्दत गर्दछ, के तपाईंले सोच्नुभएको छ? हेर्नुहोस्: २ तिमोथी ३:१७ र भजन ११९:१०५।जानजानी बाइबल नपढ्ने मानिस आत्मिक कुपोषणले ग्रस्त भएको र अनि विस्तारै परमेश्वरप्रतिको चासो सेलाएर गएको तपाईंलाई थाहा छ?

२, प्रार्थनाद्वाराः "प्रार्थना भनेको आत्माको सास हो। यो अध्यात्मिक जीवनको रहस्य हो। प्रार्थनाले आत्मिक स्वास्थ्यलाई सुरक्षा गर्दछ। हृदयलाई परमेश्वरसँग नजिक राख्न प्रार्थना गर्नुपर्दछ। प्रार्थनाले हाम्रो अध्यात्मिक अनुभवका माँशपेशी र स्नायुहरूलाई शक्तिशाली बनाउँछन्। यदि तपाईंले नियमित रूपमा प्रार्थना गर्न छोड्नुभयो भने परमेश्वरमा तपाईंको पकड खुस्किन्दै जानेछ। आत्मिक संवन्ध कमजोर हुँदै जान्छ, आत्मिक जीवन अस्वस्थ हुन्छ र हामीले उत्साहित भएर परमेश्वरको साथमा हिँड्ने सङ्कल्प ऱ्हास वा नाशिएर जान्छ।"-एलेन जी ह्वाईट, *गस्पल वर्करस्,* पृष्ठ २५४, २५५बाट रूपान्तरित।

३, सहि तथा उच्च बिचारहरू गरेरः “अन्तमा मेरो प्रिय भाई र बहिनीहरू, जे कुरा सत्य छ त्यसकै सोचमा रहनु। जे कुरा उत्कृष्ट वा प्रशंसनीय छ, उचित वा सहि छ र शुद्ध छ, तिनीहरूलाई हृदयमा गाँसिराख्नु। जुन कुरो सुन्दर, राम्रो, स्नेहशील र आदरणीय छन् तिनीहरूको बारेमा सोच्नु। हरेक चिज जुन सर्वश्रेष्ठ र प्रशंसाको योग्य छ, यस्ता कुराहरूमा ध्यान देऊ।" फिलोमन ४:८। शुद्ध, आदरणीय, सर्वश्रेष्ठ र सहि बिचारले हाम्रो दिमागलाई कसरी पोषण गरि राख्ने?

४. येशूभक्तको जीवनलाई अरूको अगाडि नलुकाइ साक्षी बक्नेः एक दिन येशू र चेलाहरू इस्रायलको पारी देश गेनसरेत भन्ने ठाँउमा डुँगा चढेर जानुभएको थियो। डुँगा समुद्रको किनारामा पुग्ने बित्तिक्कै एउटा बौलाह मानिस जो शैतानको आत्माले ग्रस्त भएको थियो दौडेर आयो र मानौं उनीहरूलाई चिथोर्न तम्स्यो। तर त्यस मानिसमा भएका शैतानको आत्माले येशूलाई चिने र उहाँको अगाडि लाचार भए। उसकै अनुरोधमा उसमा भएका शैतानका आत्मा वा शक्तिहरू सुँगुरमा पसे। अनि ती सुङ्गुरहरू समुद्रमा हाम्फालेर मरे। सुङ्गुर चराउने मानिसहरूले भयभित भएर त्यस भेगका जनताहरूलाई एकत्रित गरेर ल्याए। तिनीहरूले येशूलाई भन्दा सुङ्गरहरूलाई बढि प्यार भएकोले उहाँलाई फर्केर जानु भनेर अनुरोध गरे। उहाँसँग जान त्यस शैतानले मुक्तभएको मानिसले बिन्ति गरे। तर येशू उसको अनुरोधलाई सुन्नुभएन। बरू भन्नुभयो, “ आफ्नो घरमा फर्केर जाऊ, र परमेश्वरले तिमीलाई के गर्नुभयो त्यसको बारेमा अरूलाई बताऊ।" (मर्कूस ५:१८-२०)। केवल उसको गवाहीले गर्दा जब येशू फेरि फर्कनुभयो, सारा जनलहर येशूलाई भेट्न उल्टेर आयो। अरूलाई येशूको बारेमा भनेर हाम्रो जीवनमा पवित्र आत्मालाई कसरी मौलाउन वा बृद्धि गराउँछौं?

याद गर्नुहोस्, पवित्र आत्माको फल हाम्रो अनुमति बिना हाम्रो जीवनमा बिकसित हुँदैन। तपाईंको आफ्नै रोजाइले तपाईंको भविष्य निर्धारण हुन्छ। तपाईंको जीवनशैली, मित्रता अथवा जुन कुरा र जे पनिमा कसरी परिवर्तन ल्याउनुपर्दछ जसले गर्दा तपाईंको आत्मिक जीवन अझ राम्रोसँग बिकसित हुनसक्छ?

**उपसंहारः**

थप जानकारीः "हाम्रो मनमस्तिष्कमा महान र शुद्ध बिचारहरूले भरियुन भनेर परमेश्वरले भन्नुभएको छ। मुक्तिको महान परियोजनामा भएका परमेश्वरका महान् र अदभूत कामहरूलाई अध्ययन गरेर उहाँको प्रेम र दयाको चिन्तन हामी गरुन भनेर उहाँको चाहना छ। यो प्रक्रिया अपनायौं भने सत्यलाई बिस्तारै बिस्तारै बुझ्न जानेछौं र त्यसबारे स्पष्ट हुनेछौ। शुद्ध हृदय र निर्मल तथा शुद्ध बिचारको चाहना गर्नु हाम्रो पवित्र र महान् लक्ष्य हुनुपर्दछ। जो मानिस पवित्र बाइबल अध्ययन गरेर परमेश्वरसँग घनिष्ट सम्वन्ध राख्दछ, त्यो मानिस पवित्र बिचारको शुद्ध वातावरणमा रहन्छ र उसका बिचारहरू पनि परमेश्वरको इच्छा अनुसार बदलेर जान्छन् ।

" 'र फल फलाउँछन्।' जसले परमेश्वरको वचनलाई सुन्छन् र पालन गर्छन्, ऊ त्यसको अनुशासनमा रहन्छ र पवित्र आत्माको फललाई फलाउँछन्। जुन आत्माले परमेश्वरको वचनलाई हृदयदेखि ग्रहण गर्दछ, त्यसले सहि र असल कामद्वारा उनी येशूभक्त हो भनेर देखाउँछ। पवित्र आत्माले अभिप्रेरित भएको मानिसको जीवन र चरित्रले येशूको प्रतिबिम्ब गर्दछ। येशू आफ्नो बारेमा भन्नुभएको थियो, 'मेरा परमेश्वर, तपाईंको इच्छा पालन गर्न म आएको हुँ। तपाईंको बिधि वा आज्ञा मेरो हृदयमा छ।' भजन ४०:८। 'म आफैले केहि पनि गर्न सक्दिन। मैले जे सुनेको छु त्यसैको न्याय गर्दछु। मेरो न्याय सहि र उचित छन्। म आफूखुशीले हिंड्न र मैले जे चाहेको छु मलाई खुशी पार्ने काममा म लागेको छुइन। तर जसले मलाई पठाउनुभयो, उहाँलाई नै खुशी पार्न प्रयास गरेको छु।' युहन्ना ५:३०। र बाइबलले भन्दछ, "जो मानिस येशूमा रहेको छ भनेर दावी गर्दछ, त्यो मानिसले उहाँ जस्तै जीउनुपर्दछ।' १ यूहन्ना २:६।"- एलेन जी ह्वाईट, *क्राइष्ट अबजेक्ट लेशनस्,* पृ. ६०बाट रूपान्तरित।

**चिन्तनमननः**

१. सारा संसारमा तिन स्वर्गदूतहरूका सन्देश सुनाउनु प्रत्येक चर्च समुदायको धर्म हो। तर कतिपय समयमा हामी रहेको विविध वातावरणले गर्दा हाम्रो काममा कठिन भएको अनुभव गरेका छौं। ती

वातावरणको संस्कार र संस्कृतिसँग सामना गर्दै हाम्रो सन्देशलाई कसरी अर्थमूलक बनाउने भन्ने उपायहरू खोज्न प्रायजसो अत्यन्त प्रयत्नशील हुन्छौं। संसारको वातावरणमा भिजेर इसाई सन्देश सुनाउन खोज्दा के खतराहरू हामीले सामना गर्दछौं, त्यसलाई ध्यान दिनुभएको छ? यो प्रक्रिया अपनाउँदा चर्च नै प्रायजसो संसारको बाटोमा जान परिवर्तन भएको इसाई इतिहासले बताउँछन्। र अनि संसार चर्चको अवधारणामा समावेश नभएकोपनि पाउँछौं। हामी सेभेन्थ डे एडभेन्टिस्ट भएको हैशियतले यस बारे हामी के भन्छौं? हामी संसारको बाटोमा हिंडेका छैनौं र हामीलाई हिंडाउन सक्दैन भनेर ढुक्क भएर बस्दा हामीले आफूले आफैलाई त छकाइरहेका छैनौं र? हामी संसारको बाटोमा हिंडिरहेकाछौं भन्ने प्रमाण केहि छ? यदि छ भने त्यसलाई परिवर्तन गर्न हामीले के गर्नुपर्दछ?

२. तपाईं एक्काइसौं सताव्दिमा रहनुभएको छ। तपाईं विविध संस्कार र संस्कृतिमा हुर्किरहनुभएको छ। पवित्र आत्माको फललाई मौलाउन (बिकास) दिन के महान चुनौतिहरू खपिरहनुभएको छ? तपाईं रहेको संस्कार, चालचलन वा संस्कृतिको कुन भागसँग निष्ठावान भएर त्यसको सामना गरिरहनु भएको छ?

३. पवित्र आत्माको फलको सम्पूर्ण प्रश्नहरूमा ध्यान दिन र चरित्र विज्ञानको बिकास गर्न येशूको क्रुसलाई मध्यनजर राख्नु किन अत्यावश्यक छ? हाम्रो इसाई चरित्र विज्ञानको बिकास गर्न क्रुसको अपरिहार्य भूमिका के हुनसक्छ? क्रुसको ज्ञान बिना येशूभक्त किन गुणस्तरको हुनसक्दैन? निचोडमा भन्ने हो भने क्रुसबिना केको लागि पवित्र आत्माको फल फलाउने?

४. हाम्रो चरित्र विज्ञानको उचित विकास र असल कामले गर्दा परमेश्वरको महिमा किन हुन्छ? उपरोक्त दुई तत्वहरूको लक्ष्य के हो त?